प्राचीन नेपाल

पुरातत्व विभागको मुखपत्र

ANCIENT NEPAL

Journal of the Department of Archaeology

संख्या २७
वैशाख २०३१

Number 27
April 1974

सम्पादक
रमेशजङ्ग थापा

Edited by
Ramesh Jung Thapa

प्रकाशक
श्री ५ को सरकार
शिक्षा मन्त्रालय, पुरातत्व विभाग
काठमाडौं, नेपाल

Published by
The Department of Archaeology
His Majesty's Government
Kathmandu, Nepal

प्राप्तिस्थान:–
साझा प्रकाशन
पुलचोक, ललितपुर

To be had of:-
Sajha Prakashan
Pulchok Lalitpur

मूल्य रु. ५।–

Price Rs. 5/–

Printed at Matribhoomi Press, Ghantaghar

प्राचीन नेपाल
सङ्ख्या २७
वैशाख २०३१

Ancient Nepal
Number 27
APril 1974

सम्पादक
रमेशजङ्ग थापा

Editor
Ramesh Jung Thapa

सहायक सम्पादक
रामचन्द्र ढुङ्गाना

Assistant Editor
Ram Chandra Dhungana

Prachin Nepal
Downloaded by - Ravi Shakya
No. 27, April 1974, Vaishakh 2031

विषय–सूची

Contents

	पृष्ठ	Page
नेपाल देशको इतिहास	१	1
ऐतिहासिक पत्रस्तम्भ	३३	33
कंकेश्वरीको गूठी व्यवस्था *श्री शंकरमान राजवंशी*	४५	45
जाजरकोटे राजा र मल्ल राजाहरूको वंशावलि *श्री विश्वनाथ भट्टराई*	४९	49
धार्मिक अभिलेख *श्री शंकरमान राजवंशी*	५६	56
कर्णाली प्रदेशका वर्मन् *श्री मोहनबहादुर मल्ल*	५७	57
Nepal *Mr. Sylvain Levi*	६३	63

नेपाल देशको इतिहास

(गताङ्कको बाँकी)

त्यस फ्रान्स देशमा मूल गल्ली सय हात चौडा र अरू गल्ली पचास हात चौडा रहेछन् । शहर, चोक, पटांगिनी र गल्लीमा ढुंगा र सडकका किनारामा ठूला ईंट छापेको छ । त्यस सडकमा लाखौं बग्गी चलेका छन् । गल्लीमा नरक, कसिगर, धूलो र हिलो कहीं देखिदैन । मैलो, नराम्रो र फाटेको लुगा लगाएको मानिस पनि शहरमा कहीं देखिदैन । शहरका बीच बीचमा ठूलठूला बघैंचाहरू, रंगी-विरंगी फूल, देशविदेशका चराचुरुंगी, मृग, भालू, बाघ, बांनर, बनेल, घोडा, गैंडा, भैंसी, भेडा, बाखा आदि जात जातका जनावरसमेतले त्यो शहर सुशोभित छ । खाने चीजमा मासु, रोटी सराब आदिका दोकान प्रशस्त छन् ।

जब रात पऱ्यो शहरवासी लोग्नेमानिस र स्वास्नीमानिसहरू आई नाचतमाशा गरेर रोटी, मासु, शराब, आदि खाई ख्यालठट्टा गर्दै बडो खुशीमा रहन्छन् । फौजहरू शहरबाहिर चारैतर्फ गढी किल्ला बनाई पांच छ कोसटाढामा रहेका छन् । यस्तो प्यारिसशहर देख्दा कैलाश हो कि भने जस्तो भान पर्दछ ।

अघि बोनापार्टले चौबीस टोपी मारी ल्याएका लडाईंका सरसामान प्रशस्त छन् । शहरका बीचमा ठूलो धरहरा छ । त्यहां चढेर हेर्दा त्यो शहर इन्द्रासन जस्तो देखिन्छ । ठाउं ठाउंमा ऐश्वर्यले युक्त भएका हावादरबार प्रशस्त छन् । त्यसमा भारदारहरू आई बस्ने एक मुख्य हवेली छ । दरबारिया बिछ्यौना, मेच, कवच, झाडबत्ती, ऐना, तस्वीर, सुनचांदीका भांडा र नानातरहका फूलदान जगा जगामा राखिएका छन् । झ्यालबाट हेर्दा एकातिर बडा बडा तलाउ र सय हातसम्म उठ्ने फोहराको तमाशा देखिन्छ । अर्कातिर ठूलो बघैंचामा बृन्दावनका लतावृक्षहरू झ्यैं अतिगाढा छहारी र जग्गामा नानातरहका हवेली बनेका छन् । त्यहांका भारदारहरू आ-आफूलाई तोकिएको काम बहुत ज्यान भिजाई गर्दछन । अर्काको निन्दा कोही गर्दैनन् । मुख्य भारदार एक हजार छन् । त्यहां बाह्र मिनिष्टरले निसाफ गरी काम तोक्दछन् । नयां काम परेमा भने ती सबै भारदारका सल्लाहले काम हुंदो रहेछ । त्यहां यस्तो हावादरबार रहेछ ।

प्यारिसशहरदेखि सत्ताईस कोस टाढामा फाठनबुल भन्ने जंगलका बीचमा ठूलो एक शहर रहेछ । त्यहां दुइ पल्टन पैदल र पच्चीस रिसल्ला भएको तुरुकसबारको छाउनी रहेछ । त्यहां सात करोड रुपियां खर्च गरी बनाएको दरबारमा तीन सय वर्षदेखि बढ्ताका बादशाहको र बादशाही फौजको जगा जगामा लडाई भएको तस्वीर तथा त्यो लडाई हेर्ने भनी आएका अप्सरा परीहरू बिमानमा बसी डुलिरहेका समेत नानातरहका चित्र तस्वीर लेखिराखेको रहेछ । नानाप्रकारका झाडबत्ती, मेच, कवच, गादी, सिंहासनसमेत जगा जगामा सफासंग राखेको रहेछ । पूजाकोठामा अहिले बोल्नन् भने जस्ता बयान गरी नसक्ने देवताहरू थिए । तीन सय वर्षअघिका पूजाका भांडा, गहना, पोशाक र बिछ्यौना थिए । त्यहां तस्वीरको फ्रेम, झाडबत्तीहरू सबै सुनका थिए । त्यहां बादशाहको टेबिल माणिक, पन्ना, हीरा, मोती र मुगा जडेको थियो । बैठकको झ्याल खोली हेर्दा दक्षिण दिशामा एक कोस गिर्दा, चारैतर्फ पत्थरको सिढी, अतिनिर्मल ठण्डा पानी, माछा र राजहंसले शोभायमान भएको ठूलो तलाउ थियो । पूर्व दिशामा हेर्दा जात जातका फलफूलले परिपूर्ण भएको बघैंचा थियो । उत्तर दिशामा हेर्दा ठूलो सफा बजारको शोभा थियो । पश्चिम दिशामा हेर्दा हजार घोडाका तुरुक सबारको जस्तो

कबायद हुन लागेको र त्यहां रमिता हेर्न बहुतै राम्रा शहरवासीहरू खजित भएका र त्यहां जाडोगर्मी बराबर भएको यस्तो सुबिस्ताको पटांगिनी रहेछ ।

त्यसै जगामा बोनापार्टले पचास लाख फौज जमाई सात टोपीको मुलुक मार्दै रुसमा जांदा रुसका बादशाहले त्यस्तो फौज देख्दैमा डराई आफ्ना फौज र दुनियां भगाएर शहर खाली गराई आगो लगाएर भाग्दा शहर सबै जलेथ्यो । त्यसै बखतमा त्यहां हिउं पर्दा बोनापार्टका लश्कर ओतमा बस्न नपाई हिउमा परेर मर्दा पचास लाख फौजमा तीन लाख बांकी रहे । त्यसै मौकामा नौ टोपी बादशाहको फौज उठी पछि लाग्यो । दैवले गर्दा बोनापार्ट हटी आफ्नो प्यारिसशहरमा फर्के । त्यहांका दुनियांहरूले "दैव विपक्ष हुंदा उहां तिम्रो त्यत्रो फौज खती भयो । अहिले नौ टोपी बादशाहको फौज पछि लागिरहेछ । त्यसले अवश्य पनि शहर उजार्नेछ । बरु फाटंगूल भन्ने शहर जंगलभित्र छ । त्यहां बस्नालाई दरबार पनि छ । तिमी त यहां गएर बस, हामी जो चाहिने मद्दत दिन्छौं" भनी संझाए । "बेश भन्ने" ठहराई बोनापार्ट फाटंगूलमा गई बसे ।

त्यसै बीचमा नौ टोपी बादशाहले मतो गरे । "यो मुलुक हाम्रो कब्जामा अवश्य हुनेछैन किनभने यहांका मानिस जमामर्द छन् । यिनलाई दैवले मारेको बखत परी नौ बादशाह लाग्दा बल्ल सर भएको छ । नौ बादशाहले मारेको मुलुक एक बादशाहले लिन पनि योग्य छैन । एक बादशाहलाई दुनियांले राख्ने पनि छैनन् । बरु बोनापार्टले धपाएका यस मुलुकका पुराना बादशाह लण्डन बेलायतमा छन् । तिनलाई ल्याई गादीमा राखौं । बोनापार्टलाई सलोबु टापूमा मैनाको एक लाखका दरले वर्षको बाह्र लाख रुपियां खर्च दिई कैद गरौं" भन्ने सल्लाह गरे । अनि नौ टोपीका बादशाह बसी "अब उप्रान्त आ–आफ्ना मुलुकमा रहून् । जुन बादशाहले अघेली गर्ला उसलाई आठ बादशाह मिली मार्नू" भन्ने धर्मपत्रको अहदनामा गरे । अनि फ्रान्सका पुराना बादशाहलाई ल्याई गादीमा राखेर बोनापार्टलाई उनका हातबाट "मेरा खुशीले गादी छोडें" भन्ने उनकै हस्ताक्षरले लेख्न लगाए । सो कागज लिएर बोनापार्टलाई एलोबु टापूमा पठाए । नौ टोपीका बादशाहहरू पनि परस्पर धर्मपत्र लिई आ–आफ्ना मुलुकमा गए ।

"यस्तो नौ टोपी बादशाहको धर्मपत्र भएको जगा हेर्न लायकको छ । हजुर पनि जानुहुन्छ कि ?" भनी बादशाहले नेपालका प्राइम्मिनिष्टरलाई साथ लगाई रेलगाडीद्वारा पठाए । त्यो फानबूम (फाटंगूल) भनेको शहर जंगलभित्र थियो । त्यहां बोनापार्टले जमामर्दी गरेको बयान सुनाउंदै तलाउ, छाउनी, किल्ला, बर्घैंचा र तुरुक सवारको कबायद आदि सबै देखाए । फेरि बग्गीमा सवारी चलाई त्यहांका साह्रा जंगल र अघिका बादशाहको कीर्ति बडो खातिरसंग एक एक गरी देखाए । अनि पांच घडीमा बतासभन्दा पनि चांडो हिंड्ने गाडीमा सवार भई फर्के । त्यहां प्रशस्त बर्घैंचा बनाई सबै दुनियांले मेवाको खेती गर्दा रहेछन् । धान नहुने हुनाले जौ र गहुंको खेती गर्दा रहेछन् । त्यस शहरभित्र खसी, बोका, केही जात पनि मार्न मा:कुम गरेको रहेछ र शहरबाहिर लगी मारेर ल्याई मासु खाने चलन रहेछ । फौज पल्टनका निति जो ऐन बांधिएको छ त्यस स्थितिमा रहेका हुनाले हुलदंगा केही छैन । पार्लियामेण्ट कचहरीबाट बादशाह, भारदार, फौज र दुनियां सबैको स्थिति भएको हुनाले दुनियां, फौज सबै खुशीमा छन् । बखत बखतमा नाचतमाशा पनि गर्छन् । दौलथदार मानिस धेरै बसेका छन् । धेरै अक्कली मानिस हुनाले ठूलठूला हिक्मतको काम गर्दछन् । सबै कुराले हेर्दा पनि प्यारिसशहर सबै कुराले उन्नति हुंदै गएको छ । यस पृथ्वीमा त्यसभन्दा असल ठाउं अर्को कुनै देखिंदैन । दरबार दश बाह्र जगामा बनेको छ । फौज पल्टन पनि सबै जगामा राखेको छ ।

त्यस शहरबाट सात कोस टाढा पर्से भन्ने जगा रहेछ । त्यहां फ्रान्सका पन्धु सय वर्ष अघिका बादशाहले एउटा दरबार बनाउन थालेका रहेछन् । त्यो अझतक बनिरहेको छ, सिद्धिएको छैन । त्यस दरबारको गिर्दा एक कोसको छ । त्यसका चारैतर्फ बडा बडा बर्घैंचा र तलाउ छन् । त्यसका बाहिर चारैतर्फ वन पालेको छ । बीचको सानो शहर नेपालको पाटन शहर जत्रो छ । चारैतर्फ सडकको जाल छ । फूलबारीमा मेवा परिपूर्ण छन् । इन्द्रपुरी जस्तो त्यहां मजबूत छाउनी किल्ला र दुई हजार सिपाहीका मालिक एक कर्णेल बसेका छन् । त्यहांका बादशाहले नेपालका प्राइम्मिनिष्टरलाई त्यो दरबार देखाई ल्याऊ भनी आफ्ना भाइ साथ लगाई पठाए । अनि रेलगाडीमा सवार भई सात कोस जगा एकै घडीमा पुगे । त्यहांका बडासाहेबहरू आई बडो खातिरसंग दरबारको ढोका खोलेर चोटा, कोठा, अटाली, नाचघर, पूजाकोठा,

ढुकुटी, भंडार आदि सर्वत्र देखाए। त्यस्तो राम्रो दरबार पृथ्वीभरमा पनि होओइन भनी धेरै मुसाफिरहरूले बयान गरेका छन्। यावत् चोटा, कोठा र बैठकमा सुनेका मोलम्बाले चित्रकारी भरेको छ। तस्बीर, झाड, बत्तीहरूको हिसाब छैन। त्यस दरबारमा कोठा र बैठक गरी दुइ सय पचास छन्। यावत् कोठा र बैठकमा अधिका बादशाहले लडाई गरेका बडा बडा तस्बीर लेखिएका छन्। बोनापार्टले सात टोपो मारेका, आफ्ना भाइ र आफूले बादशाहकी छोरी विवाह गरेको, पचास लाख फौज लिई मुलुकमा दिग्विजय गरेको समेत धेरै तस्बीर छन्। तमाशा, फौज, पल्टनहरूको तस्बीर र गढी. किल्ला, मुलुकको नक्सासमेत सबै मौजूद छ।

एक दिन प्यारिसका बादशाहले गोरखाका प्राइम्मिनिष्टरलाई "तपाईंको केही भन्ने इच्छा छ भने भन्नुहोस्" भनी सोधे। उनले "लाख फौजको परेड हेर्ने इच्छा छ" भने। अनि बादशाहले "पर्से भन्ने छाउनीमा लाख फौजको परेड देखाउनू" भन्ने हुकुम दिए। "रिपब्लिक देशमा एकै जगामा लाख फौज जम्मा भए भने फौजले जे आंट्यो त्यो हुन्छ, तसर्थ लाख फौज जम्मा गर्न हुदैन" भनी त्यहांका प्राइम्मिनिष्टर, कम्याण्डर इन चीफ र पार्लियामेण्टका भारदारहरूले विनति गरे। "उसो भए पचास पचास हजारको परेड गरी देखाउनू" भन्ने हुकुम दिए। नजीक नजीकको छाउनीका रिसल्लाको, तोप–खानाको र पैदल समेत फौज झिकाई पचास हजारको परेड पुऱ्याएर सलामी दिई कबायद देखाए। त्यो रमिता हेर्न प्यारिस शहरका बडा बडा साहेबहरू, लेडी र मेमसाहेबहरू बग्गीमा बसी आएका थिए। ती सबैले "नेपालका प्राइम्मिनिष्टर साहेब बडा उमेदका रहेछन्" भनी कौशलिया भारदार र बूढापाकाहरूले समेत आफूसमा कुरा गर्दै सलाम गरे। "देख्नालाई खूबसूरतका, बैंसका पनि जोडदार, अकलबन्त, दिलका शूरा, कुरा गर्दाका चतुर, चटाक, सबै कुरा मैले देख्नु र जान्नुपर्छ भन्ने दिलबन्त, बडा होशियार, मनासिब कामको खर्च गर्न गाह्रो नमान्ने, आफू सबैलाई दिने, तर आफू भने कसैसित नलिने, शेखी पनि भएका र आफूले बोलेको कुरा पुऱ्याउने रहेछन्। यिनको सुन्दर हेराइ, हिंडाइ, बसाइ, हंसाइ आदि सबै कुरा विचार गर्दा यिनमा हाम्रा बादशाहको स्वभाव रहेछ। यी ठूलै आदमी हुनेछन्" भनी कचहरीमा समेत कुरा गरे।

श्री प्राइम्मिनिष्टर जंगबहादुर कुवर राणाको यस सफरमा यस्ता प्रकारले जगा जगाका मानिसहरूले बहुतै बयान गरे। त्यस प्यारिस शहरमा चालीस दिन–सम मुकाम गरेपछि बादशाहसित विदा भई रेलगाडीबाट प्रस्थान गरे। पासेघाटमा अंग्रेज बादशाहले सबारीको निति जहाज तयार गरेको रहेछ। त्यस जहाजमा बसी मुम्बईतर्फ प्रस्थान गरे।

समुद्रभित्र पसेपछि जलैजल सिवाय देख्नु सुन्नु केही छैन। कहीं कहीं साना साना पाहाड देखिन्छन्। एउटा गन्धकको पाहाड देखिएको थियो, त्यो जल्न लागेको रहेछ। हिन्दूस्थानको नजीक आइपुगेपछि बल्ल चराचुरुंगीहरू देखिए। जात जातका माछा र मोतीका कीरा देखिंदा दिल केही रमाइलो भयो। त्यो सबारीको जहाज बिहानीपख मुम्बई उत्रंदा तोपको सलामी भयो। हिन्दुस्थानी मानिसहरू देख्दा आफ्ना घरका परिवारसंग भेट भए जस्तो खुशी लाग्यो। आठ दिन मुम्बईमा मुकाम गरेपछि द्वारिकानाथको दर्शन गर्न फेरि धूवांकसको जहाजमा बसी समुद्रको रस्ता गरी सबारी चल्यो। तीन दिनमा द्वारिका पुगी ठाकुरको दर्शन गरेर पण्डाहरूलाई दक्षिणा दिए। ठाकुरका नित्यपूजालाई चार हजार रुपियां अटका राखी तीन दिनमा मुम्बईतर्फ फिरे।

त्यसपछि रामनाथको दर्शन गर्न जान अंग्रेजका जहाजी कपतानसंग सल्लाह गर्दा "कोलम्बो टापूबाट गए सात आठ दिनमा पुगिन्छ। सोझो समुद्रको किनाराबाट गए पुग्न भने तीन दिनमा पुगिन्छ, तर भंवरी छ। भंवरी काट्न बडो कठिन हुन्छ" भनी अंग्रेज कपतानले विनति गरे। प्राइम्मिनिष्टरसाहेबले "भुवंरीकै बाटो जाऊ" भन्दा त्यही बाटो जहाज चल्यो। भुंवरीमा पुग्दा हावाको तूफान पनि आयो। लहरीले जहाज कहिले चढाउने र कहिले उतार्न गर्न लाग्यो। जहाजमा बस्ने अंग्रेजी कपतान र जहाजका कामदारहरू कसैको पनि शिर ठाडो राख्ने ताकत भएन। जहाजी कपतान बहुतै डराउंदा हडबडाउन लागे। काजी दिल्लीसिंह बस्नेत पनि साह्रै हडबडाए। तर प्राइम्मिनिष्टरसाहेब भने कति पनि हडबडाएनन्। दैवका निगाहले लहरी काटी तीन दिनको

बाटो एकै दिनमा कोलम्बो टापूमा पुगे। अघिका औलिया सिकन्दर बादशाहले त्यही बाटो लंका टापूमा जांदा भुंवरीमा परी पार हुन सकेनन् र फर्की त्यहां एक निशाना राखे। त्यस निशानामा लेखिएको श्लोक यस्तो छ :-

जनसमुद्र मनलहरी भवरीकी दरियाव।
भुजखण्ड सिकन्दरकी मत आव मत आव।

यस्तो निशाना राखी सिकन्दर बादशाह फर्केका रहेछन्। यो कुरा लाठसाहेबसित जाहेर गर्नुपर्ने थियो, गरिन, तसर्थ रिसानी हुन्छ भनी जहाजी कपतान साहेँ डराएका थिए। घाम उदाउने वेलामा कोलम्बो टापूमा पुगे। त्यहां गोरा पल्टन, काला पल्टन र लाठसाहेबहरू ठूलो छाउनी बनाई बसेका रहेछन्। लाठसाहेबसित भेट मुलाकात हुँदा तोपको सलामी दिए। उनीहरूले बाटाको क्षेमकुशल सोधे र सबै विस्तार गर्दा बहुतै खातिर गरे। जहाजी कपतानले समुद्रको भुंवरीको कुरा जाहेर गर्दा साहेँ रिसाई लाठसाहेवले "नेपालका प्राइम्मिनिष्टरलाई अवश्य समुद्रको रस्ता मालुम थिएन। तैंले त्यस बाटाको खबर कहिस्। बडा मानिसलाई अनौठा कुरा सुनेपछि सोही कुराको शोख हुन्छ। बेमनासिबको रस्ताबाट सवारी चलाई ल्याइछस्। कहीं बितोल परेको भए गोरखामहाराजसित हाम्रो दोस्तीमा खलबल पर्ने र हामीलाई अपयश हुने थियो" भनी रिसाए। त्यहां लाठसाहेबबाट डेरालाई असल हवेली र जाफतका सबै सरजाम तयार गरी राखेको रहेछ। थोरै बेर विश्राम गरी ईश्वरको दर्शन गर्न गए। दर्शन गरी भारी पूजाका साथै त्यहाँका पण्डाहरूलाई दक्षिणा दिई खुशी गराए। नित्यपूजालाई चार हजार रुपियां अटका पनि राखे। त्यहां एक दिन मात्र मुकाम गरी बग्गीको डांकबाट गई एक दिन गालमा विश्राम गरेर कलकत्तातर्फ रमाना भए। बाह्र दिनमा कलकत्ता पुगी त्यहाँ लाठसाहेबसित भेट मुलाकात गरे। दश दिन कलकत्तामा मुकाम गरी जो चाहिने चीजबीज र दश बाह्र अरबी घोडासमेत खरीद गरेर मियानाको डांकमा बनारसतर्फ गए। बनारसको कुतक महाराजकी मैयां गंगारमारानीलाई विवाह गरी साथमा लिएर श्री प्राइम्मिनिष्टर जंगबहादुर कुवर राणा नेपातलतर्फ लागे।

यता नेपालमा श्री ५ महाराजाधिराजबाट मिनिष्टरलाई लिन खटाएको रैफल पल्टन १९०७ साल कार्तिक शुदि १३ रोज ४ मा बिहान ६ घडी दिन चढ्दा कलकत्ता रमाना भएको थियो। मार्ग वदि २ रोज ५ मा मिनिष्टर मुम्बई आइपुगेको चिठी नेपालमा आइपुगेको थियो। माघ शुदि ४ रोज ४ का दिन कम्याण्डर इन चीफ जनरल लगायत रिजिमण्ट पल्टन, भैंभारदार र छोटा बडा गैह्र दुनियांदारहरू श्री प्राइम्मिनिष्टरको सबारी लिन थानकोटसंम पुगे। त्यसै दिन मिनिष्टरले नेपाल आइपुगी पुलचोकका कपतान उजीरसिंहका घरमा मुकाम गरे। भोलिपल्ट श्रीपंचमीका दिन श्री ५ बूढा महाराज र श्री ५ महाराजाधिराज दुबैले सवारी भई मिनिष्टरसंग मुलाकात गरे। श्री ५ महाराजाधिराज र प्राइम्मिनिष्टर हात्तीमा सबार भई दरबारमा पुगेर महारानीहरूको दर्शन गरी प्राइम्मिनिष्टर आफ्नो घर थापाथलीमा भित्रिए।

संवत् १९०७ साल कार्तिक शुदि १० रोज ५ मा श्री बज्रबाराहीका यात्राको खट अकस्मात् हनूमानढोकामा आइपुग्दा पूजा र मान गरी पठाए। माहिला भाइ कम्याण्डर इन चीफ बमबहादुर कुवर राणाले मुखत्यारी गरिरहेका वेलामा बेलायतमा सौगात पठाउनालाई मिनिष्टरका मर्जीबमोजिम नेपालका जात जातका दर्जा दर्जाले लगाउने गहना पोशाक र भोट पाहाडतर्फका मानिसहरूले लगाउने पोशाक, पल्टनको दर्जा दर्जाको पोशाक, सुनचांदीको चांदतोडा. दुनियादारहरूले कामकाज गर्दा घरमा चाहिने सरजाम, खेती किसानीको हलो जुवा कुटो इत्यादि, खाने परिकारमा सबै जातका अन्न, नेपाली राजाहरूका जात जातका रुपियां, जात जातका भांडाबर्तन, सुनचांदी, कसनतमन, फलाम र ढुंगाका चीजबीज, डोको, नाम्लो, खर्पन, पेरुंगो, जांतो, हतियारमा खुँडा, खुकुरी, ढाल, तरबार, धनु, कांड, जात जातका ढुंगा, शिलाजित, गेरु, तलेजू देवालयको नक्सा, देवताका र लाखेका मकुण्डा, नेपालमा बुनिएका घरबुना, भुलायगा, ढिकी, मुशल, चर्खा, उंइटाहरू, सबै जातका धातुहरू, नेपाल पाहाडमा भएका यावत् चीजबीज, तल्लो ऋारपात, माटाका चूली, घ्यांपा, चिलिम आदि र चांदीका सोते, हुक्का, नली आदि सबै मालताल जम्मा गरी रेजिडैण्टमार्फत वेलायतमा चलान गरी पठाए।

संवत् १९०७ साल वैशाख महीनामा यी कम्याण्डर

इन चीफले राजा बक्साई आफ्ना तबेलामा "तबेलादलान" नाउंको अड्डा राखेका थिए । त्यो अड्डाका हाकिम कारिन्दाहरूले अन्याय गरेको, निसाफ नहेरेको र दबाई छपाई खाएको जांचबुझ गर्ने तथा फर्मायसी कामसमेत गर्ने भारी कचहरी थियो । मिनिष्टर बेलायतबाट आइपुगेपछि सांविक कैं आफू मन्त्री काममा रहे । दैवको इच्छा, भाइ जनरल बद्रीनरसिंह कुवर राणाले दाजु मिनिष्टरमाथि दगाको मनसुबा गरे भन्ने बात लाग्यो । बेलायतबाट आइपुगेका बाह्र दिनपछि माघ शुदि १५ रोज १ का रात्रीमा श्री ५ महाराजाधिराज र मिनिष्टर कोतमा गई कचहरी गरे । अनि पल्टनका सिपाही अफिसर पठाई जनरल बद्रीनरसिंह कुवर राणा, सेकेन जनरल जयबहादुर कुवर राणा, माहिला साहेबज्यू उपेन्द्रविक्रम शाह र काजी करबीर खत्रीहरूलाई पक्रेर ल्याए । दुइ जनरललाई नेल ठोकी काजी करबीर खवीलाई मुखमा दमाईले मुताई र माहिला साहेबज्यूलाई नजरबन्दी गरी कोतका शीशमहलमा राखेका थिए । पछि अंग्रेजसंग बन्दोबस्त गरी दुइ जनरलको नेल काटी माहिला साहेबज्यूसमेत तीन जनालाई प्रयागका किल्लामा कैद गर्न पठाए । केही वर्षपछि सेकेन जनरल जयबहादुर राणा प्रयागमै परलोक भए । अरूको पांच वर्षको कैद भुक्तान भए पछि मिनिष्टरले प्रमाना पठाई प्रयागबाट झिकाए । माहिला साहेबज्यूलाई भादगाउंका दरबारमा र जनरल बद्रीनरसिंह कुवर राणालाई आफ्नै घर ठबहिलमा राखे । तीन वर्षपछि माहिला साहेबज्यू बागका घरमा सरे । जनरल बद्रीनरसिंह पाल्पागौंडामा जनरल भई गए । उहांका जनरल कृष्णबहादुर राणा नेपाल आए । जनरल बद्रीनरसिंह पछि पाल्पैमा पश्चिमतर्फका कम्याण्डर इन चीफ भएका थिए । ३० सालमा पाल्पागौंडैमा परलोक भए ।

संवत् १९०७ साल फागुन वदि १३ रोज ६ का दिन हनूमानढोकामा स्याल आई करायो । भोलिपल्ट चतुर्दशीका दिन कंडेलचोकका रूखमा र फागुन वदि ३० का दिन पचलीभैरवका रूखमा अग्निप्रवेश भयो । फागुन शुदि १ रोज २ मा दरबारका तबेलानेर राजा बजीर सबै जानुपर्ने दलानकचहरी भन्ने ठूलो कचहरी बनाए । यही शुदि ३ का दिन भीमसेन देवताका दायां बायां रहेका देवतामध्ये एक देवताले केही बेर आपनो हात केही लामो गराई राखेको सबैले देखे । पछि फेरि जस्ताको तस्तो भयो । यही शुदि ३ रोज ४ का दिन श्री ५ महाराजाधिराज सुरेन्द्रविक्रम शाहबाट मिनिष्टरका भाईछोराहरूलाई गरीबप्रवर, हजुर, मर्जी भन्नू भन्ने खिताब दिए । यही साल कार्तिक शुदि ९ रोज ७ का दिन रात्रीमा कम्पू दफदरखानामा अग्निप्रवेश भई जल्दा खानगीढुङ्गा र मोठढुङ्गाहरू केही कागज बचाए । अरू कागजपत्र, दामपैसा गैह्र जलेको हुनाले त्यसपछि हिटीचोकनेर दफदर सारे । मिनिष्टरबाट आफ्ना भाइले मुलुकी काम गरेमा दिएको फारखको बेहोरा यस्तो थियो:—

स्वस्ति श्रीमद्राजकुमार कुमारात्मज श्रीकम्याण्डर इन चीफ जनरल बमबहादुर कुवर राणाजीकै संवत् १९०३ साल मिति आश्विन वदि १३ रोजदेखि लगायत १९०७ साल चैत्र शुदि १५ रोजतक महीना मलमाससमेत वर्ष ४।६।१७ को तैंले गरेको कौशीतोसाखानाको औ मध्येस पाहाडको रकम गैह्र जंगी मुलुकी तहवील ढुकुटीको कामकाज तैंले कौसीतोसाखानामा सरसापट लिएको समेत दफदरखाना श्रीकुमारीचोकको र कौसीको स्रेस्तामार्फत दामकाम गरी बुझी फारख गरिदियूं इति संवत् १९०८ साल कार्तिक वदि ७ रोज ६ शुभम् — — — — — — — —

त्यसपछि दरबारको खर्च र गौंडागौंडाको मासुली खर्च मनासिबमाफिकको थामी शीतकाल, फागु आदि दैदस्तूर सबै माकुम गरेर जागीरेले जागीर मात्र खानू भन्ने बन्देज बांधियो । त्यसै बखतदेखि पच्चीस सयका सुब्बा दर्जाका खानगी सोह्र सय भएका हुन् ।

मिनिष्टर बेलायतबाट फिरेपछि बाटामा भाग्दा र निकालिदा मोगलानमा रहेका भारदारहरूले "हामीहरूले चिसो पानी खान पाएनौं" भनी विनति गरे । उनीहरूलाई "एउटा बन्दोबस्त गरी नेपाल झिकाउंला" भनेका थिए । नेपाल आइपुगेको केही वर्षपछि मिनिष्टरले दया गरी मोगलानिया भारदारहरू सबैलाई पटक पटक गरी जहानबच्चासमेत नेपालमा झिकाए । ठानामा उनीहरूको नाम लेखाई बस्ने वास र खानालाई पेटियाखर्चसमेत दिए । पछि चाकरीमा रिझाउनेहरूले जागीर र मानमर्यादा पनि पाए ।

संवत् १९०९ सालमा पल्टन लगाएर टौदह तलाउ खोली माछा ल्याएर थापाथलीमा राखे । त्यहां खेत पनि बिराए, तर पानी निखुन नसकेकोले रद्द अछसंग छंदैछ । १९१० सालमा प्राइम्मिनिष्टर जंगबहादुरले "श्री ५ बडा

महाराजाधिराज पृथ्वीनारायण शाहले नेपाल सर गरेको यतिका वर्ष हुंदा पनि कुनै बजीरले पाटन र भादगाउं शहर याद राखेनन् । त्यसकारण दरबार भक्की पाताल हुंदैछ । कमानवाला पल्टन नरहंदा शहर पनि रांवल भयो । अधिको दरबार बनाई शहर गुल्जार गर्नुपर्छ भन्ने मनमा लिए । अनि पाटनको दरबार सजी बनाएर पाटन शहरैमा बन्दूक राख्ने कोतखाना र कबायद खेल्न लगनखेलमा छाउनी बनाए । त्यहां रामदल १, भैरवनाथ १, शेर १, रुद्रध्वज १, जम्मा चार पल्टन बस्न पठाए । आफ्ना भाइ जनरल जगत्शमशेर जंग कुवर राणालाई अख्तियार दिई पठाए । भक्तपुरको दरबार सजेर बनाई बन्दूक राख्ने कोतखाना भादगाउं शहरैमा र कबायद खेल्ने छाउनी सिद्धपोखरीनेर बनाए । त्यहां कालीबक्स १, पुरानागोरख १, गणेशदल १ र जंगनाथ १ जम्मा चार पल्टन बस्न पठाए । त्यहां आफ्ना भाइ जनरल धीरशम-शेर जंग कुवर राणालाई अख्तियारी दिई पठाए । त्यहां-देखि पाटन र भादगाउं शहर गुलजार भएको हो ।

संवत् १९११ साल ज्येष्ठ वदि ११ रोज २ मा चीन गएका भारदारहरू आइपुगे । यही श्रावण ७ गतेका दिन श्री महाकालदेवताका आडमा पसीना आयो । भोट-तर्फ हाम्रा मुलुकका ढाक्रेहरू आउंदाजांदा दाम, चामल र भारीहरूमा अघिभन्दा धेरै बढाई दस्तूर लिने गरेकोले सबालजवाफ हुंदा पनि भोटेसंग बन्दोबस्त मिल्न सकेन । अनि मिनिष्टरले भोटतर्फ लडाई गर्न श्री ५ महाराजा-धिराजका हजुरमा बक्साए । ११ साल फागुन शुदि १ रोज ७ का दिन लेफ्टेन अहिवर्ण बस्नेतलाई जगदल २ पट्टि र हिमालयध्वज २ पट्टि सेना दिई अठारसयखोलामा चढाई गर्न पठाए ।

यही फागुन शुदि ४ रोज ३ मा श्री ५ महाराजाधि-राजका जेठा मैयांसाहेब मिनिष्टरका जेठा छोरा जनरल जगत्जंग कुवर राणालाई र फागुन शुदि ९ रोज १ का दिन श्री ५ महाराजाधिराजका कान्छा मैयांसाहेब मिनि-ष्टरका माहिला छोरा जितजंग बहादुर कुवर राणालाई विवाह गरिदिए । त्यस विवाहमा रिजिमण्ट पगरी र पल्टनहरू जन्त गए । धूणधामसंग नाच, तमाशा, आतश-बाजी र गुब्बाराको तमाशा भई इनाम, बक्सपात पनि भयो । यसै सालमा श्री ५ महाराजाधिराजबाट पल्टनको पगरीहरूको रोल बढाई कप्तानलाई मेजर कप्तान, लेफ्टेनलाई कप्तान, सुबेदारलाई लेफ्टेन, जमादारलाई सुबेदार, पट्टि पट्टिका हुदा एक एकलाई प्रेजमादार र मेजरलाई राइटर दर्जा बक्सियो ।

संवत् १९११ साल चैत्र वदि १ मा मिनिष्टर जनरल बमबहादुर कुवर राणा भोटतर्फ लडाई गर्न खटिए । उनका साथमा कम्याण्डर कर्णेल पृथ्वीध्वज कुवर राणा, कालीबक्स १, बज्रवाणी १, जंगनाथ १, गोरखनाथ १ र हिमालयध्वज १ समेत पांच पल्टन खटिए । उनीहरूले ३ घडी बांकीमा श्री ५ महाराजाधिराजसंग बिदा भई भोटतर्फ चढाई गर्न प्रस्थान गरे । ११ साल चैत्र शुदि १५ मा प्रस्थान गरी पाटनमा रहेका पश्चिमतर्फका कम्या-ण्डर जनरल जगत्शमशेर जंग कुवर राणाले पश्चिम-तर्फ प्रस्थान गरे । मिनिष्टर जनरल बमबहादुर कुवर राणाले पांच पल्टन लिई पाङशिङटारसंम फत्य गरेर त्यहां आड बनाई कुरुवा पल्टन राखेर फर्के । भादगाउंमा रहेका पूर्वतर्फका कम्याण्डर जनरल धीरशमशेर जंग कुवर राणाले पांच पल्टन लिई कुती धार्केसंम फत्य गरेर कुती-मा छाउनी बनाई केही पल्टन कुरुवा राखेर अरू पल्टन फर्काई ल्याए ।

संवत् १९१२ साल कार्तिक वदि ११ रोज २ का रातमा भोटेहरूले सबैतर्फ छापा मार्दा देवीदत पल्टनले पाङसिङटारमा किल्ला जमाएका थिए । त्यहां मेजर कप-तान सुमेर्दसिंह कुवर कप्तान शिवशंकर पाध्याहरूले ठूलो मिहिनेत गरी आड थामे । ठुंगातर्फ मेजर कप्तान प्रतिमन कुवर र शमशेर थापाले २७ दिनसंम भोटेका घेरा पर्दा पनि आडैमा बसी दुश्मनलाई हटाए । जिताआडमा बाह्र जना सिपाही र एक हुद्दाले ठूलो मिहिनेत गरी आड थामेर हजारौं वैरीलाई हटाई लगार्दै ठुंगागढीमा पुगेर आफ्ना फौजमा सामेल भए । कुतीतर्फ पुराना पल्टन २, नयाँ पल्टन २ र अफिसरहरूमा मेजर कप्तान प्रभुराम अधिकारी, कप्तान वीरध्वज भंडारी, मेजर कप्तान प्रसादसिंह भंडारी, मेजर कप्तान उजीरसेन र कप्तान बुद्धिबल रानाप्रभृति बसेका थिए । अघिल्ला दिनैमा दुश्मन आउंछन् भन्ने शंकाले चिवा पठाई दुश्मन आउने तहकीकातको खबर पाउंदा पनि पगरीहरूको सल्लाह नमिल्दा बेतालिमी फौजलाई दुश्मन आउने टिप्पातर्फ र तालिमी फौजलाई बुश्मन नआउने बाटामा राखेका हुनाले लडाई बिग्रंदा गाफिल पऱ्यो ।

चार पल्टन र मेजर कपतान उजीरसेन, कपतान बुद्धिबल रानाप्रभृति त्यहीं गारत भए । मेजर कपतान प्रसादसिंह भंडारीलाई घा लागी भोटेले पक्रेर लांदा पछि बेथा बढेर उहीं मरे । उनीहरूले चार पांच तोप पनि लुटेर लगे । सो खबर सरकारमा जाहेर हुंदा उत्तिखेरि केरुङतर्फ पश्चिमतर्फका कम्याण्डर जनरल जगत् शमशेर जंग कुवर राणा खटिएर गई उनले ठुंगासंम आफूस गरे । कुतीतर्फ पल्टन लिई पूर्वतर्फका कम्याण्डर जनरल धीरशमशेर जंग कुवर राणा गई छापा हानेर धोका दिने दुश्मनसंग धूपीगौंडामा ठूलो लडाई गरे । अघिल्ला दिन छापा हान्ने दुश्मनलाई धपाए । भगुवा लेटर पल्टन साथमा लिई मेजर कपतान चन्द्रवीर थापाले आड फोरेका थिए । १२ साल पौष वदि ४ रोज ६ मा सहजैसंग दुश्मनलाई हटाई कुतीसंस फत्य गरेर यस्ता जगामा फौज राख्न हुंदैन भनी लिस्तीमा छाउनी बनाए । त्यहां पल्टन सारी लेफ्टेन कर्णेल पहलमानसिंह बस्नेतका जिम्मामा पल्टनको बन्दोबस्त मिलाई उनी नेपाल फर्के ।

त्यसै ताका फलाकतर्फ छेउरुंबामा रहेका दुश्मनहरूले केही जुलूस गर्दा कर्णेल रणवीरसिंह खत्री र मेजर कपतान चन्द्रसिंह खत्री पल्टनका साथमा गई वैरीलाई हटाए । १२ साल वैशाख वदि ९ रोज ४ का दिन भोटतर्फ लडाई फत्य गरी मिनिष्टर जनरल बमबहादुर कुवर राणा नेपाल आई लेटरले इज्जत बिकायो भनी लेटरका जवान गैह्र खोसेर लेटरको नाउं खारेज गरी शेरमा भर्ना गरे । कालीबहादुर भन्ने नाउं राखी कालीबक्सका गैह्र गुरुङ भर्ना गरे । त्यसै वेला मेजर कपतान लक्ष्मण गुरुङ लेफ्टेन कर्णेल भए ।

उता भोटतर्फबाट त्यहांका काजी, खजांची, भारदार लामाहरू नेपाल आई "सालिन्दा दश हजार रुपियां दिन्छौं, घा पाऊ" भनी विनति गर्दा प्राइम्मिनिष्टरले श्री ५ महाराजाधिराजसंग विनति गरी "उसो भए सालिन्दा दश हजार रुपियां दिने गर । अघि काश्मीरका सरदार जबरसिंहसित तिमीहरूको लडाई हुंदा पक्षी लगेका उनका फौज सीखहरूलाई कैदबाट छाडिदेऊ । हाम्रा मुलुकका नेवार, उदास, मुसलमान महाजनहरूसित लासाका कोठीमा जाने मालहरूको अघि कौडी लिने गरेको भए पनि तिमीहरूले अबउप्रान्त नलिनू । अबदेखि तिम्रा लासामा हाम्रा सरकारबाट वकील १ रहनेछ ।" भनी प्राइम्मिनिष्टर जंगबहादुरले शर्त राखे । सो हुकुम मर्जीबमोजिम भोटेले कबूल गर्दा मेलको बन्दोबस्त भयो । त्यसपछि पल्टन फिकाई बज्रवाणी १ र कालीबक्स १ यी २ पल्टनलाई ठूलो बहादुरी गरे भनी कालीबहादुर भन्ने नाउं राखे । गैह्र पल्टनलाई लडाईं फत्य भएको उपलक्ष्यमा तक्मा पनि दिए । यस लडाईंमा पुराना र नयां गरी पचास पल्टनसंम खडा भएका थिए । तिनीहरूको खर्च निम्न लेखिएबमोजिमको थियो:–

जंगी खजानाके रु. – – – –	९३८३४६॥ ≡
रसद बोकाउनाके ज्याला रु. – –	२२१९९।
रसद खरीदके रु. – – – –	६७५१३८ ≡।१
गोदाम घर बनाउनाके रु. – – –	२६९६॥।।१
पालके रु. – रु. – – –	१८५७४॥।।१
सडक बनाउनाके रु. – — –	१०००
धोका खरीदके रु. – – – –	१३४१२२ ≡
पूजाके रु. – – – – —	१०२८॥ ⊆
नाउ र वैद्यका औषधीके रु. –––	३७–।।।२
जंगी कामको नक्सा लेखाउनाके रु.	३०–॥
जमीन सरकार लाग्दा सट्टाके रु. –	४३३१३। ≡।२
भोटतर्फ घोडाको डांक राख्नाके रु. –	८८१ ≡।२
ठाउं ठाउंमा मसलन्द खर्चके रु. —–	६२०९४ = १
बकसके रु. – – – – – –	४५३७। ≡।३
आवतजावत गर्ने चिनियां भारदार भोटे भारदारके रु. – – –	४४१२। = ३
गैह्र पल्टनके थप रु. – – –	१०७४४८२७।।।।१
जम्मा खर्च भएको रुपियां – – –	१२६१३५८९। २

एक दिन देवाधर्मका लामा आई कराउंदा अघि भोटेसंग मिल्यो भनी श्री ५ सरकारबाट जफद गरेको जगामध्ये पांच सय रुपियांसंमको उठ्ती भएको जगा थामिदिए । १९१३ सालमा नेपालमा ठूलो महामारी रोग आउंदा दिनको पांच छ सयसंम मरे । पाठ, पूजा, र शान्तिस्वस्तिका साथै टोलटोलमा र बाटाबाटामा समेत तोप हान्ने गर्दा रोग शान्त हुंदै गयो । श्री ५ महाराजाधिराज सुरेन्द्रबिक्रम शाहबाट आफ्ना मन्त्री जंगबहादुर कुवर राणालाई आफ्ना गाथगादी र ढुंगाको सोझो गरी चीन तथा बेलायतका बादशाहसंग सलतनत राखेर दुनियांलाई सुबिस्ता दिई राजकाज गरेको रीझबापत कास्की र लमजुङको राज्यका सार्थै

महाराजको खिताप पनि बक्सियो । उनका भाइ बमबहादुर कुवंर राणालाई प्राइम्मिनिष्टर याण्ड कम्याण्डर इन चीफ जनरल मुख्तियारी बक्सियो । त्यसबापत भएको लालमोहरको बेहोरा यस्तो थियो:–

आगे स्वस्ति श्रीमद्राजकुमार कुमारात्मज श्री जंगबहादुरके श्री ५ बुबाज्यूबाट जंगी, मुलुकी, निजामती कामकाज, परपजनी, ज्यान मार्नासंमको अख्तियारी श्री कान्छामुमाज्यूलाई बक्सनुहुंदा उहाँबाट हाम्रा उमराउ भारदारलाई मारी आफ्ना छोरा गादीमा राखिने बखतमा तिमीले उनका मतलबका मानिसलाई मारी मलाई गद्दीमा राज गराएको रीछ १, बेलायत गई क्विन बादशाहसंग तिमीले सलामत कुर्नेस गरी दोस्ती बढाएको रीछ १, चीन बादशाहको बल देखाई भोटैले अखिदेखि हामीलाई दगा गरिराखेको जङ गरी भोटलाइ जिती उसले हामीलाई सालबसाल रुपैयां दिई मान्ने तुल्याएको रीछ १, श्री ५ बुबाज्यूबाट तिमीलाई दया गरी ज्यान मार्न सुगौलीबाट मानिस पठाउंदा गैह्र जंगी फौजलाई ज्यान मार भनी हुकुमको लालमोहर पठाई आफूले मीर उमराउ साथमा लिई मार्न भनी अलौसंम आइपुग्दा श्री ५ बुबाज्यूका फौजलाई कत्तल पारी उहांका गाथमा खलबल नपारी पक्री ल्याई इज्जतसंग राखेको रीछ १, हाम्रा माहिला भाइले तिम्रा ज्यानसंम लिन लाग्दा मैले मार्नू भनी फौजलाई हुकुम दिंदा तिमीले उसको ज्यान बचाई अयब छुटाउन पांच वर्षसंम कैदमा राखी इज्जतसंग राखेको रीछ १, हाम्रा मुलुकका उमराउ, फौज, रैतीलाई हुज्जत दंगा नगराई निसाब गरी राजी राखी तिमीले बजीरी गरेको रीछ १, मुलुकमा लुच्चा, ढांटले दबाई खाएको र बढ्ने ठाउं बढाई आमदानी झिकी हाम्रा ढुकुटीको आमदानी बचाई किफायत आमदानीले फौज बढाएको रीछ १, तिमीले यस्तो खरख्वाई गरेको देखनाले तिमीले बजीरी छोडधौ भने मैले गादी छोडुंला भनी कसम खाएको थियो तिमीले बजीरी छोड्न आउंदा मैले कसम खाएको भुलें । मैले रानीसंग र अरू उमराउसंग पनि सल्लाह गर्न नपाउनाले तिम्रा इलकाप प्राइम्मिनिष्टरी भाइलाई बक्सेजाओस् भनी तिमीले विनति गर्दा तिम्रा भाइलाई बक्सेको हो तिमीलाई खाली राखी मैले गादीना बस्दा मलाई कसम लाग्ने भयो यस्ता खरखाई गर्ने बजीरलाई खाली राखें भने मैले नाकदर गरेको र नासमझ गरे जस्तो दुनियांमा पर्न लाग्यो यसकारणले कास्की १, लमजुङ १ को श्रीमहाराजको खिताब तिम्रीलाई बक्स्यौं त्यस जगाको तिमीले श्रीमहाराजा भई मैले उमराउ, रैयत, फौजमाथि बिजाईविद्युत गरेको र इंगल्याण्डका क्विन बादशाहको र चीन बादशाहको दोस्तीमा खलबल गर्न लागेमा तिमीले यति कुरालाई बिजाईविद्युत गर्न नदिनू तिमीले यति कुरा गर्न नदिएका बखतमा मैले जोर गरें भने मेरा उमराउ फौजले तिमीलाई मद्दत दिनू प्राइम्मिनिष्टर बमबहादुरले जंगी, मुलुकी, निजामतीको परपजनीमा चीन इंल्याण्डका बादशाहसंग दोस्ती बढाउने काममा चुक्न गएमा तिमीले नसीहत दिनू तिमीले नसीहत दिएको नमानी जोरजुलूम गर्न लागे भने मेरा मीर उमराउ फौजलाई तिमीले हुकुम दिएबमोजिम काम गर्नू भन्ने हुकुम बक्स्यौं तिमीले आफ्ना राज्यको खुश गर्नू इन्साफमा ज्यान मार्नातकको अख्तियार र रजाइं बक्स्यौं आफ्ना राज्यको श्रीमहाराज खिताब लिई खुशीराजीसंग बस तिमीलाई दिएको राज्य इलकाप र तिम्रा ज्यानमा मेरा मुलुकका मानिसमा जसले खलबल गर्नामा पस्ला त्यसलाई ज्यान मार्नातकको अख्तियारीसमेत बक्सेको छ तिम्रा सन्तान दरसन्तानसम्म रजाइंको भोग गर तिमीहरूका भाइमा हामीले बांधिबक्सेको मुख्तियारीको रोलमा धीरशमशेर कुवंर राणाका रोलपछि तिम्रा छोरा जगत्जंग कुवंर राणालाई मुख्तियारी बक्सेको छ इति संवत् १९१३ साल मिति श्रावण शुदि ५ रोज ४ शुभम् — — — — —

त्यहांदेखि जंगबहादुर कुवंर राणा राजा कहलाएका हुन् । मुख्तियार भएका माहिला भाइ प्राइम्मिनिष्टर बमबहादुर कुवंर राणा चांडै परलोक हुंदा १४ साल आषाढ शुदि ७ रोज १ का दिन श्री ३ महाराज जंगबहादुर कुवंर राणाले अरू भाइलाई प्राइम्मिनिष्टर नदिई आफैं प्राइम्मिनिष्टर भए । मुख्तियारी रोलमा काहिला भाइ कृष्णबहादुर कुवंर राणालाई कम्याण्डर इन चीफ जनरलको मान गरी मुख्तियारी दिएर मुलुकको कामकाज गराई आफूले हुंकुम चलाए । यी मुख्तियार बहुतै शान्तस्वभावका र मुलुकी कामकाज गर्दा पनि दुनियां भैभारदार सबैलाई सुबिस्ता हुने गरी गर्ने दयाधर्म भएका थिए । फकीरफकेरा, अतिथिअभ्यागत, देशीपरदेशीहरूलाई पनि बराबर भण्डारा खुवाउंथे । भांडावर्तन, घण्टा, पंखा, पाखी, कपडा, खानाखर्च इत्यादि जसलाई जे इच्छा छ वर्ष वर्षपीछे एकपल्ट जम्मा गरी दिन्थे । यस्ता उदार गुण प्रधान भएका हुनाले

यिनका पालामा दुनियांलाई कुनै कुराको पनि दुःखपीडा भएन ।

यिनै राजाका समयमा १३ सालमा अंग्रेजहरूले नौ सय गजसंम गोली जाने इन्फेल नाउं गरेको बन्दूक बनाई आफ्ना मिरट्मा रहेका पल्टनलाई दिए । त्यस बन्दूकका कार्तोसमा बोसो परेको र दांतले टोकी भर्नुपर्ने हुंदा पल्टनले मंजूर नगरी हुलहुज्जत गरे । अंग्रेजहरूलाई मारी साह्रा राजा-रजौटालाई "अब अंग्रेजले हाम्रो जात र धर्म पनि लिन लाग्यो" भन्ने चिठी पठाए । जगा जगाबाट राजारजौटा-हरूले पनि मद्दत दिए । तर अंग्रेजलाई ज्यादा दुःख-दिनामा नवाफ बादशाहले पूरा मद्दत दिए । सो मद्दत दिने दिल्लीका बादशाह १, पूनाका राना राउ बाला राउ पेशवार २, लखनौका बादशाह वाजीदल ३ थिए । यिनी-हरू दिल्लीका बादशाहसंग रेविल भएका काला पल्टन गई मिलेर उनकै मद्दतले किल्लामा रहेका अंग्रेजहरूलाई र उनका मेम बालकहरूलाई समेत मारे । अनेक तरहका उपद्रवसमेत गरेः कसैको हात काट्ने, कसैको नाक काट्ने, कसैको कान काट्ने र कुनै आमाबाबुहरूलाई बाँधी बालक-हरूलाई उरालेर तरवारको धार थापी टुक्रा टुक्रा गरी काट्ने । अनि त्यही मासु आमाबाबुका मुखमा कोची मार्ने-संम गरे । यसरी अंग्रेजहरूको सर्वनाश गरे । यस्तै रीतले लखनौमा पनि अंग्रेज र मेमहरूलाई फजियत गरी मारे । कानपुरमा पनि नाना राउ पेशवाले गैह्र अंग्रेज र उनका मेम तथा बालकहरूलाई किल्लामा कैद गरी महीना दिनसंम खानपिन नदिएर दुःख दिए । अंग्रेजहरूले आजित भई "हामीलाई जनहि एक एक सेर आटा दिई नाउमा राखि-देऊ, आफ्ना मुलुक बेलायतमा जान्छौं भने ।" "हुन्छ" भनी नाउ ल्याएर जनरल हडवि लाकसमेतलाई नाउमा हाली "लौ जाऊ" भन्दै दम दिएर तोपको फायर गरी उडाइ-दिए । तोपका फायरबाट बाचेका दुइ चार जना अंग्रेज मेमहरूलाई पनि पक्रेर ल्याई इनारमा खसाल्दै मारिदिए ।

यसरी अंग्रेज जातको नाश गरेको खबर क्यानिङ लाटसाहेबले सुन्दा बहुतै अपशोच गरे । अनि नेपालमा रहेका रेजिडेण्ट रामजीसाहेबलाई "यो हाल सबै महाराज-लाई सुनाई मद्दत माग । गोरखाली पल्टनलाई भत्ताखर्च सिपाही १ के महीना १ को कंपनी रु. ७। का दरले देऊ" भनी लेखिपठाए । उनले श्री ३ महाराजसंग विनति गरी मद्दत माग्दा श्री ५ महाराजका हजुरमा बक्सायाए । श्री ३ महाराजले गैह्र भारदारहरू राखी अंग्रेजलाई मद्दत दिने हो कि के गर्ने हो ?" भने । "मद्दत दिन हुंदैन" भनी सबैले भने । श्री ३ महाराज जंगबहादुरले "स्त्रीहत्या र बालहत्या गर्नेलाई मद्दतद्वारा दण्ड गर्ने हामी हिन्दूहरूको धर्म हो । तसर्थ मद्दत दिनैपर्छ" भने । अनि गोरखपुरमा रहेका अंग्रेजका बचाउका निमित्त पाल्पाबाट बरखका जवान दुइ सय अट्ठार आषाढ वदि ८ मा खटाई पठाए ।

त्यसपछि श्री ५ महाराजाधिराजमा बसाई हिन्दूस्था-नबाट ६ पल्टनलाई आएको भत्ताखर्च बांडिदिई आषाढ शुदि नवमीदेखि एकादशीसंममा पल्टनलाई बिदा गरी कर्णेल पहलमानसिंह वस्नेतलाइ अखितयार दिएर मकवानपुरको बाटो जानू भनी खटाए । तीं कर्णेलले पल्टन लिई जांदा बरेबामा अंग्रेज अफिसरहरू आई ठूलो खातिर गरे । बेतिया पुगेका दिनदेखि नारायणी नपुगुन्जेलसंम हैजाका व्यथाले पल्टनका मानिस धेरै नोक्सान भए । जनैपूर्णिमाका दिन गोरखपुरमा पुग्दा दुइ चार दिन त्यहीं मुकाम गरे । शेर र बज्रबहादुर पल्टन लिई कर्णेल मदनमानसिंह बस्नेत अघि बढेर सरयूघाट रोक्न पुगे । चार पल्टनसंग रातदिन लडाई हुंदा जित गोरखाको भयो । सरयू तरी तीन दिन मुकाम गरेपछि बघैदारका लडाईमा पनि गोरखाकै जित भयो । आजमगडमा पुगेर दुइ चार दिन मुकाम गरेपछि सबुज र गणेशदल दुइ पल्टनका साथमा कर्णेल शमशेरलाई आजमगढमा राखी कर्णेल पहलमानसिंह बस्नेतले चार पल्टन लिई जीवनपुर पुगे । त्यहांको किल्ला आफ्ना कब्जामा राखी दुइ तीन महीना त्यहीं मुकाम गरे । कम्पनी सरकारका खजाना हिफाजत गर्नालाई कर्णेल मदनमानसिंह बस्नेतका साथमा बज्रबहादुर र देवीदल पल्टन बनारसतर्फ गए ।

त्यसै बखतमा आजमगढमा रहेका फौजलाई दुश्मनले घेरा दिंदा कालीबक्स जीवनपुरका किल्लाको खबरदारीलाई राखी शेर आजमगढको मद्दतलाई गयो । रातदिनमा तीस कोस मजलिस मारी आजमगढमा पुगेर सबुज र गणेशदल-संग भेला भयो । त्यसै रातमा सात कोस बढी मधुरीमा लडाई गर्दा जितेर दुश्मनबाट लुटेका तीन तोप साथमा लिई शेर पल्टन फेनि जीवनपुर फर्क्यो । जीवनपुरमा बसेका पल्टनले भमारखुरमा गई धेरै दौलत लुटपिट गरी ल्याए । जीवनपुरको किल्ला आफ्नो कब्जामा राखी चार पल्टन बहेर लिखनौतर्फमा पुनी पाल टांग्दै थियो । अकस्मात

दुश्मन बढेर आउंदा गोरखातर्फका चार पल्टन पनि बढ्यो र कोधुवाबागमा लडाई हुंदा जित गोरखाको भयो । त्यहांबाट बढेर कोइलपुरमा चार पांच दिन मुकाम गर्दा पश्चिमतर्फबाट दुश्मनको फौज मजबूत भई आयो भन्ने खबर आयो । त्यहां आडपैन केही नहुंदा सिगडामौवामा पुगी त्यहां रातभरमा दुश्मनको जोर नपुग्ने काठेकिल्ला बनाएको देखेर अंग्रेज साहेबानहरू साह्रै खुशी भए ।

तीन दिनपछि त्यहांबाट बढी चांदेमा ठूलो लडाई हुंदा कर्णेल मदनमानसिंह बस्नेत तोपको गोला लागी मरे । उनका खानगी मेजर कप्तान इन्द्रसिंह खत्रीले पाए । लेफ्टेन गंभीरसिंह माझीलाई सात जना वैरीले घेरा दिई बराबर चलाउंदा उनले आफूलाई लागेको तरबारको वेदना खपी सातै जनालाई मारे । त्यसबापत उनले बहादुरी खिताब र कप्तानी दर्जा पाए । त्यो लडाई जिती दुश्मनका चार तोप लुटेर पल्टन फर्की सिगडामौवामा पुग्यो । त्यहां तीन चार दिन मुकाम गरी त्यहांबाट बटुलापुरमा पुगेर महीना दिनसंम मुकाम गरी पल्टन बस्यो । पछि जीवनपुरमै फर्क्यो । दुइ पल्टन लिई इन्द्रसिंह खत्री जसरथपुरमा पुगेकै दिन जनरल फड्किस साहेब घोडा लागेको दुइ तोप लिई फौजलाई मद्दत दिन आइपुगे । पल्टनलाई खातिर दिई त्यताबाट फूलपुरमा पुगेर दुइ चार दिन मुकाम गरे ।

त्यसै वेला इलाहाबादबाट गोराका रिसल्ला ५००, गोराको पल्टन १ र होष्टरी तोप ४ समेत आइपुगे । जसरथपुरमा ठूलो लडाई हुंदा वैरीका फौज घेरै मारी १३ तोप लुटेर ल्याए । अनि अंग्रेजका रिसल्लाहरू इलाहाबाद फर्के । गोरखाली पल्टन पनि फर्की बदलापुर, आजमगढ र जौबनपुरमा रहेका जम्मै पल्टन लखनौतर्फ बढे । चांदैमा फेरि रातभर ठूलो लडाई हुंदा भोलिपल्ट जितेर त्यहीं मुकाम गरे । त्यहांबाट सुलतानपुर गएका दिन ठूलो लडाई हुंदा जिते र २२ तोप लुटी ल्याए । त्यहां दुइ चार दिन मुकाम गरी लडाई गर्दै र जित्दै गोसाईगंज पुगे । त्यहां पनि ठूलो लडाई भयो र जिती दुइ चार दिन सुबिस्ता लिए । त्यसै बखतमा लखनौबाट रिसल्ला आई तोप लिएर लखनौतर्फ लागे । यस्ता तरहले आठ दश लडाई गरिसकेपछि पनि अंग्रेजहरूलाई वैरीहरूले सिकिस्त गरिराखेकै थियो ।

यस्तो खबर रेजिडेण्टले श्री ५ महाराजाधिराजका हजुरमा जाहेर गरे । अनि यही पौष वदि ४ रोज २ का दिन भारी फौज साथमा लिई श्री ३ महाराज जंगबहादुर कुवर राणा, कम्याण्डर इन चीफ जनरल कृष्णबहादुर कुवर राणा, पूर्वतर्फका कम्याण्डिङ जनरल धीरशमशेर कुवर राणा, जनरल बखतजंग कुवर राणा र मेजर जनरल खड्गबहादुर राणाहरूले प्रस्थान गरे । ठाउं ठाउंमा घेरै लडाईं भइसकेको र लखनौ मात्र बांकी रहेकोले लखनौको केशरबागमा पुगे । त्यहां ठूलो लडाई हुंदा कप्तान श्री विलास पाध्या गिराफ लागी मरे । अरू फौज पनि केही परे । त्यो लडाई जितेपछि लखनौमा लुटपिट गरी पाइएसंमको धन लिएर सबै फौज जम्मा भए । अनि चार पल्टन कानपुरको बाटो र बांकी फौज अयोध्याको बाटो गरी नेपाल फर्के । नेपाल उत्रेपछि श्री ५ महाराजाधिराज सुरेन्द्रविक्रम शाहको दर्शन गरी सबै हाल विस्तार गरे ।

त्यसपछि त्यस लडाईंमा मिहिनेत गरी जितेबापत क्विन भिक्टोरिया बादशाहबाट नेपाल सरकारलाई नयाँ मुलुक र श्री ३ महाराज जंगबहादुर कुवर राणालाई जी. सी. बी. को तथा अरू पल्टनलाई चांदीको तक्मा मिल्यो । १९१६ सालमा ती अपराधी कालाहरू यहां तराईमा आई लुकेका थिए । तिनीहरूलाई पक्री मार्नेलाई मारी, धपाउनेलाई धपाई र शरण परेका लखनौका नवाफका रानी बेगम र उनबाट जन्मेका छोरा ब्रिचिस कदरलाई ल्याई पानीढिकीनेरको घरबघैंचामा राखे । नाना राउ बाला राउका रानीलाइ थापाथलीनेर घर मात्र बनाएर खानाखर्च दिई राखे ।

त्यसपछि श्री ५ वलिहद महाराजाधिराज त्रैलोक्य वीर विक्रम शमशेर जंगबहादुर शाहको श्री ३ महाराज जंगबहादुर कुवर राणाका जेठी मैयांमहारानीपट्टिकी र अर्की रानीपट्टिकी २ मैयांसंग विवाह भयो । संवत् १९१४ साल आषाढ शुदि ५ रोज ६ का दिन थापाथलीमा जन्त गई नाचकीर्तन र ठूलो उत्सव भयो । जंगी, निजामती, कम्पू, पगरी, रकमी, भित्रिया सबैलाई गरी पांच छ लाखको खिल्लत बकस भयो । यी अधिराजकुमारको विवाह गर्नालाई भएको लालमोहरको बेहोरा यस्तो थियो:–

आगे स्वस्ति श्रीमदतिप्रचण्डभुजदण्डत्यादि श्री ३ महाराज जंगबहादुर कुवर राणाजीप्रति हाम्रा नाति श्री ५

महाराजाधिराज त्रैलोक्य वीर विक्रम शमशेर जंगबहादुर शाहलाई विवाह गर्न तिम्रा मैयां देऊ भनी हाम्रा खुशी राजीले मागेको हो तिम्रा मैयां दिनू विवाह भएपछि हाम्रा नातिले तिम्रा मैयांका हातको भात खान दिनू तिम्रा मैयां-पट्टि जेठा छोरा भयो भने तिनले चलिआएका रीतबमोजिम गादीमा बसी रजाइं गर्नू हाम्रा खुशी राजीसंग यी दुइ कुराको हुकुम बक्सेको छ यसमा जसले खरखिचोला गरी अर्को तरह गर्न पल्टा त्यसलाई जीवधनको शासना गर्नू भनी हुकुमको लालमोहर गरिबक्स्यौं संवत् १९१४ साल मिति ज्येष्ठ वदि ५ रोज शुभम् — — — — —

संवत् १९१८ सालमा खस जातहरूलाई यी बडा शूरा, बल, किश्मत गर्ने हुन् भनी अघिका पूर्खाहरूको पद्धति बुझी मन्त्री श्री ३ महाराज जंगबहादुर कुवर राणाले क्षत्री पद दिन योग्य ठहराए। अनि श्री ५ महाराजाधिराज सुरेन्द्र-विक्रम शाहका हजुरमा विनति चढाई बक्साएर अब उप्रान्त खस जातलाई फलाना क्षत्री भन्ने पद दिए। त्यसपछि खस जातलाई क्षत्री भन्ने प्रथा चल्यो।

श्री ३ महाराजले कौशल कचहरी बनाई त्यहां भार-दार पगरीहरू र गुरुराज तथा पण्डितहरूसमेत भई धर्म-शास्त्रका प्रमाण हेरेर आ–आफ्ना बुद्धिले देखेको छलफल गरी यस विषयमा यस्तो यस्तो चाहिन्छ भन्ने युगधर्मका रीतले निर्णय गर्ने रीत चलाए। अघि राजा जय स्थिति मल्लका पालामा भएको स्थितिभन्दा पनि व्यक्तसंग खोलि-एको तथा बालक अदनाले पनि बुझन सक्ने "ऐन" भन्ने नाउं प्रख्यात गरे। त्यस्ता धेरै ऐन बनाई किताब खडा गरे। त्यस किताबमा राजाबजीरको छाप लगाई छोटा बडा सबैको एकै किसिमको इन्साफ हुने स्थिति बांधे। गोरखा-राजभरका कामकाज, व्यवहार, इन्साफ, प्रसाद, दण्डहरूका रीति स्थिति ग्रैह्र अब उप्रान्त ऐनबमोजिम गर्नू भन्ने पाहाड, पर्वत र मध्येस सर्वत्र गौंडा गौंडामा ऐनको किताब पठाई प्रसिद्ध गराए। फेरि मोठतहवील, मुलुकीखाना, शराबखाना, तोपखाना, ऐनखाना, किताबखाना इत्यादि धेरै कामकाजका अड्डा खडा गरी काम गराए। १७ सालमा गोदावरीमा र १८ सालमा हात्तीवनमा सोखका निमित्त दरबार बनाई कहिलेकाहीं दुइ चार दिन बस्ने गरे। ठाउं ठाउंमा सडकहरू पनि धेरै बनाए। ११ सालमा टुंडिखेलका बीचमा ठूलठूला सुनका सिंह चार कुनामा राखी सुनको आफ्नो तस्वीर बीचमा राखे। यी राजाले १७ सालमा शुरू गरी नक्खूमा १, मनोहरामा १, भादगाउं जाने बाटाका वागमतीमा १, विष्णुमतीमा १, चोभारमा १, बालाज्यूमा १, धोबीखोलामा १, हिटौंडामा १, कर्मामा १, बोर्लाङमा १, आंखूमा १, कालीमा १ गरी जम्मा १२ पुल बनाए। यी पुल बनेपछि वर्षामा हिंड्ने दुनियांहरूले बहुत सुविस्ता पाउदा जय जय पुकारा गरे।

संवत् १९१९ सालमा हुकुम बक्साई श्री ३ महाराजले गोकर्णका वनमा चौतर्फी परखालको गिर्दा घुमाएर दरबार-समेत बनाए। त्यहां जात जातका हरिण, जरायो आदि वनचर पशु र पंछीहरू ल्याई छाडेर बहुत गुलजार र शोभायमान गराए। २४ सालमा नागार्जुनमा पनि लाखौं रुपियां खर्च गरी रिंगै डांडा घेरेर परखाल बनाई जात जातका पशुपंछी छाडेर रमणीय गराए। छहरेमा खरको दरबार पनि बनाए। यस्तै नगरकोटमा पनि खरको दरबार बनाए। यी दरबारहरूमा कहिलेकाहीं आफू गएर बस्दथे पनि। यस्ता तरहले श्री ३ महाराज वर्षाकालमा वनवनका दरबारमा आवतजावत गरी धेरैजसो आफ्नो दरबार थापा-थलीमा बस्दथे। जब हिउंमा लाग्यो कार्तिक मङ्शीरदेखि तराईतर्फ शिकारमा गई हात्ती पक्री बाघ, भालू, गैंडा, अर्ना आदि दुष्ट वनजन्तुहरूलाई मार्दथे। जात जातका हरिण, जरायो र पशुपंछीहरू पक्रेर ल्याई आफूले बनाएका उपवन-हरूमा छाड्दथे। यसरी कहिले पहाड र कहिले मध्येस गरी वनविहार गर्दथे।

१९२० सालमा यिनै श्री ३ महाराजले मृगस्थलीका वनमा बहुत सुन्दर मनोहर देवालय बनाई तन्त्राख्यानले विश्वरूप देवताको स्थापना गरेर नित्य र नैमित्तिक पूजा गर्न धेरै गूठीहरू राखे। यसै सालमा आर्यावाट बनाई पारितिर एकादश रुद्रको शिवालयको स्थापना, कोटीहोम, लक्ष्यहोम, धान्यपर्वत, उभयमुखी गोदाम, सहस्रगोदानसमेत गरे। उनी यसरी पर्व पर्वमा सहस्र गोदान गर्दथे। यी श्री ३ महाराज बहुत उदार स्वभाव भएका दानी हुनाले शास्त्रहरूमा लेखिएका श्रीयन्त्र सपरिस्करभवनदान इत्यादि नाना प्रकारकादानहरू पनि बखत बखतमा गर्दथे। उनले यसरी ब्राह्मणहरूलाई तृप्त गराई परलोकको उद्धार गरे। गुह्येश्वरीपीठमा सुनको कलशमा नवरत्न जडी सुनका पाताले भैरवलाई छोपेर लाखौं रुपियां खर्च गरी पीठको उद्धार गरे।

यसै सालमा काहिंला भाइ कृष्णबहादुर कुवर राणा परलोक हुंदा २० साल श्रावण वदि ९ मा सैलबमोजिम

ठाहिला भाइ जनरल रणेंद्रीपसिंह कुवर राणा कम्याण्डर इन चीफ जनरल मुख्तियार भए। उनले मुख्तियारी गर्दा नेपाल पहाड भरमुलुकका प्रजाहरूले आफ्नो भएभरको बेहोरा नछुटाई ग्वाहा प्रमाण लेखेर वादी वा प्रतिवादीको इजहार चडाई पुर्पक्ष गर्नुपर्ने रीत १, कामदार कारिन्दा अड्डा अमाल खालहरूले आ–आफ्ना कामको निक्सारी साधसोध अड्काउ गर्न बेहोरा लेखी कौशलमार्फत ठहराएर हाम्रा हजुरमा रिपोट जाहेर गरी हुकुम मर्जी सनद भइआएबमोजिम गर्नू भन्ने १, नेपाल पाहाड मध्येस गर्न अड्डाका आमदानीखर्चको १५।१५ रोजमा बुझाउने पन्ध्रोजा स्याहा श्री कुमारीचोकमा बुझाउनू भन्नेसमेत नयां रीतका स्लेस्ता खडा गरी श्री ३ महाराजबाट हुकुम बक्साएर नेपाल पहाड मध्येस भरमुलुकमा चलाए।

एक दिन श्री ३ महाराज जंगबहादुर कुवर राणा २० सालमा पश्चिमतर्फको बाटो गरी जांदा बूढीगण्डकीका फलामे झोलुंगामा श्री ३ महाराज र केही लश्कर पार भए। त्यसपछि रैंफल पल्टनले हुल गरी एकैचोटि तर्न लाग्दा झोलुंगामा ठूलो भार भई चुंडियो। श्री ३ महाराज फर्केर पौडन जान्ने मानिस पठाई डुबेकामध्ये धेरैलाइ पार लगाए, तर केही गण्डीमा परेका पर्‍यै भए।

२२ साल भाद्र शुदि १४ पर पूर्णिमाका दिन इन्द्रयात्रामा श्री कुमारीको रथ आइपुग्ने बखतमा श्री ५ महाराजाधिराजबाट राज गर्नुपर्ने गादीमा ज्याबाहालटोलको भोटेचा वैद्य सिल्ली हुनाले गई बस्दा पहिले कसैले देखेनन् र पछिबाट देख्दा त्यसलाई कुटेर शासना गरी कैद गरे। यही साल फागुन महीनामा एक दिन र एक रातसंम निरन्तर हिउं परी थुप्रियो, चार पांच दिनसंम पनि गलेन।

१९२३ सालमा आकाशबाट तारा खसेको देखियो। त्यसै साल कार्तिक महीनाको एक दिन टुंडिखेलमा कबायद खेल्न गएका जनरल बखतजंग कुवरलाई एउटा मानिसले खुकुरीले हान्दा छातामा पर्‍यो, दक्खल हुन पाएन। त्यस मानिसलाई पक्री मारे।

अघि भीमसेन थापाका पालादेखि दश घडी रात जांदा एक पटक तोप पड्काउने रीत चलेको कायमै थियो। यी बजीरका पालामा बिहानका बखतमा होश नपाई रमनले प्रजाहरूलाई पक्रन्छन् र प्रजाहरूले गर्न आंटेको आ–आफ्नो काम बिग्रन गई दुःख हुन्छ भन्ने हेतुले यही २३ साल ज्येष्ठ वदि रोज ४ का दिनदेखि अब उप्रान्त बिहानका पांच घडी रात बांकीमा पनि तोप पड्काउनू भन्ने हुकुम हुंदा बिहान पांच घडी रात बांकीमा समेत तोप पड्काउने रीत चलाएकोले दुनियांलाई बहुतै सुबिस्ता भयो।

२४ सालमा मत्स्येन्द्रनाथको रथ दरबारनेर पुगेका बखतमा जल्यो र अर्को रथ बनाई यात्रा गरे। २५ साल चैत्र वदि १० का राति १४।१५ घडी चढ्दा अड्कोनारायण भएका टोलमा अग्नि प्रवेश भई साहु धर्मनारायणको घरसमेत जल्दा दुनियांले मद्दत दिंदा पनि आगो निभाउन सकेनन् र जगसमेत जल्यो। यस आगलागीले तेह्र महीनासंम आगो निभेन। धनदौलथ, असबाफ, बहीपत्रहरू धेरै परे। बुइंगलमा सुतिरहेको एउटा साल्मी पनि मर्‍यो। श्री ३ महाराजको सवारी भई ठूलो खातिरसंग "तंलाई व्यवहार र बन्दोबस्त गर्न जो चाहिने धन दिन्छु" भनी लाखौं रुपियां बकस दिए। त्यसबाट आफ्नो ठांट र तखत अघिकै जस्तो थामी घर बनाउन जग खन्दा ढुंगाको श्रीकृष्णको सूर्ति पाइयो र सिंहसत्तलमा स्थापना गरिदिए। साहु धर्मनारायण मानन्धर मरेका हुनाले उनका जेठा छोरा हर्षनारायणले ती श्रीकृष्णलाई बहुतै मानी गूठी र जगेरा धनसमेत प्रशस्त राखिदिए। २६ सालमा मलमास पर्दा त्यस मलमासदेखि मत्स्यनारायणको मेला भई उहां पूजा र दर्शन गर्ने रीत चल्यो।

१९२७ सालमा दक्षिणतर्फका कम्याण्डिङ जनरल जगत्जंग कुवर राणाले मीननाथको अघिको मान्द्राको छाना झिकी मुनको छाना लगाइदिए। यही २७ साल आषाढ वदि १० रोज मा श्री ३ महाराजले मेरो र मेरा भाइछोरा, कामदारकारिन्दा गर्न बेहोरको चुक, घूसपेस सरकारको काम बिगारेको र सरकारको धन चोरी खाएको तथा अड्डाखानाका हाकिमहरूले अन्याय गरेको समेत गर्न ऐनबमोजिम गर्नू भन्ने धर्मपत्रको रुक्का सवाल गरी ११ जनालाई पांचायनमा धर्म भकाएर धर्मकचहरी खडा गरे। जागीरबाहेक चोरी, ढांटी, घूस र सलामी खाएको ठहराई गरेका आमदानीको दसौंद खान दिई पुलको सिंहसत्तलमा अड्डा बनाई राखे। त्यस धर्मकचहरीले राजाका भाइछोरा मुख्तियारपर्यन्तको र अरू भारदार, कारिन्दासमेतको कच्चा जांची दाम दाम पक्रंदा वर्षको लाखौं रुपियां आमदानी गरेर नेपाल, पाहाड, मध्येस सर्वत्र थर्कमान गराए।

२५ सालमा यी राजाले कान्तिपुर र पाटन दुवै ठाउंका दुवै मत्स्येन्द्रनाथका रथमा ढलौटको आग्लो, फलामका पाताको पांग्रा र पित्तलको पांग्राको आंखा बनाई रथयात्रा गराए। २८ सालमा कान्तिपुरको काठेसिभू भत्की बिग्रेका नाउं उदासले जीर्णोद्धार गरी धेरै रुपियां खर्च गरेर सिभूको डबलको चौघेरा सत्तल र देवताहरूसमेत भएको रमणीय बनाई गूठीसमेत राखे।

त्यसपछि २८ सालमा चीनबादशाहबाट श्री ३ महाराज जंगबहादुर कुंवर राणालाई "थोङ लिङ पिम्माको काङ वाङ स्यान" भन्ने खिताप दिई पठाउंदा चिनियां भारदारहरू नेपालमा आए। ती भारदारहरू र राजा हात्तीमा बसी सिन्दूरयात्राको उत्सव गरे। उनीहरू केही दिन बसी बिदा भएर चीनतर्फ गए। २९ सालमा वेलायतका बादशाह क्विन भिक्टोरियाबाट पनि "जी. सी. बी. याण्ड जी. सी. एस. आई." भन्ने खिताप थपी पठाए। अब प्रशस्तिको बेहोरा यस्तो भयोः—

स्वस्ति श्रीमदतिप्रचण्डभुजदण्डेत्यादि श्री श्री श्री महाराज जंगबहादुर कुंवर राणा जी. सी. बी. सी. याण्ड जी. सी. एस. आई. थोङ लिङ प्रिम्माको काङ वाङ स्यान प्राइम्मिनिष्टर याण्ड कम्याण्डर इन चीफकस्य रुक्का भन्ने भयो।

३१ साल चैत्र शुदि १५ रोज ३ मा वागमती कालमोचनघाटमा श्रीनारायण स्थापना गरी टुंडिखेलमा राखेका सुनका चार सिंहका मूर्ति ल्याएर त्यही देवलका कुना कुनामा राखे। आफ्नो मूर्ति खम्बामाथि राखी सोही खम्बामा आफूले गरेका किस्मतको बयान लेखाए। यही ३१ सालमा पूर्व र पश्चिम बाईस अड्डा खडा गरी पूर्वतर्फ कर्णेल इन्द्रसिंह खत्री क्षत्रीलाई र पश्चिमतर्फ लेफ्टेण्ट कर्णेल अमृतसिंह अधिकारी क्षत्रीलाई अख्तियारी दिई मिलसियाजांचमा पठाए। उनीहरू ठाउं ठाउंमा जांची बुझी यो यो जात, यस यसका जाहान बच्चा यति, त्यसमा साबुत यति, गौंडा, गढी, घाट यस यस ठाउंको बाटो कोश यति यति भन्नेसमेत खुलस्त लेस्ता खडा गरे। त्यस किताबबाट जंगी काम चल्दा फौज खडा गर्न, साबुत जवान, रसदको र फौज हिंडाउने राख्नेसमेत तजवीज गर्न सजिलो हुने गराए।

१९३२ साल कार्तिक शुदि ५ रोज ४ का दिन ठिमी बारूदखानामा आगलागी हुंदा कैदी, ज्यालादारी र जनानासमेत ५०।५५ मरे। त्यहां बांकी रहेका कैदी थुनुवा पच्चीस जनालाई बहुत दया गरी छाडिदिए। २६ सालदेखि बनाउन शुरु गरेको देशका नक्साको मेगजिन ३२ सालमा तयार भयो। टुंडिखेलका पानीढिकीका जंगी मेगजिनका असवाफहरू त्यहीं लगी जडे। देशी बंगाली कालिगडहरू ल्याई तलब दिएर घरसमेत बनाई राखे। पसलहरू पनि उहीं राख्दा बहुतै गुलजार भयो। देशबाट ल्याएको कलघर र सबै खरखजाना भरपूर हुंदा बहुतै शोभायमान भयो।

संवत् १९३२ साल श्रावण शुदि ७ रोज १ का दिन १८।४ घडी दिन चढ्दा तथा साउनका २५ दिन जांदा श्री ५ महाराजाधिराजका जेठा पुत्र श्री ५ वलिहद महाराजाधिराज त्रैलोक्यवीरविक्रम पराक्रम जंग बहादुर शाहकी श्री ५ माहिला महारानीका गर्भबाट साहेबज्यादा पैदा हुंदा तोपको बढाई र नानातरहको नाचतमाशा तथा उत्सव भयो। श्री ५ साहेबज्यादा पृथ्वीवीरविक्रम शमशेर जंग बहादुर शाह भन्ने नाउं रह्यो। यी श्री ५ माहिला महारानी श्री ३ बडा मैयांमहारानी हिरण्यगर्भकुमारीका गर्भबाट जन्म भएकी हुन्।

यसै ३२ सालमा मन्त्री श्री ३ महाराज जंगबहादुं कुंवर राणाको पश्चिमतर्फ सवारी हुंदा महाकालीका किनारामा बेलायतको बादशाह क्विन भिक्टरियाका जेठा छोरा पछि बादशाह हुने साहेबज्यादा प्रिन्स अफ वेल्स बेलायतबाट हिन्दूस्थानको सफर गर्न आएका थिए। श्री ३ महाराजसंग भेट मुलाकात हुंदा साहेबज्यादाले शिकारको मनसुवा गरे। अनि आफू, साहेबज्यादा, आफ्ना र अंग्रेजका जनरल, कर्णेलहरूलाई हात्तीमा राखी भारी शिकार खेले। २०।२५ जिउंदा बाघ पक्री खोरमा हालेर अरू मारिएका बाघ, हात्ती, गैंडा, अर्ना आदि धेरै पशुहरू सबै साहेबज्यादालाई चढाए। ती सबै माल बेलायतमा पुग्दा यी महाराज अति शूरा, अकलवन्त र जमांमर्द भन्ने बाह्रै टापू बेलायतमा समेत नाउं प्रख्यात भयो।

३२ साल फागुन शुदि १० रोज १ का दिन १२ बजे साहेबज्यादाबाट "श्री ३ महाराज र उनका मुख्य यो यो मानिसलाई केही तोफा दिनेछन्। त्यस वेला श्री ३ महा-

राजले तिनीहरूलाई पनि साथमा ल्याउनुभए बढिया होला" भन्ने कुरा बिहान रेजिडेण्ट साहेबले पू. क. ज. धीरशमशेर जंग राणालाई भनिपठाएका थिए। १२ बज्न १५ मिनेट बांकी भएपछि श्री ३ महाराजको सबारी चलाउन आउंदा श्री ३ महाराज र तोफा पाउने मानिसहरू घोडामा चढी साहेबज्यादाका तम्बूमा पुगे। सबै जना दस्तूरमाफिक बसिसकेपछि साहेबज्यादा उठी आफूले लेखेको खलतारपत्र श्री ३ महाराजाधिराजकहां लगिदिनुहोला भनी श्री ३ महाराजका बाहुनीमा दिए।

त्यसपछि श्री ३ महाराजलाई सुनको तक्मा र किरीट आफैंले लगाइदिई बांकी सबै तोफा यो यो यस यसलाई भनी एक एक गरी देखाए। अनि साहज्यादा र महाराज कुर्सीमा बसी पू. क. ज. धीरशमशेर जंग कुवर राणालाई दिने तोफा सामान ल्याई किरीट आफैंले लगाइदिए। जनरल बबरजंग बहादुर राणालाई पनि मेचबाट उठी आफ्नै हातले तक्मा तोफा दिए। यस्तै प्रकारले कर्णेल फत्यबहादुर राणासंमलाई मेचबाट उठी आफ्नै हातले तक्मा तोफा दिए। अरू भारदार पगरीहरूलाई कुर्सीमा बसी एक एक जना डाक्दै आफ्नै हातले दिए। "म यहां आई तिमीहरूसंग मुलाकात गरी बेलायतको चीज तोफा दिएको पछिसंम परस्पर मित्रता रहोस् भन्नाका निमित्त हो" भनी साहेबज्यादाले भने। "मउपर यस्तो मेहेरमानी हुंदा करोड रुपियांले नपाउने पाएं। मेरा जीउ र बर्गतले धानेसंम हजुरको खरख्वाही गर्नामा तयार छु। यहांको यस्तै मेहरमानी सधैं रहोस्" भनी श्री ३ महाराजले भने। अनि साहबज्यादाले उठी सलाम गरे। श्री ३ महाराजले पनि ठुकेर सलाम गरे। त्यसै बखतमा पू. क. ज. धीरशमशेर जंग राणा उठी श्री ३ महाराजछेउ गएर सबै अफिसरहरूले "हामी सबै अफिसरमाथिसमेत शाहज्यादाबाट ठूलो मेहरमानी भयो। उहांका सरकारको केही काम परिआएमा हाम्रा सरकारबाट हुकुम पाउनासाथ तनमन लगाएर काम गर्न तयार छौं भन्छन्" भनी सुनाए। यो कुरा श्री ३ महाराजले हिन्दी भाषाबाट रेजिडेण्ट साहेबलाई भने। रेजिडेण्ट साहेबले अंग्रेजीबाट संझाईदिए। अनि साहेबज्यादाले अफिसरतिर हेरी हांस्दै सलाम उठाए। अफिसरहरूले पनि सलाम गरे।

त्यसै दिन २ बजे साहेबज्यादा हाम्रा मुलुकबाट रमाना हुने समय थियो। डेढ बजे तोपखाना, बादशाही बाजा र पल्टनसमेत जंगीपोशाक लगाई तयार भयो। साहेबज्यादा तम्बूबाट निस्कनेसाथ पल्टनले सलामी दियो। हात्तीमा सबार भई उनी रमाना भए। श्री ३ महाराज, जनरल, अफिसर, भारदारहरू सबैले महाकालीको किनार मुडियाघाटसंम पुऱ्याए। महाकालीपार शाहज्यादाको र महाकालीवार महाराजको तम्बू परेको थियो। फागुन वदि १० रोज १ का दिन ११ बजे मुडियाघाटबाट शाहज्यादाको सबारी बरेणीसंम बग्गीको डांकमा भयो। १५ मिनेटअगाडि श्री ३ महाराजले शाहज्यादाबाट तोफा पाउने अफिसरहरू साथ लिई तम्बूमा पुगेर शाहज्यादासंग बातचित गरे। शाहज्यादाले मेजर कपतान बहादुर गंभीरसिंह माझीलाई दिने तोफा ह्विजो पाएका छैनन्, दिनुहोला भनी महाराजलाई दिए। अनि शाहज्यादा सबैसंग बिदा भई रमाना भए। श्री ३ महाराजको सबारी पनि फिऱ्यो। सो रमाना हुंबे बखतमा त्यहांका बडासाहेबसंग कुराकहानी हुंदा पाहाडको बाटो पहिराले बिग्रेको खबर आउंदा चांडो बनाई तयार गर्न मानिस पठाएको छ भन्दा बडासाहेबले "किन पाहाडको तकलीफ खानुहुन्छ? महारानीलाई र हजुरलाई पनि दुःख हुन्छ। रेलको बाटो सबारी हुन्छ भने शाहज्यादालाई राखेको डांक छ, थाम्छु" भनी बडासाहेबले भने। "पल्टनसंग सल्लाह गरौं" भनी फर्केर पल्टनसंग सल्लाह गर्दा सबैले रेलको बाटो जान राजी भई विनति गरे। त्यो कुरा बडासाहेबसंग बन्दोबस्त बांधी रेलकै बाटो गरी नेपाल आइपुगे। अनि श्री ५ महाराजाधिराजको दर्शन गरी शाहेबज्यादासंग भएको शिकारको सबै बिस्तार गरे।

श्री ५ महाराजाधिराज सुरेन्द्रविक्रम शाहका कान्छा बडामहारानी श्री ५ देवराजलक्ष्मीदेवीलाई आराम नहुंदा आर्याघाट लरेका बाह्र दिनमा अर्थात् ३३ साल भाद्र शुदि ७ रोज ७ का राती २ घडी बांकी छंदा दानदक्षिणा सबै गरी स्वर्गे भइन्। भोलिपल्ट बिहान श्री ५ महारानीलाई बहिनी स्वर्गे भएको समाचार श्री ५ सार्हिला बडामहारानी सुरराजलक्ष्मीदेवीले सुनाइन्। त्यसबाट साह्रै अफसोस गरी मुखारी भएको केही बेरपछि केही नभएकी ती महारानी अकस्मात् बोल्न नसक्ने हुंदा हडबडसाथ आर्याघाट पुऱ्याएर दानदक्षिणाहरू गरी त्यसै दिन ७ घडी दिन बांकीमा स्वर्गे भइन्। दुवै महारानीको एकै दिन संस्कार भयो। श्री ५ माहिला बडामहारानीको क्रिया चौतरियाका छोरा बसे। श्री ५ कान्छा बडामहानीको क्रिया साहेबज्यू नरेन्द्रविक्रम शाह बसे।

त्यस अवस्थामा ब्राह्मणले १३ दिन र अरूहरुले ४५ दिन अशौच बरखी बानूं । ब्राह्मणले र बाबुआमा भएका अरूजातले जुंघाबाहेक गरी र अरू गैह्र जातले जुंघासमेत गरी मुण्डन गर्नूभन्ने उर्दी भई मुण्डन गरे । बरखीसंग रातो वस्त्र र पानहरू बारे । दशमीकर्ममा ब्राह्मणबाहेक अरू जातले उपाध्याय ब्राह्मणबाट पूजा जमरा रखाई काम गर्नू । टीकामा पहेंलो सेतो टीका लगाउनू भन्ने उर्नी गरी सोबमोजिम गराए । जूठोभित्र पर्न जांदा बन्द भएको इन्द्रयात्रा शुद्धशान्ति भएका दिन लिंगो उभ्याई गराए । अघि बन्द भई पछिबाट श्रीकुमारीको यात्रा भइसकेका छ दिनका दिन हात दुख्यो भनी कुमारी रोइन् ।

यी राजाका पालामा श्री महाराज जंगबहादुर कुवर राणाले भोट र लखनौतर्फ लडाईं हुंदा अघिका १६ पल्टल र पछि यी बजीरले जमाएका गरी जम्मा ५० पल्टन हुन् । अघिका १६ र जगदल १, रैफल १, भैरवनाथ १, गणेशदल १, गरी जम्मा २० पल्टन र तलब खाने ३० पल्टन थपी जम्मा ५० पल्टन खडा भएका थिए । दुवै लडाईं फत्य भएपछि विकाममा सरकारको खर्च गर्न मनासिब हुंदैन भनी साबिक २० पल्टनमध्ये सर्वध्वज १ र रणप्रियदल १ यी दुइ पल्टन कास्की लमजुङको राज्य श्री ३ महाराजलाई हुंदा जागीरदारको सट्टाभर्ना गरी खारिज भएका थिए । बांकी राखेका पल्टन रैफल १, राजदल १, महीन्द्रदल १, श्रीनाथ १, बज्रबहादुर १, शमशेरदल १, कालीबहादुर १, गणेशदल १, पुरानागोरख १, कालीबक्स १, जगद्दल १, नयांगोरख १, रामदल १, सिंहनाथ १ देवीदल १, शेर १, कालीप्रसाद १, भैरवनाथ १ जम्मा पल्टन १८ र तलबी पल्टन रुद्रध्वज १, नरसिंहदल १, छासकामिनी १, सूर्यदल १, जगन्नाथ १, जंगी १ गरी जम्मा पल्टन २४ रहेका हुन् । तुरुक सबार होष्टरी भन्ने खडा राखी अरू तलबी पल्टन सबै खारेज गरेका हुन् ।

भारदारतर्फ कम्याण्डर जनरललगायत मेजर जनरल, लेफ्टेण्ट जनरल, कम्याण्डर कर्णेल, कर्णेल, लेफ्टेण्ट कर्णेल गरी जम्मा ६० र अरू कप्तानलगायत जंगी पगरी अफिसरहरू ६००, निजामती पगरीहरू २०० जम्मा ८६० पगरीहरू खडा गरे । पोशाक लगाउनालाई चीन र बिलायतको पहिरनअनुसार हीरा, मोती, जुहार जडिएका र सवारीलाई चार घोडा लागेको बग्गी, मियाना, हात्ती, घोडाहरू तयार भए । बस्नालाई थापाथली दरबार र अनेक प्रकारका हवेलीहरू, तरह तरहका बैठकहरूमा झाड, पानस, तसस्वीर, भुइंझाड र नेपालका पुराना पुराना राजा बजीरका तसवीरहरू तथा चीन र बिलायतका चीजबीजहरूले भरिपूर्ण गराए । बर्घैंचामा जातजातका फलफूल र पंछीहरूले परिपूर्ण गराए । ऐनबमोजिम इन्साफ गरी आफ्ना भैभारदार, पगरी, पल्टन, फौज, दुनियां सबै आफ्ना कायम अदबमा राखे । भाइछोराहरूलाई क्रमैसंग रोल बांधे । धर्मपत्रको तामापत्र गरे । चीन र बिलातयका बादशाहसंग दोस्ती बांधी नेपालमा चित्रविचित्रका कारखाना खडा गराए । बादशाही तवरको हुनाले मजबूत बन्दोबस्त हुन गयो । श्री ३ महाराज जंगबहादुर कुवर राणा भन्ने चारै खुटमा नाउं चल्यो । यस्ता प्रकारले यी श्री ३ महाराजले निष्कण्टक बजीरी चलाई कास्की र लमजुङको महाराज भएर निष्कण्टक राज्य गरेका थिए ।

३३ साल मार्ग वदि ७ रोज ४ का बिहान यी मन्त्री श्री ३ महाराजले कालमोचन घाटमा बनेका श्रीनारायणका देवालयमा गजूर चढाई त्यसका कुना कुनामा पांच देवालय बनाएर बेवताहरू स्थापना गरे । विष्णुमती टंकेश्वरनेरका श्रीनीलवाराहीको अघि यात्रा गर्ने रीत चलेको थिएन, ३१ साल चैत्रदेखि दुनियांहरूका सम्मतले खटयात्रा चलाए । ३२ सालका चैत्रका यात्रामा छिपा, साल्मी र ज्यापूहरू मिली खटको छाना सुनको र १२ मूर्ति बनाई ध्वजा र बाजाहरूले संयुक्त श्रीलुमडीदेवीका यात्राको रीतबमोजिम यात्रा गरी स्थान पनि सबैका सम्मतले राम्रो पारेर सत्तल बनाई रमणीय गराए । त्यहां श्री ५ सरकारबाट पनि नित्यपूजा गर्न गूठी राखियो । त्यहांदेखि नीलवाराहीको खटयात्रा चलेको हो ।

यिनै राजाका पालामा गोरखाका इलाकामा लखन थापाको अवतार हुं भनी एउटा लुच्चो मगरले "अब मनकामनामा गई पूजा गर्नुपर्दैन, म यहीं पूजा गरिदिन्छु" भनी आफूले पांच तले घर बनाई मौलो गाडेर सधैं पूजा गर्दो रहेछ । दुनियांहरूलाई पनि प्रतीत पारी गाउं गाउंबाट पंचबलि, बीसासयबलि र कोरा पूजासमेत ल्याई पूजा गर्ने गर्दा दुनियांहरूले श्रीमनकामनाको पूजा गर्न छाडे । त्यसबाट देवी कोप भइन् । ३३ सालमा त्यल लुच्चो मगरले श्री ३ महाराजका गाथमा दगा गर्न आफ्ना तहमा चल्ने

मानिसहरूसंग मतजत गरी हातहतियार, बन्दूक, धनाहरू जम्मा गर्न लागेको रहेछ । गोरखाका मानिसहरूले सुइंको पाई चियोचर्चो गर्दा तहकित ठहराए । अनि नेपालमा आई श्री ३ महाराजका हजुरमा विनति गरे । महाराजबाट अफिसर सिपाहीहरू खटाएर पठाउंदा उनीहरूले त्यस मगरको घर घेरे । त्यसलाई र त्यसका मतियारहरूलाई पक्रेर नेल ठोकी त्यसले जम्मा गरेका हातहतियारसमेत ल्याई थापाथलीमा नजर गराए । केरकार गर्दा कायल भयो र त्यसलाई र त्यसका महतीहरूमा मुद्दा मुद्दाहरूलाई सर्वस्व गरी कुन्डघाई मारे । अरूहरूलाई कैलखानामा हाली त्यसको पूजा गर्ने घर र ठाउं मैदान पारी भत्काइदिए ।

३३ साल फागुन शुदि ८ रोज ४ मा श्री ५ महाराज सुरेन्द्रविक्रम शाहले कम्याण्डर इन चीफ कृष्णबहादुर राणाका मैयां पुण्यकुमारीदेवीलाई विवाह गरे । त्यस बखतमा श्री ३ महाराज जंगबहादुर कुवर राणा मध्येसतर्फ शिकारमा गएका थिए । गोविन्द द्वादशीका दिन बिहान हात्ती, घोडा आदि भारी दानदक्षिणा गरिसकेपछि ज्यूनार नहुंदै दैवका इच्छा अकस्मात् दुइ तीनफेरा दिसा र वमन भई साह्रै भए । अनि श्री ३ मैयां बडा महारानीले मियानामा राखी लावालश्कर सबै साथमा लिएर वनवनैको बाटो जल्दाजल्दै सबारी चलाइन् । रातको तीन चार घडी चढ्दा पत्थरघट्टा पुगेर त्यहां वागमतीको जलयोग पाई ३३ साल फागुन शुदि १२ रोज १ का दिन श्री ३ महाराज जंगबहादुर कुवर राणा स्वर्ग्य भए । त्यहां हाहाकार हुंदा लासको संस्कार गर्ने अहिले भएन भनी तेलमा डुबाइराखे ।

त्यसपछि मैयां महारानीले आफू सती बसी लेफ्टेन बानियां, भोटु दारोगा र हर्षमानलाई उत्तिखेर घोडा चढाई नेपालमा खबर पठाइन् । दुइ दिनैमा नेपालमा खबर आइपुग्दा श्री ५ बलिहद महाराजाधिराज, उनका श्री ५ माहिला बढा महारानी, पू. क. ज. धीरशमशेर जंग, उ. क. ज. जीतजंग बहादुर, जनरल पद्मजंग बहादुर कुवर राणाहरूको सबारी भयो । दुइ दिनमा पत्थरघट्टा पुगी स्वर्ग्य भएका चार दिनमा तेलमा डुबाएको श्री ३ को लास झिकी माहिला छोरा जितजंग बहादुरका हातबाट श्री ३ महाराजको र श्री ३ मैयां बडा महारानी तथा अरू दुइ महारानी पनि सती तिनीहरूको पद्मजंग बहादुरका हातबाट दागबत्ती र संस्कार भयो । नेपाल फर्केपछि जेठा छोरा जगत्जंग बहादुरसमेत सबै भाइहरू क्रिया बसे ।

सहगामिनी भएका महारानीहरूबाट दानपुण्य र बक्स भएको ढड्डामा ती सतीहरूले लेखाएबमोजिमको फांट यस प्रकार छ:–

श्री ३ मैयां बडा महारानीबाट– श्री ३ महाराज स्वर्ग्य भएका ठाउंमा हामीहरूको मूर्ति मन्दिर, सत्तल, बर्वैंचा र तलाउ पछिसंम रहने गरी बनाउनू । त्यसै ठाउंमा हामीहरूको मूर्ति पनि बनाई राखिदिनू । रोजिन्दा आउने जाने फकीरफकेडा, लूलालंगडा, कानाखोरण्डाहरूलाई सदावर्त खान दिनू । मन्दिर बनाउनाके रु. ४०००० , सदावर्त राख्नाके रु. ४०००० , गूठी राख्नाके रु. ३०००० , जम्मा कम्पनी रुपैयां ११०००० संकल्प गरी असर्फी १० निग्रह कृतैतत् संकल्प गरिदिइन् । पुतली महारानीबाट–सदावर्तके ५०००० संकल्प भयो ।

श्री ३ बडा महारानीबाट ८००० र मिश्री महारानीबाट ७००० जम्मा रु. १५००० काशीवासी ब्राह्मणहरूके दक्षिणा र भोजनका निंति संकल्प भयो ।

श्री ३ बडामहारानीबाट ४००० , पुतली महारानीबाट ४००० , मिश्री महारानीबाट १००० जम्मा कम्पनी ९००० चारधाममा ब्राह्मणभोजनके संकल्प भयो ।

श्री मैयां महारानीले जनरल पद्मजंग बहादुरले हाम्रो श्राद्ध गर्नू भनी कं. रु. ४००० श्राद्धगूठी राखिन् ।

मैयां महारानीले ७५०० , अरू दुइ महारानीले १०००। १००० जम्मा ९५०० गाईदानको निग्रहको संकल्प भयो ।

तीनै महारानीबाट बाहुन बाह्रनीहरूलाई २५००० को बिर्ता बक्स भयो ।

पुतली महारानीबाट चोभार गणेशको नित्यपूजाको कं. रु. १००० संकल्प भयो ।

मिश्री महारानीबाट कालमोचनमा नारायण स्थापना गर्ने र गूठीसमेतके ८००० , सदावर्तके ७००० जम्मा १५००० संकल्प भयो ।

त्यसपछि भाइ, छोरा, जुवाई, छोरीहरूलाई बक्स

भएको– श्री ३ बडामहारानीबाट महिला छोरा ज. क. ज. ललितजंग बहादुर रु जनरल फत्तेजंग बहादुरलाई जनहि दुइ दुइ लाख, भाइ पू. क. ज. धीरशमशेर जंग बहादुरलाई पनि दुइ लाख, कम्याण्डर इन चीफ जनरल रणोद्दीपसिंह राणालाई पद्मसुमारीके ३०००, जनरल जगत्शमशेर जंग राणालाई १०००, जनरल अम्बरजंग राणालाई १००० बक्स भयो ।

पुतली महारानीबाट आफ्ना नातिनी मैयां दुइके दुइ दुइ लाख, नाका मैयांके ४०००० गरी छोरीजुवाई र नातिनाहिना ग्रह सबलाई लाखौं दानदक्षिणा भयो । बाहुन-हरूलाई पनि हजारौं दान भयो ।

गहनाहरूमा– तीनै महारानीबाट हीराको माला, सुनको गुडगुडी हुक्का, सानागाउंको अठार खेत बिर्तासमेत श्री ५ बलिहद महाराजलाई चढ़ाए ।

श्री ५ बलिहद महिला बडामहारानीलाई हीराको फूल र कडाहरू चढाए । अरूहरूलाई अरू गहनाहरू बांडिदिए । यस्ता तरहसंग भारी दानपुण्य भयो ।

अब उप्रान्त श्री ३ महाराज दाज्यूबाट गरी गराइ-बक्सेका धर्मपत्र र तामापत्रबमोजिम कम्याण्डर इन चीफ रणोद्दीपसिंहलाई महाराज मानी उनले लाए अह्राएबमो-जिम भरमुलुकको कामकाज राम्रो गरी चलाई दुनियांहरू-लाई सुख दिएर श्री ५ को सोझो गरी दाज्यूको नाम थामी बस, तिमीहरूको जय होओस् भनी कान्छा भाइ धीरशमशेर जंग राणालाई र छोराहरूलाई अति आशीर्वाद दिई तीनै महारानी सहगामिनी भए ।

यस दानपुण्यको जम्मा गिनति– श्री ३ मैयां बडामहा-रानीबाट भएको सुनको असर्फी थान २३, कम्पनी रु. १३५८३४।।।१. १, मोहरु. ७५०१८७।। ≡ ।२, जम्मा रुपैयां ८८६२८८। ≡ ।३, पुतली महारानीबाट भएको असर्फी थान ११, कं. रु. ७०३१०, मोहरु. १२८०३६ जम्मा रु. १९८३५७, मिश्री महारानीबाट भएको कं. रु. ८०००, मोहरु. २६११०, जम्मा रु. १०६११०, तीनै महारानीकी जस्मा सुनको असर्फी थान २४७, कंपनी रु. २१४१४४।।।.१. मोहरु. ९०४३३३।। ≡ ।२ सबै जम्मा १११८७२५। ≡ ।१ भयो । गहना र जुहारतहरू अन्दाजी तीन चार लाख हुनन् ।

नेपालमा काजक्रिया हुंदा भएको दानदक्षिणा, घरखेत, हाली-घोडा, चार घोडा लाग्ने बग्गी, सियाना, कमाराकमारी, गाईबैंसी इत्यादि दान भएको डेढ लाखसमेत सबै जम्मा गर्दा पन्ध्र सोह्र लाखको भीडभाड दानपुण्य भयोहोला ।

यी श्री ३ महाराज स्वर्ग्य भएपछि नेपाल भरमुलुककका राजारानी, भैंभारदार, फौज, पल्टन, प्रजाप्राणी सबैले बहुत अफसोच गरे । जागीरदार ग्रह सबले बाबुआमा नभएकाले जुंघासमेत र अरूले खाली मुण्डन गरी १३ दिनसम बरखी बारे । यी श्री ३ महाराज जंगबहादुर कुवर राणाले आफ्ना बाहुबल, बुद्धि र पराक्रमले अनेक अनेक पुरुषार्थ गरी चारै खूट चारै दिशामा नाउं चलाई ३१ वर्षसम निष्कण्टक बजीरी चलाएर कास्की र लमजुङको राज्य भोग गरी पर-लोक भएका हुन् । अब पछि यस्ता मन्त्री हुन दुर्लभ छ ।

यसपछि श्री ५ महाराजाधिराजबाट यिनै श्री ३ महा-राज जंगबहादुर कुवर राणालाई बक्सेको रोलबमोजिम श्री कम्याण्डर इन चीफ जनरल रणोद्दीपसिंह कुवर राणा-लाई श्री ३ महाराजको खिताप बक्सियो । यो दिन पाटन बस्ने पू. क. ज. जगत्शमशेर जंग कुवर राणालाई कम्याण्डर इन चीफ र अरू उनका भाइछोरालाई रोलबमोजिम दर्जा र खानगी बढाइबक्सियो । उसीहरू सबैले रोलसंग दर्शन गरे ।

संवत् १९३३ साल चैत्र वदि ३ रोज ६ मा श्री प. का. क. धीरशमशेर जंग बहादुर राणा र नातिगुरुज्यू टुंडिखेलमा परेटन भएका ठाउंनेर आई "श्री ५ बाट महाराजी खिताप बक्सिएको हुनाले अबउप्रान्त यिनको (रणोद्दीपसिंहको) हुकुम मान्नू, जसले यिनको हुकुम मानोइन उसलाई भारी सजाय हुनेछ" भनी स्पीच सुनाए । श्री ५ तर्फबाट रेजिडेण्ट साहेबलाई यारदास्त लेखी पठाए पनि । यी श्री ३ महाराज रणोद्दीप (रणोद्यत) सिंह कुवर राणाको जन्म संवत् १८८२ वैशाख पूर्णिमा वैशाख २२ दिन जांदा दिनगत २२।५७ सिंह लग्नमा भएको हो । यी श्री ३ महाराजबाट बजीरीको कामकाज चलाउंदा अघि दाज्यैज्यूबाट गरेका रीतिस्थितिको लंघन कत्ति नगरी सोही रीतिस्थिति थामी राजकाज गर्दथे ।

३३ साल चैत्र वदि रोज ३ का दिन बिहान १४ घडी दिन चढ्दा बादल, पानी केही नभई घाम लागेको लाग्दै

अकस्मात् हरिसिद्धि गाउंको २५ हात जमीनमा ठूलठूला बूंदको रक्तवृष्टि हुंदा सबै आश्चर्य भए। ३३ साल चैत्र शुदि ८ रोज ५ का दिन सुर्ती, तमाखु, सिद्राको एकहट्टी खारिज गरी अबउप्रान्त सबैले बेपार गर्नू भन्ने ऊघाली पिटाउंदा सबै दुनियां खुशी भइ सुर्ती तमाखु, सिद्राको बेपार गर्न लागे।

३४ साल आषाढ शुदि ५ का दिन चीनबादशाहका हजुरमा प्रतिपांच वर्षमा जानुपर्ने रीतअनुसार सरसौगात लिई ४५ जना मानिसका साथमा कर्णेल तेजबहादुर राणा चीनतर्फ कूच भए। यसै साल भाद्र शुदि १५ रोज ७ का दिन श्री कुमारीको यात्रा हुंदा ह्नंकन्तला टोलमा रथ पुगेपछि कुमारी कोप भई रिसाउंदै कराउन लागिन्। अस-नटोलदेखि रोएकी कुमारी अनेक प्रकारले बुझाउंदा पनि नबुझदा पछेउराका पर्दाले बेह्री रथ चलाए। दरवारका ठूलाघण्टानेरको भगवतीको सत्तल नाघेपछि रुन छाडिन्। यस सालको जात्रामा यस्तै भयो।

३४ साल मार्ग वदि ६ रोज २ का दिन श्री ३ महा-राजबाट पच्चीस छब्बीस सय खर्च गरी पशुपतिनाथका गौचरमा आफू श्री ३ महाराज भएको खुशीनामाको जाफद गरी आफ्ना भाइछोरा, भैंभारदार, पल्टन, पगरी, निजा-मती, जागीरे, ढाक्रे सब कामदार कारिन्दाहरूलाई विवेक-सारको कागज बांची सुनाई अनेक तरहका मेवा, मासु, रोटी आदि भोजहरू खुवाउंदा सबैले जय जय पुकारा गरे।

संवत् १९३४ साल मार्ग वदि ७ रोज ३ मा अघि सनातनदेखि मासिने र आमाबाबुले आफ्ना नाउंबाट बेच्ने गरेका जति कमारा कमारी हुनुपर्ने रीत चलिआएकामा श्री ३ महाराज जंगबहादुर कुवर राणाले आमाबाबुका नामबाट अब उप्रान्त कसैले कमारा कमारी नकिन्नू, नबेच्नू, मासिएका मात्र कमारा कमारी गर्नू। बांधा बंधितिनी पनि ज्यू बांधा नराख्नू भन्ने स्थितिको ऐन गरिएको थियो। यी महाराजबाट अबउप्रान्त मासिने भए पनि नमास्नू, दण्ड कैद गरी छाडिदिनू भन्ने ऐन जारी भयो। ३४ साल मार्ग वदि १० रोज ६ का दिन धर्मकचहरी खारिज भयो। इटुंबहा-लको टक्सारकचहरी चार अदालतनेर सऱ्यो।

३४ साल माघ वदि ७ रोज ६ का दिन चीन बादशा-हबाट श्री ३ महाराजलाई थोङ लिङ पिम्माको काङ बाङ स्यान् भन्ने खिताप पठाउंदा चिनियां भारदारहरूले बुझाई फर्के। श्री ३ महाराज जंगबहादुर कुवर राणाका काहिला महारानीले ३४ साल माघ महीनामा श्री वत्सलेश्वरीको देवालय सुनको छाना गरी बनाइन्। त्यसपछि बढाउन हुन सक्नेसंम टुंडिखेल बढाउन खन्दै सफा गर्न लागेका थिए।

संवत् १९३४ साल चैत्र वदि १२ रोज ७ का दिन तेस्रा प्रहरमा श्री ५ महाराजाधिराज त्रैलोक्यवीरविक्रम जंगबहादुर शाहलाई शूलको व्यथा लाग्दा दरवारैमा ३१ वर्षको उमेरमा स्वर्ग्य भए। पशुपति आर्याघाटमा लगी दाहादि कामकाज भयो। दुनियांहरूमा आमाबाबु नहुनेले जुंघासमेत मुण्डन गरी ४५ दिन बरखी र ब्राह्मणले मुण्डन गरी १३ दिन बरखी बारे। जूठाभित्र पर्दा बन्द भएको घोडेजात्रा र लुमडीजात्रा पनि चैत्र शुदि १५ रोज ४ का दिन गराए। वत्सलादेवीको र भादगाउंको विश्वकेतुयात्रा भने अघि सनातनदेखि बन्द नभएको हुनाले जूठैभित्र चलाए। यी वलिहद महाराजका शुद्धशान्तिका भोलिपल्ट माहिला साहेबज्यू नरेन्द्रविक्रम शाहका जेठा पुत्र आठ वर्षका उमेरमा स्वर्ग्य हुंदा चार दिन जूठो बराए।

३५ साल आषाढ वदि ११ रोज ४ का दिन श्री तले-ज्यूका तल्ला छानामा सात आठ घडीसंम गिद्ध बसिरह्यो। ३५ साल आषाढ महीनामा टुंडिखेल र छाउनीघर तयार हुंदा खूब राम्रो देखियो। त्यहां एउटा पुरानो बौद्धमन्दिर छाउनीघरका बीचमा पर्ने जांदा नयां गरेर बनाई बीचमै राखे। यो टुंडिखेल बनाउन अख्त्यारी पाउने पू. क. ज. धीरशमशेर जंगबहादुर हुन्। त्यस वेलाका श्री ३ महारा-जको प्रशस्ति यस प्रकारको थियो—

स्वस्ति श्रीमदतिप्रचण्डभुजदण्डेत्यादि श्री ३ महाराज रणउद्दीपसिंह राणाबहादुर के. सी. एस. आई. थोङ लिङ पिम्माको काङ बाङ स्यान प्राइम्मिनिष्टर याण्ड कम्याण्डर इन चीफकस्य रुक्का।

त्यसपछि ३५ सालका ज्येष्ठ महीनामा फेरि पूर्व पश्चिमका साबूद जवान, रसदको लगत हुने, मिलसिया काम जांची बुझी टिकट दिने काममा पश्चिमतर्फ लेफ्टेण्ट कर्णेल अमृतसिंह अधिकारी क्षत्री र पूर्वतर्फ लेफ्टेण्ट कर्णेल इन्द्रसिंह खत्री क्षत्री खटिए। उनीहरूले आ-आपना ठाउंमा गई ५।७ महीनामा काम सिध्याई आए। ३५ साल भाद्र

शुदि ८ रोज ४ का दिन पाल्पा तानसेनमा र डोटीमा तीन सूर्यको उदय भएको त्यहांका मानिसहरूले देख्दा सरकारमा अर्जी चढाई पठाए। यही भाद्र शुदि १४ रोज ४ का रात र दिन छुट्टिदा काठमाडौंमा घेरै बेरसंम रक्तवृष्टि भयो।

३५ साल आश्विन शुदि ४ रोज २ का दिन थमौती हुंदा जंगी पल्टनले थमौतीको सलामी नदिई "यस खानगीमा राजी छैनौं" भनी मुक्तियारका दलानमा बन्दूक सुताइदिए। त्यो कुरा हुज्जत ठहरिंदा पल्टनका सारजंग अजिटनलाई दोहोरा लात मार्दै कुटेर नेल गलफन्दी ठोकी झेलखानामा कैद गरे। पगरीहरूलाई खोसेर सिपाहीहरूलाई रैफल पल्टनले घेरा दिई तोपखानामा रातभर थुनेर चेताई भोलि-पल्ट थमौती गरे।

३५ साल आश्विन शुदि ८ रोज ५ का दिन गोरख कालिकाका स्थानमा जमीनबाट कमिला घमिरा जस्ता एक डबलका कीरा लाखौंको संख्यामा १८ घडीसंम निस्किरहे। पछि अर्धरात्रीका बीचमा कालरात्रीका रांगाको टाउको राख्न जांदा ती कीराहरू एक पनि देखिएनन्, त्यहीं लोप भए। त्यहां यस्तो आश्चर्य भयो।

३५ साल कार्तिक वदि ५ रोज ४ मा विश्वरूपका वर्षबन्धनका दिन श्री ३ महाराजको मृगस्थली सबारी हुंदा नारायणहिटी दरवारमा गिद्धिनी बसेको सबैले देखे। त्यो कुरा अमंगल ठहरिंदा शान्तिस्वस्ति गरे। यही साल कार्तिक शुदि १५ रोज ७ मा जेठा गुरुज्यू नगेन्द्रराज पण्डितज्यू स्वर्ग्य भए। यही पौष वदि ४ रोज ६ का दिन काशीवास गएका बडागुरुज्यू विजयराज पण्डितज्यू काशीमै परलोक भए। यस सालमा शहर र गाउं गाउंमा गरी शीतलाका बेथाले दश बाह्र हजार बालकहरू मरे।

श्री ५ महाराजाधिराजबाट ३५ साल चैत्र शुदि १ रोज १ का दिन आपना नाति पृथ्वीवीरविक्रम शमशेर जंग बहादुर शाहलाई युवराजाधिराज भन्ने पदवी बक्सियो। ३६ साल वैशाखमा अघि लखनौबाट आई पानीढिकीमा बसेकी बेगम मर्दा मुसलमानका रीतबमोजिम उनका छोरा बृच्चिस कदरले काजक्रिया गरे।

३६ साल वैशाख वदि १ का दिन श्री ३ महाराज जंगबहादुरका जेठा छोरा पू. क. ज. जगत्जंग बहादुर कुवर राणाले पशुपतिका मन्दिरमा धेरै धन खर्च गरी सुनको ठूलो बसाहा बनाई चढाए। त्यहां पुरश्चरण गरी धेरै ब्राह्मणहरूलाई दानदक्षिणा र भोजन गराए। यसै सालमा कलकत्ताबाट सेतो पत्थर झिकाई श्री पशुपतिनाथका मन्दिरका गाह्रामा टांसी बहुत मिहिनेत गरी बनाउंदा बहुतै राम्रो देखियो। यसै सालमा श्री ३ महाराजले अघि पुर्खा रामकृष्ण कुवरले बनाएको वागमतीपारिदेखि गुह्येश्वरी-संमको ढुंगा छापेको बाटो पुरानो भयो भनी अघिको भन्दा राम्रो तवरले सिढी नजीक नजीक पार्दै सजिलो गराई पुर्खाका कीर्तिको जीर्णोद्धार गरे। यही साल ज्येष्ठ वदि १ का दिन श्री ३ महाराजले नारायणहिटीका नारायणका देवालयमा सुनको चक्र भएको गजूर राखी रंगरोगनले चित्रकारी भराएर बहुत सुन्दर गरी चौघरासमेत बनाइ-दिए।

३६ साल ज्येष्ठ वदि ५ का दिन कम्याण्डर इन चीफ जगत्शमशेर जंग राणा बहादुर शोथका व्यथाले स्वर्ग्य हुंदा राणाका रोलबमोजिम कान्छा भाइ पू. क. ज. धीरशमशेर जंग राणा बहादुरले ३६ साल ज्जेष्ठ शुदि ५ रोज २ का दिन कम्याण्डर इन चीफमा दर्शन गरी कामकाज चलाए। पू. क. ज. जगत्जंग बहादुर राणाले पनि रोलबमोजिम प. क. ज. मा दर्शन गरी पल्टनको ग्रैंड कामकाज चलाए। एवं क्रमसंग छोराहरूमा रोलबमोजिम सबैको दर्जा र मान बढ्यो।

यिनै राजाका पालामा देशबाट गंगामाई भन्ने एउटी राजाकी छोरी आई पशुपतिका सत्तलमा बसेकी थिइन्। तिनले बीस पच्चीस हजार खर्च गरी राजालाई समेत लिंता गरेर आर्यघाटमा गंगामाईको स्थापना गरी देउपाटनभरमा गंगामाईको रथयात्रा चलाएर सबै दुनियांलाई देखाई देवा-लयसमेत बनाइदिइन्। ३६ साल मार्ग वदि ६ का दिन पाटनदरवारका अगाडिका कृष्णका मूर्तिबाट अकस्मात् पसीना आउंदा त्यहांका पल्टन पगरीलाइ हेर्न पठाई निश्चय गरे। पूजाहारीले देवताका काखीबाट आएको पसीना रुमा-लले पुछ्दा पनि आइरह्यो, शमन हुन सकेन। ३७ साल वैशाख वदि १३ रोज ६ का दिन पाटनदरवारका दसैंघरमा दिगन्तलेजुमा गिद्ध बस्यो र शान्ति गराए। यसका भोलि-पल्ट दक्षिणकालीका नजरमा आंसु बही पसीना आयो। यही ज्येष्ठ शुदि ६ रोज २ का दिन रात्रीमा पूर्वतर्फ इन्द्रा-

गणी पऱ्यो । आषाढ वदि १४ रोज ३ का दिन बांगेमूढा-टोलदेखि ठहिटीटोलसंम अकस्मात् बिहानको ६।७ घडीसंम रक्तवृष्टि भयो । आषाढ शुदि ४ रोज १ का दिन फूलचोकका नौधारामा चार दिनसम्म लगालग हाथू नाउं भरेको पंछी देखियो । यस्ता प्रकारले यस सालमा यस्ता धेरै उपद्रव देखिए ।

त्यसपछि श्री ५ महाराजाधिराजका हजुरमा विनति गरी श्री ३ महाराज रणउद्दीपसिंह राणा बहादुरले आफ्ना जेठामहारानी, माहिला श्री ५ बडामहारानी हरिप्रियादेवी, कान्छा महारानीसहित गरी श्री ५ वलिहद बड़ामहारानी तीन छना र अरू कम्याण्डिङ जनरल, जनरल, कर्णेल अफिसरहरू धेरै साथमा लिई तीर्थ गर्नाका निति ३७ साल मार्ग वदि ५ रोज २ तिष्य नक्षत्रको रात्री ६।५० बांकीमा साइत गरी बेशान्तर सबारी भयो । यही मार्ग शुदि ४ रोज १ का दिन रुद्रध्वज १, छधास्कामिनी १, नरसिंहदल १, पोखरामा रहेका देवीप्रसाद पल्टन १, पूर्व र पश्चिममा रहेका भैरवदल १, भवानीदल १, कालीदल १ समेत खारेज भए । पूर्व र पश्चिमका चौबीस अड्डालाई चाहिने मिलसिया बखत बखतमा भर्ना गरी चार महीना कवायद खेलाएर दरमाहा दिई चार महीना पुगेपछि आफ्ना घरमा जान दिने, फेरि अरू चारमहीने भर्ना गरी कवायद खेलाउने रीत गरेर मिलसिया खडा गरी ठाउं ठाउंमा राखे ।

यसै साल माघ वदि १४ रोज ७ का दिन बिहान आठ घडी दिन चढ्दा पाटन मूलचोकमा श्री तलेज्यूको दसैंघर भएको तीनतले देवालयको माथ्तलाका छानामा गिद्ध बस्यो । त्यसै दिन कुम्भेश्वरका देवालयमा गिद्ध बसी त्यहांबाट पनि उडी तलेज्यूका छानामा बसेर उडी गयो । त्यसै दिन दुइ घडी रात चढ्दा गिद्ध आई तलेज्यूका छानामा रातभर बसेर उडी गयो । सो कुरा जाहेर हुंदा सरकारबाट भारी शान्तिस्वस्ति भयो ।

त्यसपछि श्री ३ महाराज रणउद्दीपसिंह राणा बहादुर र श्री ५ वलिहद महारानीहरू सबै जगन्नाथ, रामेश्वर र द्वारिकानाथ यी तीन धाम र अरू ठाउं ठाउंका तीर्थहरूसमेत गरी तत्तत् ठाउंमा धेरै अड्का, दानपुण्यसमेत गर्दै दश बाह्र लाख खर्च गरी देश देशका चीजबीजहरूसमेत साथमा लिएर कलकत्ताका लाठसाहेबसंग भेटमुलाकात गरी ३७ साल चैत्र शुदि ८ रोज ६ का दिन आनन्दसंग नेपालका राजधानीमा सन्ध्याका समयमा दरबारमा सबारी भित्रियो । सबारी फिर्ने दिनमा ठाउं ठाउंका दोबाटा दोबाटामा ठूलाठूला ढोका बनाई कुण्डासमेत कुण्डघाएका थिए । काठ जतिमा कपडाले मोहोरी ध्वजापताका र रंगीविरंगी कुण्डासमेतले सजाएका थिए । दोहोरो कुचाउ र फूलको बारले त्रिपुरेश्वरदेखि नारायणहिटीसम बहुतै शोभायमान गरी सजाएका थिए । दोहोरो पल्टनको लामका साथै ठाउं ठाउंमा नाचगान र लावा, अबीर, फूल, सिन्दूर, धूप इत्यादि शकुन वस्तु लिएका मानिसहरू उपस्थित थिए । यस्तो भारी स्वागतउत्सवमा मुक्तियार र गैह्र अफिसर, भारदार, पगरीसमेत सबारी लिन थानकोटसंम गए ।

श्री ५ महाराजाधिराज सुरेन्द्रविक्रम शाहका गाथमा आराम नभई औषधी गर्दा पनि व्यथा झन् बढ्दै जांदा ३८ साल वैशाख शुदि ११ रोज २ का दिन धेरै दानपुण्य गरी धेरै कैदीहरूसमेत छाडेर गाउं गाउंका धेरै ब्राह्मणहरूलाई दानदक्षिणा दिए । अनि पालकीमा चढी बाटा वाटामा रुपियां छर्दै श्री पशुपतिनाथका शरणमा गए । त्यहां ९ दिनसंम राज भएपछि धेरै दानपुण्य, गोदान, ब्राह्मणभोजन, फकीरफकेडाहरूलाई भण्डारासमेत दिई ३८ साल ज्येष्ठ वदि ४ रोज ३ गते ६ का १४।१५ घडी दिन बांकीमा लाखौं दानपुण्य गर्दै ३४ वर्षसंम राज्यको सुखभोग गरेका श्री ५ महाराजाधिराज सुरेन्द्रविक्रम शाह आर्याघाट ब्रह्मनालमा जलयोग पाई स्वर्ग्य भए । युवराज वलिहद श्री ५ त्रैलोक्यविक्रम शाह अघिबाटै स्वर्ग्य भएको हुंदा नाति श्री ५ युवराजाधिराज पृथ्वीवीरविक्रम शाहलाई नासलचोकका डबलीमा इन्द्रजात्रामा राज हुने सिंहासन राजगद्दीमा राज गराए । अनि श्री ५ महाराजाधिराज सुरेन्द्रविक्रम शाहको गाथ श्री ५ माहिला साहेबज्यू नरेन्द्रविक्रम शाहका बाहुलीबाट संस्कार गराई पूर्णेश्वरमा क्रियां राखे ।

श्री ५ पृथ्वीवीरविक्रम शाह ।

श्री ५ महाराजाधिराज पृथ्वीवीरविक्रम शाहदेव गादीमा राज भएपछि दुनियांलाई तीन कुरा बक्सियो:—

१. बाबुबाजेले बुझाउनुपर्नेमा कुमारीचोकबाट छोरानाति थुनी बहुतै दुःख पाएकालाई छाडिदिनू ।

२. ६२ सालमा हरण भएका देवता र ब्राह्मणको जग्गाजमीन अघि फिर्ता हुंदा नपाउनेहरूलाई अब च्यांग्रे कौसीबाट फिर्ता दिनू ।

३. १६ वर्षदेखि अघिका बाकीबक्यौता दुनियांहरूलाई माफ भयो, नलिनू र बहीपत्रमा शून्य लेखिदिनू ।

यी तीन कलम बक्स हुंदा दुनियांहरू बहुत खुशी भए ।

त्यसपछि ६ वर्षका बालक श्री ५ महाराजाधिराज पृथ्वीवीरविक्रम शाहलाई काखमा राखी मन्त्री महाराजबाट राजकाज चलाइयो । जूठो बार्न उपाध्याय ब्राह्मणलाई १३ र अरू गैहलाई ४५ दिन बरखी बारी ऐनबमोजिम गर्नू भन्ने अदालतमा पूर्जी टांसिदिदा दुनियांहरूले पनि सोही हुकुम र ऐनबमोजिम बारे । यी राजाले यही ज्येष्ठ शुदि ११ रोज ४ का दिन बडासाहेबसंग नौछेबैठकमा प्रथम मुलाकात गरे ।

संवत् ३८ साल आषाढ वदि १२ रोज ४ का दिन अटकोनारायणको दाहिना हात खस्यो । यही आषाढ शुदि १ रोज २ का दिन उत्तरपट्टि पुच्छ्रे तारा (धूम्रकेतु) ९।१० दिनसम देखिदा साह्रा दुनियांले हेरे । यही आषाढ शुदि २ रोज ३ मा श्री ५ महाराजाधिराज पृथ्वीवीरविक्रम शाहदेवको मोहरमा नयां टक्को साइत भयो । यही आषाढ शुदि ६ रोज ७ मा मत्स्येन्द्रनाथका नजरबाट आंसु आयो । त्यसका भोलिपल्ट पचलीखेलमा अकस्मात् तीन चार हजार भंगेरा मरिरहेका देखिए । मटली र दमाईटोलमा पनि धेरै भंगेरा मरिरहेका देखिए । यसअघि यस्तो कहिल्यै पनि भएको थिएन । यसै दिन हावा बहुतै चलेको हुंदा नारायणहिटीका तीनधारामा बज्र पर्दा त्यहां रहेका तीन जना मानिस लाटा भए । यसै सालमा लुमडीका बाह्रवर्षे नाचको सांग्य भयो ।

३८ साल आषाढ शुदि १३ रोज ६ का दिन श्री ५ बूढा महाराजाधिराज राजेन्द्रविक्रम शाहलाई आराम नहुंदा व्यथा बढ्दै गयो र श्री पशुपतिनाथका शरणमा गए । त्यसको भोलिपल्ट सूर्यमण्डल पनि भयो । श्रावण वदि १ रोज ३ का दिन भारी दानपुण्य गरी स्वर्ग्य हुंदा सबै दुनियांहरूले ऐनबमोजिम चलिआएको बरखी बारे । श्रावण शुदि ७ रोज ३ का दिन श्री ५ महाराजाधिराज पृथ्वीवीरविक्रम शाह ६ वर्ष पुगी ७ वर्षको उमेरमा प्रवेश हुंदा तुलादान र अरू ठूलठूला दानसमेत धेरै दानपुण्यहरू भए । सोही मार्ग शुदि १० रोज ४ का दिन १०।११ घडीका साइतमा नासलचोकका मण्डपमा गुरुज्यूका हातबाट राज्याभिषेक लिइबक्सियो । त्यही डबलीका गादीमा राज भई सबैलाई दर्शन दिइबक्सियो । सबै जनाले रुपियां र अशर्फी राखी दर्शन गरे । आनं हात्तीमा सवारी भई काठमाडौं गणेशको दर्शन गरेर दरबार भित्रिबक्सियो ।

भोलिपल्ट आठ घडी दिन चढ्दा हनूमानढोकाबाट प्रौसेशनसाथ श्री ५ महाराजाधिराज हात्तीमा सबारी भई टुंडीखेल सबारी भयो । त्यहां अंग्रेज बडासाहेब, श्री ३ महाराज रणउद्दीपसिंह राणा बहादुर, मुक्तियार कम्याण्डर इन चीफ जनरल धीरशमशेर जंग राणा बहादुर, कम्याण्डिङ जनरल, जनरल, कर्णेल, भारदार, अफिसर, पगरीहरू, ठाउं ठाउंका राजारजौटा, आलाम दुनियां, फौज, पल्टन, मध्येस, पाहाड र नेपालका सन्त, महन्त, भलामानिस, बिर्तावार, छोटाबडा सबै आई आं–आफना दर्जामाफिकका मेच मेचमा बसे । श्री ५ महाराजाधिराजबाट बांचिबक्सने स्पीच गुरुज्यूद्वारा बांच्न लगाइबक्सियो । सबैले रुपियां राखी दर्शन गरे । यस उत्सवका दिन टुंडीखेलमा ठाउं ठाउंमा अखडा बनाई मेच राखेको थियो । बाटाका दुवैतर्फ बीच बीचमा ढोका बनाई कुन्डा गाडेको थियो । रंगीचंगी लुगा लगाएका मानिस बाटाका दुवैतर्फ बसेका थिए । तोप र बन्दूकको फायर बराबर चलेको थियो । गुवारा, चन्द्रज्योति, हवाइ, तरह तरहका फूलझरीको तमाशा हुन लागेको थियो । साह्रा ठाउं किसिम किसिमका बत्तीले उज्यालो थियो । जगा जगामा तवर तवरका नाचगान हुंदा अन्धाधुन्ध तमाशा थियो । इनाम बक्स पनि खूब बांडियो ।

३८ साल पौष वदि ४ रोज ६ मा श्री ३ महाराज रणउद्दीपसिंह राणा बहादुरको सबारी शिकारका निति मध्येसतर्फ भयो । यसै अवस्थामा पौष वदि ७ का दिन, पौष शुदि ११ रोज ७ र माघ वदि १ रोज ५ का दिनसमेत तीनपटक भूमिकम्प भयो । त्यही माघ वदि १ रोज ५ का रात्रीमा दुश्मन जागीरे र ढाके भारदारहरूले श्री ३ महाराज र श्री कम्याण्डर इन चीफमाथि दगा गर्न सल्लाह गरी धर्मपत्र गरेको रहेछ । जनरल गगनसिंहका नाति, बजीरसिंहका छोरा लेफटेन उत्तरध्वज भंडारी पनि त्यसमा

सामेल भई धर्मपत्र गरिसकेका रहेछन् । राजा र बजीरका प्रतापले गर्दा लेफटेन उत्तरध्वजले मनमा निमक अकवत संझी बहुत होशियारीसंग मुक्तियार कम्याण्डर इन चीफ जनरल धीरशमशेर जंग राणा बहादुरकहां गई सबै कुरा खुलस्त जाहेर विनति गरे । मुक्तियारले दगा गर्न तयार भएका अफिसर भारदार र पगरीहरूलाई रातारात काली-बक्स पल्टन खटाई बगाबर पक्रदै ल्याउंदै पुर्पक्ष गरी कायल भएकालाई नेल र गलफन्दी ठोक्दै दलानमा थुने । नंगी तरवार र बन्दूकको घेरा दिएर जंगी उर्दी गरी पहरा राखेका थिए । नपक्रिएकालाई जगा जगामा पक्रन पठाउंदै थिए पनि । माघ वदि ४ रोज १ का दिन भागेको सुबेदार सिंहजंग पांडे जहर खाई मरेको बागमतीमा फेला पऱ्यो । अनि मुक्तियारले श्री ३ महाराजलाई सबै कुरा खुलस्त लेखी "हजुरका सबारीमा गएका यस यस मद्दतीलाई कैद गरी हजुरको सबारी चांडो फिरोस्" भन्ने विनतिपत्र चढाई पठाए ।

उता श्री ३ महाराजले सबारीमा भएका कर्णेल अम्बरविक्रम थापा क्षत्रीसमेत मुद्दतीमा लेखिएजति सबैलाई नेल ठोकी नेपालमा पठाए । आफू पनि फर्की माघ वदि ११ रोज १ का दिन नारायणहिटी दरवारमा भित्रिए । त्यसको भोलिपल्ट माघ वदि १२ रोज २ का दिन कायल भइसकेका निमकहरामी २० जना काटिए । कर्णेल अमृतसिंह अधिकारीलाई दुइफेरा काट्न लांदा पनि त्यसै फर्काई ल्याए । अरू भागेर फेला नपर्नेलाई खोजतलाश गर्दै थिए । त्यही माघ शुदि ७ रोज ५ का दिन पशुपतिनाथका दरबाजामा दिउसै स्याल आई करायो । यसै दिन टुंडीखेलमा रिजिमन्ट पल्टन सामेल गरी नारायणहिटी दरवारमा पुऱ्याएर तमाम पल्टन अफिसरहरूलाई श्री ३ महाराजले स्पीच सुनाई दुश्मनलाई पक्रने र मिहिनेत गर्ने सबैको मान बढाई इनाम पनि दिए । जाहेरवाला लेफ्टेन उत्तरध्वज भंडारी मेजन कप्तान भए । पछि उनलाई लेफ्टेन्ट कर्णेल दिए । त्यस वेला सुनाएको स्पीच यस्तो थियो:—

कुह्यो काठ, बग्यो पानी खानेसमेतलाई पनि रुक्का दस्तूर मानी तत्पर भई काम गर्नेलाई मानमर्यादा र भलाई भइआएको तथा नमान्नेलाई कसूरअनुसार सजाय दिइआएको सुनेका पनि छौं, देखेका पनि छौ ।

श्री ५ सरकारका गाथगाथी र यस ढुंगाको खराबी हुन लाग्दा कैयौंफेरा ठूला साना धेरै मानिस मारिए । खलल हुनामा बांकी रहेको खालि श्री पशुपति र गुह्यकालीका सुदृष्टिले मात्र हो । श्री ३ महाराज जंगबहादुरबाट समाली यस मुलुकको गाथगादी र ढुंगासमेत बचाएको हो । फौज बढाएको, खजाना बढाएको, ढुकटीको जम्मा बढाएको भोटसरकारले आफूलाई मान्ने गराई सालबसाल कर तिराएको, अंग्रेजसरकारलाई आफ्नै दोस्त रहेछन् भन्ने प्रतीत पारेको पनि हो । आफ्ना फौज, निजामती, दुनियांसंग सबैले जानून् भानाका निमित्त ऐन बनाई र उर्दी पठाई यहांसंग गरे । भलो हुन्छ र यहांसंग गरे कमलो हुन्छ भन्ने संझाइबुझाइ गरेको पनि हो । त्यसबाट जो मनासिब गर्नुपर्ने हो सो गर्नामा बांकी राख्नेछैनन् भन्ने स्वर्गवासी श्री ३ महाराजबाट श्री ५ सरकारमा प्रतीत पार्दा मर्ने, मार्ने, मान बढाउन, घटाउन, काटन, बचाउन, दामल गर्न, जमीन लिन, दिन, चीन र अंग्रेजसंगको दोस्ती बढाउन, चीनभोटसंग र गोरखाराजभरमा जो परिआएको काम तिम्रा तजबीजमा आएबमोजिम गर्नू भन्ने अख्तियारी दिई आफूले र रोलवालालाई समेत धर्म भाकी भकाई लालमोहर तामापत्र गरी श्रीपशुपतिनाथका दक्षिणदरवाजामा टांसिदिएका र सोहीबमोजिम अख्तियारी पाई कामकाज गर्दै आएको तिमीहरूलाई पनि थाहै छ ।

यसै बीचमा दैवसंयोगले ३३ सालमा श्री ३ महाराज दाज्यैज्यू स्वर्ग्य होइबक्सेंदा नासलचोकमा श्री ५ महाराजाधिराजबाट धर्मपत्रका लालमोहरबमोजिम श्री ३ महाराज जंगबहादुर राणाका ठाउंमा श्री ३ महाराज रणउद्योतसिंह राजा भए । स्वर्गवासी महाराजले पाएका अख्तियारीबमोजिम बिलकूल अख्तियारी बक्स्यौं भनी मुखजमानीबाट हुकुम भई सबैलाई सुनाइबक्सी र सोहीबमोजिम लालमोहरसमेत गरी हामी श्री ३ महाराजलाई बक्सेको पनि तिमीहरू सबैले जानेका छौ ।

यस दरवारको भलो होओस् भनेर आशा मान्ने, निमेकको हलाली हुनाको भरोसा राख्ने, परत्र देख्ने, आफना मालिकको गुण चिन्ने, धर्म देख्ने जमामर्दलाई सरकारको जागीर खाई ऐन, सबाल, उर्दीबमोजिम काम गरूंला भन्ने कबूल गराई श्री ५ सरकारको गाथगादी, ढुंगा र श्री ३ सरकारको ज्यान, रोटी बचाउनाका निमित्त कम्याण्डर इन चीफलगायत सिपाहीतक यही हिफाजत निमित्त रहेका छौं ।

सोबमोजिम रहनेको भलो भइआएको र नरहनेहरूलाई कसूरअनुसार सजाय भइआएको सुनेका पनि छौं, हाल देख्न पनि पायौं ।

अदना गरीबलाई पनि कसैले मार्छ, मार्छन् भन्ने अथवा गर्ने सुनीकन दबाउनेलाई काटी मारी आएको सुनेका पनि छौ, देखेका पनि छौं भने आफ्ना मालिकको निमेक खाई उर्दी, ऐन, सबाल नाघी मार्छ मार्छन् भन्ने र जानी जानी नीच मार्ने यो तपसीलबमोजिमका मानिस काटिए, सुन–

१.	ले. कर्णेल अम्बरविक्रम थापा क्षत्री	१
२.	ले. कर्णेल श्रीविक्रम थापा क्षत्री	१
३.	कर्णेल इन्द्रसिंह टण्डन लाहुरी क्षत्री	१
४.	मेजर कपतान संग्रामसूर बिष्ट क्षत्री	१
५.	मेजर कपतान संसारविक्रम थापा क्षत्री	१
६.	मेजर कपतान शमशेरजंग थापा क्षत्री	१
७.	कपतान भोजराज बिष्ट क्षत्री	१
८.	कपतान समरविक्रम थापा क्षत्री	१
९.	कपतान बक्तार शाही	१
१०.	कपतान रणध्वज अधिकारी क्षत्री	१
११.	कपतान नरबहादुर बिष्ट क्षत्री	१
१२.	कपतान फौदसिंह गुरुङ	१
१३.	रणमानजंग थापा	१
१४.	लेफ्टेन रणकेशर बिष्ट क्षत्री	१
१५.	लेफ्टेन सूर्यप्रताप बिष्ट क्षत्री	१
१६.	लेफ्टेन क्षेत्रध्वज शाही	१
१७.	सुबेदार पहलमान कार्की क्षत्री	१
१८.	सुबेदार जंगविक्रम पांडे	१
१९.	इन्सायन रणदल कार्की	१
२०.	अजिटन बांका खत्री	१

अरू बांकी रहेका मानिसहरूले पनि आफूले गरेका चुकअनुसार सजाय पाए ।

पल्टनिया सिपाहीहरूले यस पर्वमा र यस पर्वका छूतमा समेत हामी कोही परेका छैनौ, अघि पनि यस्तो गरेनौ, अब पनि यस्तो गर्नेछैनौ भने हामीहरूलाई किन सुनाउनपऱ्यो भनौला, पल्टनका अफिसर परेका हुनाले "अभागी परोस्, भाग्यमानी चेतोस्" भन्छन् त्यसनिमित्त अघि पनि संझाइबक्सेको हो, अब पनि संझाउछु सो बुझ्नैंछौ ।

श्री ५ सरकारका गाथगादी, ढुंगाको र हामी श्री ३ महाराजका गाथ रोटीको खलल हुने कुरा श्री ५ सरकार र श्री ३ सरकारलाई कम्याण्डर इन चीफलगायत ढाक्के, जागीरे, अदनातकले मार्छ, मार्छन् भन्ने कुरा गरे भने सो कुरा सुन्नेबित्तिकै कम्याण्डर इन चीफले गरेको भए कम्याण्डर इन चीफदेखि मुनिका जनरललगायत ढाक्के, जागीरे, अदनातकमा जसले सुन्ला उसले तुरुन्त हाम्रा हजुरमा जाहेर गर्न आउनू ।

कम्याण्डर इन चीफलगायत ढाक्के, जागीरे, अदनातकले गरेको भए जसले सुन्ला, थाह पाउला उसले तुरुन्त हाम्रा हजुरमा र कम्याण्डर इन चीफका हजुरमा जाहां चांडो जाहेर गर्न मौसर पर्छ उहां पहिले जाहेर गर्न आउनू र हाम्रो भलो पनि हुन्छ, निमकहलाली पनि ठहर्नेछौ । यस्तो कुरा जानी तुरुन्त जाहेर नगरी निच मारी रह्यौ भने सर्वस्व भई जातअनुसार काटिने, मुडिने, दामल हुने हुनेछौ ।

यो साल माहिला साहेबज्यू, कोही जनरल, कर्णेल र माथि लेखिएका अफिसरहरूले निमकहरामी र बेईमानी गरी गाथगादी र सलतनत बिगार्ने आंटेको तिमीहरू सबैलाई मालुमै छ । यी बागीहरूलाई दुश्मन संझी आफूलाई अह्राएका काममा तत्पर भई तिमीहरूले काम सफल गरेको देख्दा मलाई बहुत सन्तोष भयो । यी बेईमानहरूले मतलब सिद्ध गर्न पाएका भए आफूसमा मैले गरेको भन्ने कोही, मैले गरेको भन्ने कोही भई झगडा भई काटाकाट भएर कतिको जीउ जाने थियो । हामी मात्र नही कि यस राज्यका सबैको खराबी हुने थियो । दाहिना बायां मुलुक जोरिएकाले पनि के भन्ने थिए । ईश्वरका पूर्ण कृपाले खराबी हुन पाएन । अब पनि आफूलाई खटाएको काममा यही रीतसंग तत्पर भई मलाई खुशी गराउला भन्ने उमेद छ भने तिमीहरूले निमकहलाली गरी हुकुम बक्सेबमोजिम तत्पर भई काम गरेको खुशीले तिमीहरू बिरामी र सरकारको काम दिन सक्ने दश रकम र दाज्यू बाबुको खानगीमा र बाली पकाउनालाई मात्र भर्ना भएका बाहेक जमादारदेखि सिपाहीसंमका गैह्रको यो सालको थमौती गरिबक्स्यौं ।

३८ साल माघ शुदि १४ रोज ५ का दिन श्रीतलेजुका वरिपरि धेरै कागहरू बसी ७।८ घडीसंम कराए । त्यसै दिन सरदार शिवप्रसाद अर्जेल, मुलकी सुब्बा दिग्विजय उपाध्याय, टंकनाथ उपाध्याय, होमनाथ उपाध्याय, काना

भट्ट यी पांच जनालाई एक दिन एक शहर, एक दिन एक शरह गरी तीन दिनसम्म ठचाली पिटी तीन शहर घुमाई ठेलखानामा कैद गरे। पछि पानीसंग फुकाइदिई पांचै जनालाई पाल्पामा लगेर कैद गरे। त्यसै दिन दबिइरहेका कर्णेल वीरमानसिंह बस्नेतलाई पक्री ल्याए। माघ शुदि १५ रोज ६ का दिन कैदमा रहेका लेफ्टेन्ट भुवनसिंह खत्री क्षत्रीले ऐनाका खबटाले आफ्ना गलामा र ठाउं ठाउं सन्धिमा रोपी मर्न आंटेका रहेछन्, पालेले थाह पाई विनति गर्दा कैदमा राखी औषधी गराउनू भन्ने भएकोले औषधी गराए र निको भएपछि पनि कैदमा राखे। फागुन वदि २ का दिन अघि पक्रिएका कर्णेल अमृतसिंह अधिकारी क्षत्री १, कर्णेल वीरमानसिंह बस्नेत १, हाल पक्रिएका सुबेदार लोकबहादुर थापा क्षत्री १ समेत तीन जनालाई शंखमूलमा लगी काटे। शालीग्राम पाध्या, योगबहादुर खत्री, धनमान-ध्वज थापा क्षत्री, छत्रबहादुर बिष्ट र इन्द्रनाथ पाध्यासमेत पांच जनालाई ६ वर्षसंम ठेलखानामा राखी कैद गरे। सुब्बा इन्द्रध्वज लोहनी, बिरु र रुद्रनाथ पाध्या तीन जना-लाई निकाला गरिदिए। सुबेदार रामविक्रम थापा क्षत्रीलाई ६ महीनासंम कैद गरे। भागी फेला परेका मेजर कप्तान दीपबहादुर शाह १, कप्तान शमशेरजंग पांडे क्षत्री १ र भैरवबहादुर सेलांगे खत्री क्षत्री १ हुन्।

३८ साल फागुन वदि ६ रोज का दिन लगनटोलमा स्याल आई करायो। फागुन वदि ७ रोज ५ का दिन तलेज्यू वसन्तपुर खालका वरिपरि तीन हजार काग कराई १५ घडी बांकी छंदामा पन्ध्र पन्ध्र मयको एक डफ्का भई विष्णुमतीतर्फ उडी गए। फागुन वदि ९ रोज १ का दिन चीफ कर्णेल भक्तबवादुर बस्नेत क्षत्रीलाई धूलीखेलमा बसी मिलसियाको काम गर्नू, मेजर कप्तान चक्रवीर बिष्ट क्षत्री-लाई गन्धकखानीमा पानीको काम गरी बस्नू, भैरवप्रसाद पाध्यालाई त्रिशूलगंगापार जानू भनी तीन जनालाई निकाला गरे। फागुन वदि १२ रोज ४ का दिन नारायण-हिटीका पटांगिनीमा मुक्तियारलगायत गैह्र जंगी, निजा-मती, भैभारदार, अफिसर पगरी सामेल गरी श्री ३ बडा माहिला महारानी बारदलीमा राज भई पक्री थुनिएका माहिला साहेबज्यू नरेन्द्रविक्रम शाह, दक्षिणतर्फका कम्या-ण्डिङ जनरल पद्मजंग बहादुर राणा जनरल बमवीरविक्रम बहादुर राणा यी तीन जनालाई ल्याई कचहरीमा सजायको निरूपण हुंदा राणाहरूलाई श्री ५ सरकारबाट धर्मपत्र बक्सेको र श्री ३ बडामहारानीलाई सरकारबाट बक्सेका लालमोहरले श्री ३ महाराज र श्री ३ बडामहारानीबाट सजाय दिनुपर्ने भई सो धर्मपत्र मोहर कायम राखी गोत्र-हत्या गर्न नहुने ठहरिंदा जेठा पश्चिमतर्फका कम्याण्डिङ जनरल जगत्जंग राणा बहादुर देशमा गएका र आउंदै नआएका हुनाले यहां रहेका तीन तीन जनालाई कैदमा राख्नू भन्ने हुकुम भयो। सोबमोजिम पद्मजंग बहादुरलाई दगुर्ने-पानीमा केही दिन राखी पछि नवकोटमा कैद गरेका थिए। अनि इचंगुमा केही दिन राखी कैदबाट छाडिदिंदा ३९ साल ज्येष्ठ शुदि ७ रोज ४ मा आफ्ना घर थापाथलीमा गई बसे र दरबारमा आउनजान पनि लागे। माहिला साहेबज्यू र जनरल बमवीरविक्रम राणालाई गोकर्णमा राखी कैद गरेका थिए, पछि चण्डालगढमा पठाई कैद गरे। काटिनेहरूका जाहानपरिवारहरूलाई आ-आपना धनदौलत दिई नेपाल-बाट निकाला गरिदिए र ठाउं ठाउंमा जीविका चलाई बस भनी पठाइदिए।

यस पर्वमा काटिने जवान २३, आफै जहर खाई मर्ने १, मुडिने ५, कैदमा रहने ७, निकाला हुने ७, फेला नपर्ने ३, देशमा गएको नआउने १ जम्मा ४० कसूरदार ठहरिए। यस्ता तरहले ईश्वरको अनुग्रह र श्री ३ महाराजका धर्म प्रतापले गर्दा दगा गर्न तत्पर भएका दुश्मनहरूको मुक्तियार धीरशमशेर जंग राणा बहादुरका मन्त्रणाबाट निर्मूल गरी गादीका मालिक श्री ५ पृथ्वीवीरविक्रम शाहको सोझो चिताई आनन्दसंग भरमुलुकको कामकाज गरिरहेका थिए।

यही ज्येष्ठ शुदि ३ रोज ७ का दिन श्री ३ महाराज-बाट धान्यपर्वत दान भयो। ज्येष्ठ वदि १४ रोज ३ मा र ज्येष्ठ शुदि ५ रोज २ मा भूमिकंप भयो। ज्येष्ठ शुदि ७ रोज ४ मा जनरल पद्मजंग राणालाई नवकोटबाट ल्याई इचंगुमा बस भनी छाडिदिए। आषाढ वदि ८ रोज ६ का दिन कम्याण्डिङ जनरल जगत्जंग बहादुरलाई मुक्तियारी रोलबाट खारेज गरी माहिला जनरललगायतको दर्जा बढ्दा नाति जुद्धप्रतापजंग राणा बहादुर उत्तरतर्फका कम्याण्डिङ जनरल भए।

३९ साल आषाढ शुदि ३ रोज १ का दिन चीनबाद-शाहको दर्शन गरी कर्णेल तेजबहादुर राणा नेपाल आइपुगे र श्री ५ सरकारको दर्शन गरे। पांच वर्षसंम ढिला भए

तामनि आपना सिलसिलाउसंग आएका थिए । काङस्यु नाम भएका चीनका बादशाह विक्रम संवत् १९३९ सालमा तख्तमा बस्दा हाम्रा कर्णेल पनि चीनमा थिए । त्यस वेला चीनमा भारी उत्सव भएको थियो । त्यसै बखतदेखि चीन-शहरमा अंग्रेजजातिलाई आउन र बस्न दिनू भन्ने उर्दी हुंदा सात आठ सय अंग्रेज र मेमहरू आई चीनमा बसेर बेपार गर्न लागेका हुन् । यही आषाढ शुदि ६ रोज ५ का दिन दोलखाका भीमसेनको गदा आफै टुट्दा जाहेर भयो र दरबारबाट शान्तिनिमित्त पूजा गर्न पठाए । आषाढ शुदि ११ रोज ३ का दिन कान्तिपुरका भीमसेनको बाह्र वर्षमा एकपल्ट गर्नुपर्ने रंगरोगन लंपु भरी खूब राम्ररी रग चढाए । श्रावण वदि १ रोज १ का दिन चीफ कर्णेल भक्त-बहादुर बस्नेतले पूर्वतर्फको काम पाए ।

संवत् १९३९ साल आश्विन शुदि ८ रोज ६ का दिन ६२ सालमा हरण भएका देवस्व र ब्रह्मस्वको सट्टा अघि अलि अलि बांको जगा पाए, अरू त्यसै रह्यो । त्यसरी हरण भएका जगा जागीरमा भर्ना भइसकेका हुनाले सट्टा दिनालाई मध्येसमा नम्बरीमा नचढेका र पहाडमा शुद्ध पर्ती कालाबन्जार यो सालसंम अबाद नभएको, सरकारबाट बाहेक आफैले शुद्ध बांको खोजी अबाद गर्नू र सो जगा पाउनेछौ । लड़ाईका अवस्थामा लडाई छउन्जेल त्यस जगाको मालपोत सरकार लाग्नेछ । त्यस्तो जगा सुक्रीबिक्री गर्न पाउनेछैनौ । अब यो उर्दी भएका ३ महीनाभित्र आफ्नो हरण भएको यति भनी जाहेर गर्न आऊ । सो म्यादभित्र जाहेर गरेनौ भने पछि जाहेर गरी सट्टा पाउनेछैनौ भन्ने श्री ५ महाराजाधिराज, श्री ३ महाराज र श्री कम्याण्डर इन चीफबाट आफ्नै बाहुलीले सहि गरी सदन उर्दी भयो । त्यसो हुंदा धेरै बिर्ताबारहरूले जाहेर गर्न आए । सरकार-बाट पनि भारदारहरू राखी छलफल गरेर हरण भएको उठ्तीबमोजिम सट्टा गरिदियां भनी श्री ३ महाराजबाट संकल्प गरिदिए । पाउने बखतमा कसै कसैले मात्र पाए । यही साल मङसीरदेखि ठुंडीखेल रानीपोखरीसंम एकैनास गढी पुरी बनाउन आरम्भ गरे ।

३९ साल चैत्र वदि ३० रोज ७ का दिन चीनबादशा-हबाट बक्सेको "थोङ लिङ पिम्माको काङ वाङ स्यान" भन्ने खिताप, पोशाक र टोपी लिई चिनियांहरू नेपाल आइपुगे । यही चैत्र शुदि २ रोज २ र चैत्र शुदि ८ रोज १ का दिन कुमारीका चोटामा सर्प मरिरहेको देखियो । फेरि चैत्र शुदि ९ रोज २ का दिन त्यही कुमारीचोकैमा सर्प कुंडली मर्न तयार भएको देखियो । सो कुरा जाहेर गर्दा सरकार-बाट ५० रुपियां दिई शान्ति गराइयो ।

यिनै राजाका पालामा नेपाल सरकारका ह्लासामा रहेका बेपारी महाजनहरूमा एक जना महाजनले चोरी लिई भनी त्यहांको एक भोटिनीलाई पक्रिराखेको रहेछ । गुम्बाका भोटेबांडाहरूले शहरमा ड्लन आउंदा देखी त्यहांका बांडाहरूको हजारौं फौज जम्मा भएर ह्लासाका हाम्रा महाराजतर्फका महाजनहरूका कोठीमा रहेको नगद जिनिस जुन जे वस्तु छ लुटी लगेछन् । दुइ तीन जनाको मात्र लुटेनछन् । सो खबर सुनी ह्लासाका मालिक अम्बा भन्ने लामाले हाम्रा नेपाली महाजनहरूलाई डाकी यस्तो उर्दी दिएछन् "यहां भोटेबांडाहरूलाई केही नभन, नगर । हात हाल्यौ भने तिमीहरूका ज्यानमा दखल पर्नेछ । तिमीहरूका लुटिएका माल घा सबै म भर्ना दिउंला" भनी उर्दी दिंदा उनीहरूले एक जनाको हात काटी र एक जनाको हातमा बर्छाले रोपी बिजाईबिजुल गरेका भए पनि सबै चूप लागी बसे, कसैले केही गरेनन् । अम्बाले कति लुटिएछ भनी हिसाब गर्दा सत्र लाख ठहरियो । नेपालसरकारबाट पनि हिसाब गरी हेरे । अम्बाले सो लुटिएका मालहरू ठाउं ठाउं-बाट तलाश गरी जम्मा गर्दै गरेका र हाम्रा सरकारबाट पनि चांडै देऊ भन्ने चिठी ताकिती हुँदै थियो । सो लुटि-एको ३९ साल चैत्र वदि ३० खोडेजात्राका दिनमा हो ।

त्यस ह्लासा शहरमा कस्तो स्थिति रहेछ भने एक वर्ष-भित्रमा तीन गुम्बाका लामाहरूमा जनहि सात सात दिनको पालो परी २१ दिनसंम लामाको हुकुम चल्दो रहेछ । तीन गुम्बामा गरी एक्काईस हजार भोटेबांडा रहेछन् । तिनले हुकुम चलाउने बखतमा लुटिएको रहेछ । हाम्रा सरकार-बाट सो लुटिएको माल चांडो देऊ भनी ताकिता गर्दा पनि भोटेले न जवाफ दिने, न रुपियां भराइलिने गरे । यसो हुंदा लड़ाई गर्नुपऱ्यो, लड़ाई भइन भनी ४० साल आश्विन वदि ७ रोज १ का दिन नारायणहिटीदरबारमा सबै खासेल गरी स्कीम सुनाइयो । फौजका अफिसरहरूले पनि सरका-रको निमक खाएका छौं, यस बखतमा जागीर छाड़ने हामी फरिया लगाएका मानिस होइनौं । अघि रहेको गोरखाको नाम लडी पडी राखौंला । लड़नामा मंजूर छौं । यही नामका निमित्त हामीलाई पालिबक्सेको हो "भनी विनति

चढाए । सबै जना राजी भएका हुनाले सोही दिन सबैको थमौती पनि गरिबक्स्यो । त्यसपछि फौज र गोलीगट्ठा तयार पारी लडाईं गर्न खटाई पठाउंदा भोटेहरूले थाहा पाई मेल गर्नुपर्छ भनी सल्लाह गरी चिठी लेखी पठाए । त्यसपछि "रसुवामा आएका भोटेभारदारसंग मिल्छन् भने मेल बन्दोबस्त गर्नू" भनी केही फौज लिई खटिएका कम्याण्डर कर्णेल तेजबहादुर राणा गई ४१ साल ज्येष्ठ शुदि १२ रोज ५ का दिन कुराकानी हुंदा महाजनहरूको लुटेको धन गोरखासरकारबाट भनेबमोजिम दिनामा भाकाको बन्दोबस्त भई ह्लासाको मालिक अम्बा आफैं बसी साबां र सूदसमेत गरी नौ लाख चानचुन भोटेले हाम्रा महाजनको भर्ना दिने र नेपालसरकारबाट लडाईंका निमित्त सामान तयार पार्न खर्च भएको छ लाख रुपियां नलिने यस्तो बन्दोबस्तको दुवैतर्फका कागतमा भारदारहरूको सहिछाप भयो । सो कागज लिई कम्याण्डर कर्णेल यसतर्फ आई श्री ३ महाराजलाई नजर गराए ।

त्यसपछि टुंडीखेलमा सवारी भई श्री ३ महाराजबाट भाइ कम्याण्डर इन चीफलाई "भोटका कुरामा हामीबाट हुकुम बक्मेबमोजिम तामेल गरी हुकुम हुनासाथ साह्रा फौज उठ्न सक्ने गरी अंजाम बांधेको र हामीबाट भोटका मुद्दामा गरिबक्सेको मसौदाबमोजिम खूब ध्यान दिई काम गरेका हुनाले तय हुन गयो, म भाइदेखि खूब खुशी छु । फौज, अफिसरले पनि लगाएको काम तत्पर भई बढिया तवरसंग गरेका हुनाले तिमी फौज, अफिसरदेखि पनि बहुत खुशी छु" भनी स्पीच बक्सियो । त्यति भएपछि श्री कम्याण्डर इन चीफबाट टुंडीखेलमा सुनाइबक्सियो– "श्री ५ सरकारका प्रतापले र श्री ३ महाराजका बुद्धिका जोरले भोटेले लुटेका महाजनको धनमाल भराइबक्सिने बन्दोबस्त बांधी दसौंद ब्याजसमेत भराइबक्सियो । लडाईं परेको भए फौज, खजाना, धनमालहरूको धेरै नोक्सान हुने थियो । सो केही नपारी श्री ३ महाराजबाट अक्कलैले भोटेलाई वशमा ल्याई लडाईं गरेभन्दा पनि बढ्ता गरी पछिलाई पनि सगसर बन्दबेपार चल्ने गराइबक्सेर दुनियां लाई रक्षा गरिबक्सियो । यस कुरामा हामी सबैले श्री ३ को जयगान गरी जय मनाउन बहुतै मनासिब छ" भन्ने मर्जी भयो अनि सबैले जय पुकारा गर्दा सबारी फिऱ्यो ।

तिनै ताका श्री कम्याण्डर इन चीफ जनरल धीर शमशेर जंग राजा बहादुर बेरामी भई साह्रो हुंदा पशुपतिनाथका शरणमा गई आर्यातीर्थमा धेरै दानपुण्य गर्दै ४१ साल कार्तिक वदि ११ रोज ३ का दिन १४ घडी रात जांदा स्वर्ग्य भए । अनि राणाका रोलले धर्मपत्रबमोजिम श्री ३ महाराज जंगबहादुरका माहिला छोरा जनरल जितजंग बहादुर राणा कम्याण्डर इन चीफ जनरल भए । यसै साल माघ वदि १ रोज ६ का दिन चिनियां भारदार आइपुगी माघ शुदि १३ का दिन श्री ५ महाराजाधिराजको दर्शन गरे । श्री ५ चीन बादशाहबाट दिइपठाएको गजूर चढाउंदा ठूलो उत्सव भयो ।

यिनैका पालामा बिलायतबाट धेरै धन खर्च लगाई श्री ३ महाराज जंगबहादुर कुवर राणाको र श्री ३ महाराज रणउद्दीपसिंह कुवर राणाको दुरुस्त मूर्ति भएको ष्टाचु तसवीर फिकाई आइपुगेपछि पहिले श्री ५ महाराजाधिराजबाट श्री ३ महाराज जंगबहादुरको ष्टाचु खोलिबक्सिंदा श्री ५ का तर्फबाट गुरुराज लोकराज पण्डितज्यूले यी श्री ३ महाराज अघि यस्ता हुन् । यस रीतले यी यस्ता भई यति यति पराक्रम गरेर चीन र संग्रेजसंग सलतनत गरी भोटलाई कर तिर्ने गराए । पछि यति यति पराक्रम कीर्ति यो यो यस यसबाट यस यस अवस्थामा तक्मा पाई यस कालमा मुक्त भए" भन्ने जति तिनको पहिले शुरु १३ वर्षका उमेरमा सुबेदार भएदेखि १९०३ सालमा आफ्नै पुरुषार्थले प्राइम्मिनिष्टर भएसंमको र त्यसदेखि स्वर्ग्य नहोउन्जेल गरेको पराक्रम कीर्ति वर्णन गर्दै यस्ता यी श्री ३ महाराजको ष्टाचु राखिबक्स्यौं" भनी स्पीच बांची सुनाए । श्री ३ महाराज रणउद्दीपसिंह राणाबाट पनि सरकारबाट कदर राखी श्री ३ महाराज दाज्यैज्यूको ष्टाचु खोलिबक्सिंदा खूब खुशी भयौं" भनी स्पीच गरिबक्सियो । फेरि श्री ३ महाराज रणउद्दीपसिंहबाट आफ्नै बाहुलीले आफ्नो सालिक खोलिदिए र सो ष्टाचु पनि उनका पालामा भएको भोटसलतनतको वर्णन गरी सरकारबाट थापिबक्सी स्पीच भयो । कम्याण्डर इन चीफ जितजंग बहादुरले पनि श्री ३ महाराज बुबाज्यूका पालामा भोटसंग लडाईं गरी जितेको र आफ्ना पालामा महाजनको भोटेले लुटेको माल फिकेको समेत उनको चरित्र सबै वर्णन गरी यस्ता गुणी महाराजको सरकारबाट ष्टाचु स्थापना गरिबक्सिंदा हामी बहुत खुशी भयौं" भनी स्पीच बांची सुनाए ।

संवत् १९४१ साल चैत्र शुदि ९ का दिन यस्ता प्रकारले टुंडीखेलमा दुइ श्री ३ महाराजको ष्टाचु रह्यो। यी यस्ता अनुहारका रहेछन् भनी पछि हुने भैभारदार र साह्रा दुनियांले चिन्ने भए।

बयालीस सालको विस्तार

संवत् १९४० साल पौष वदि ८ रोज ४ का दिन देशमा गएका कम्याण्डिङ जनरल जगत्जंग बहादुर राणा नेपालतर्फ आई बरेवामा आइपुगेका बखतमा हुकुमबमोजिम नेल ठोकी पहरा राखेर ल्याई छाउनी सिलखानामा थुनेका थिए। अलि दिनपछि नारायणहिटीमा थुनेर नेल काटी गोकर्णमा राखे। पछि आफ्ना घर मनोहरामा नजरबन्द गरी बाहिर पहरा राखेका थिए। श्री ३ महाराजबाट बराबर बोलाहट हुंदा दरवारमा आउनेजाने गर्दथे।

४२ साल प्रथम ज्येष्ठ वदि ४ रोज ६ का दिन गैह्र पल्टनको थमौती भयो। यही द्वितीय ज्येष्ठ शुदि ३ रोज २ का दिन श्री ५ महाराजाधिराजका दोला देशबाट आइपुगी नारायणहिटीमा प्रवेश भए। ज्येष्ठ शुदि १३ रोज ५ का दिन आठ घडीसंम भूकम्प भयो। आषाढ वदि १ रोज २ का दिन पनि चार घडी दिन चढ्दा भूकम्प भयो। भाद्र वदि १३ का दिन बाँडाजात्रामा एउटा बांडा घुंईचोमा परी मऱ्यो। भाद्र महीनामा इन्द्रचोकका भैरवका मूर्तिमा पसीना आयो र दरवारबाट खर्च लगाई शान्तिस्वस्ति गराए। फेरि गुह्येश्वरीका स्फटिकका कलशमा पनि पसीना आयो र सरकारमा जाहेर हुंदा शान्तिस्वस्ति गराए।

४२ साल कार्तिक शुदि ३ रोज २ का दिन राजाको सबारीलाई खटिएको पल्टन प्रस्थान गरी बालाज्यूमा गएर बसेको थियो। त्यसै दिन पल्टनका निशानमा र पांचमहानेदेखि बालाज्यूसंम वरिपरि रक्तवृष्टि भयो। कार्तिक शुदि १२ रोज ५ मा दरवारका मुलचोकमा जम्बूकप्रवेश भयो। त्यसै दिन चोभारनाथ देवताका मुखमा खटिरा देखियो। यही शुदि १३ रोज ६ का दिन श्री ३ महाराजका बम्बईचोकमाथि तीन घडी दिनबांकीमा गिद्ध बसेको देखियो। यी सबै दुर्लक्षणको निवारक शान्ति गराए। अष्टोत्तरशत गाई दान गर्नालाई नपुग्दा एक सय आठ तोला सुवर्ण दान गरे। यही शुदि १४ रोज ७ का दिन बौद्धमा पनि रक्तवृष्टि भयो। बालाज्यूतर्फ पनि रक्तवृष्टि हुंदै रह्यो। यसै दिन चोभारनाथको खटिरा फुटी रगत जस्तो आएको देखियो। यही शुदि १३ रोज ५ का दिन अशोकविनायक काठमाडौं गणेशका वामदन्तको ५।७ तोला जतिको एक टुक्रा खस्यो, खसेको टुक्रा भने देखिएन। यो दृश्य हेर्न सबै दुनियाँ गए।

यस्ता तरहले यस नेपालमा बराबर नानाप्रकारको उत्पात र उल्कापात हुंदै थियो। दरवारमा पनि यसै अवस्थामा राणाहरूका भाइभाइमा विरोध परी चित्त गडबडिएको थियो। श्री ३ महाराज रणउद्दीपसिंह राणा बहादुरले बात लागी रोलबाट खारेज भएका मनोहरामा रहेका जनरल गजत्जंग राणा बहादुरलाई फेरि मुक्तियारी रोल दिन भित्रभित्रै तजबीज गरी सरसल्लाह हुंदा भाइछोराहरूबाट रोलबाट खारेज भएकालाई हुंदैन भन्ने भई सरसल्लाह नमिल्दा अडबड परी कलहको बीजारोपण भएको थियो।

उप्रान्त पछि हामीले बंदेज बनाएको भए तापनि संवत् ८९० साल आश्विन कृष्ण पितृपक्ष प्रतिपदाको दिन यो पत्रमा लेखिएको हाम्रा बराजुहरूको थितिबंदेज किलाघल, नेट, यटखा तीन टोलका जजमानले पालोपालोसंग चलाई आइरहेकोमा अब हाम्रा बराजु पुर्खाका सन्तान बढ्दै आएकोले टोलका जजमान फेर्दै फेर्दै पूजा गर्न जाने थिति मिलाउनुपर्ने हुन आयो । यस कुरामा दाजुभाइ सबै बसी सल्लाह गरी अबदेखि यस पत्रमा लेखिएबमोजिम गरी एक एक वर्षसम्म पाठपूजा गर्न जाने हामी सबै दाजुभाइलाई यो सल्लाह मंजूर भयो ॥ यस थितिबमोजिम आफूसमा झगडा गर्ने पाइंदैन, यो पालना गरेन भने पंचमहापातक लाग्ला भनेर पत्रमा सही गरियो ॥ ॥

ज्ञानानन्दको पुत्र चतुरानन्द;
चतुरानन्दका पुत्र हृदयानन्द, अमृतानन्द, तेजानन्द,
समयानन्दका भतिजा भाजुमुनि, प्रज्ञामुनि;
चतुरानन्दका साना भतिजा दयानन्द;
पूर्णानन्दका सन्तान विद्यानन्द;
लहपतिका सन्तान रत्नपति;

हृदयानन्द किलायको — — — — —१
तेजानन्द ऐ — — — — —१

अमृतानन्द ऐं — — — — —१
समेधानन्द ऐं — — — — —१
दयानन्द ऐं — — — — —१
भाजुमुनि किलायको — — — — १
प्रज्ञामुनि किलायको — — — — १
बिद्यानन्द — — — — — — १
रत्नपति — — — — — — १

संवत् ९२४ यो दस्तखत भएपछि गुठीयार सबै लेखिएबमोजिम भिन्न भई वर्ष दिनपछि छुट्टिनुपर्छ, छुट्टिई नबस्ने गुठीयार बाहेक हुन्छन् । शुभ — — — — —

—०—

श्री बुङमती लोकेश्वरलाई नमस्कार ।। आज शुभ श्री इटुंवहालका बज्राचार्य गुरुवाजे चतुरानन्द १ विद्यानन्द १ रत्नपति १ वेसलका शाक्यभिक्षुक मन १ यति ४ जनाले खेत रोपनी ११।। श्री बुङमती लोकेश्वरलाई स्नान गराउना निमित्त गूठी राखी यस खेतको बालीले वर्षको एक पटक घाटैपिच्छे यसमा लेखिएबमोजिम गूठी चलाई खानू भनी गूठी राखेको रहेछ । अब सो गूठी राखेको दानपत्र हराएकोले सदाकाल चन्द्रसूर्य रहुन्ज्याल श्री करूणामयको गूठी चलाउनुपर्ने हुनाले दानपत्र कुनै नभए तापनि बाजेबराजुको कीर्ति थामी निम्नलिखित छोरानाति गुठियारहरूले गूठी चलाउनानिमित्त सल्लाह गरेको दिन संवत् ९५३ साल माघ शुक्ल पंचमीका दिन यो पत्र बनाइयो । यो पत्रमा लेखेबमोजिम हामी सब गुठियारहरूले चन्द्रसूर्य रहुन्ज्याल सदाकाल श्री करुणामय बुङमती लोकेश्वरको घाटैपिच्छे गूठी चलाई प्रार्थना गरी खानुपर्ने भयो । यसमा परस्पर हामी गुठियारहरू झगडा गर्नु हुंदैन । यो कुरा पालन गरे सदाकाल शुभ हुनेछ । पालन नगरे पंचमहापातक लाग्ला ।। शुभ ।।

गूठीमा राखेको खेत

नसिढोकाखेत रोपनी ३।। को धानमुरी साढेचार —४।१०
लखिलखेत रोपनी ३ को धानमुरी पांच —५ तेल २ कुरुवा
पलेमुखेत रोपनी १ को धानमुरी—— १ दाउरा १ भारी
एदाखेत रोपनी १ को धान १ मुरी १६ पाथी— १।१६ नून १
लंदाखेत रोपनी २।। को सरुवा चामल पाथी ।२ तेल ४

गूठी चलाउनुपर्नेघाट

किलाज्या जावलभोय
लसोगुठी पेनुबिचा
ह्नओं बुसेलभ
मालीछोयके

यसमा लेखेबमोजिम घाटैपिच्छे किलाज्या र हिसाब हेर्ने सभा गरी भोजन गर्नुपर्ने कुरुवा भोजन भयो । अर्को घाटमा पालो पर्ने महिने सेवा पूजा जोरजाम गर्ने । थकालीले पूजा गर्ने । कुरुवा च्यूराले भोजन राखी भोजन गर्ने भयो ।

पत्रमा सही गर्ने गुठियारहरू

चेंकेश्वरी समन्तभद्र किलागल
भाजुमुनी ताहाननी
तेजानन्द नेत
श्री हर्ष किलागल
धनचा थकुं इटुंवहाल
मनश्री भिक्षुक वेस

श्री ३ इष्टदेवता सहाय नमस्कार ।। संवत् ९२४ मा वदापति लेखियो—
पूर्णानन्द मोहो ६ चोक फं ३
धनपति मोहो ६ चोक फं ३
दसजु मोहो ६ चोक फं ३
रत्नमनि मोहो ६ चोक फं ३
हेमन्त मोहो ६ चोक फं ३
चतुरानन्द मोहो ६ चोक फं ३
सिद्धिभद्र मोहो ६ चोक फं ३
मुनिभद्र मोहो ६ चोक फं ३
ज्ञानविधि मोहो ६ चोक फं ३
मानरसि मोहो ६ चोक फं ३

संवत् ८९५ मा उदापति लेखिएको पहिलेको लिनु बांकी हिसाब—
थाकुसि मोहो ६ चोक फं ३
चक्रसि मोहो ६ चोक फं ३
धनंजय मोहो ६ चोक फं ३ लिनु पर्ने
धमचसि मोहो ६ चोक फं ३ संवत् ९२० को आफूले

चक्रसिलाई लेखाएको तर नदिएको

शुभ संवत् ९८५ बैशाख शुदि १३ मा समन्तभद्र र श्री हर्ष दुई जनाले पुरा तका ६ उपर गरे—

समयानन्द	तका— १	ध्यवा चोफंजा	१
समन्तभद्र	तका— १	ध्यवा चोफंजा	१
दयानन्द	तका— १	ध्यवा चोफंजा	१
तेजानन्द	तका— १	ध्यवा चोफंजा	१
भाजुमुनि	तका— १	ध्यवा चोफंजा	१
श्री हर्ष	तका— १	ध्यवा चोफंजा	१

स्वहर गदि भयो

—०—

टिप्पणी—

बौद्धधर्म नेपालमा धेरै प्राचीन कालदेखि कायम भई आइरहेको धर्म हो । त्यस सम्प्रदायका देवमूर्ति तथा मन्दिर चैत्यहरू नेपालमा प्रशस्त छन् । त्यसको संरक्षण तथा पूजा आदि व्यवस्थाको लागि राजादेखि लिएर दुनियांसमेतले गूठी राखिदिएको देखिन्छ । कतिपय गूठी आजसम्म चलेर आइरहेका छन् । त्यस्ता गूठीको खर्च चलाउने एउटा आय-स्रोत प्रायः जग्गाजमीननै देखिन्छन् । कतिपय नगद लगानी-बाट पनि आयस्रोत चलेको हुन्छ । उक्त धार्मिक अभिलेख धेरै पुरानो नभए तापनि धार्मिक व्यवस्थाको प्राचीन परम्परा बुझ्न तिनबाट सहायता मिल्दछ । उक्त अभिलेखले गूठीको व्यवस्था संबन्धी कतिपत कुरा प्रकाश पारेको छ ।

कर्णाली प्रदेशका वर्मन्

-मोहनबहादुर मल्ल

काठमाडौं उपत्यकामा मल्ल राजाहरूको जुन स्थान छ, त्यस्तै कर्णाली प्रदेशमा वर्मन् राजाहरूको छ । जति लामो समयसम्म मल्लहरूले काठमाडौं उपत्यका र यसका वरपरको प्रदेशमा रजाइं गरे त्यतिनै लामो समयसंम वर्मन्-हरूले कर्णाली प्रदेशमा रजाइं गरेका छन् । यी वर्मन्हरू को हुन्, कहांबाट आएका हुन् र यिनीहरूले कर्णाली प्रदेशमा कतिसंम रजाइं गरे, हामी त्यतैतिर फर्कौं । भारतमा गुप्त साम्राज्यको पतन भएपछि दखिन भारतमा देव र वर्मन्को, बंगालमा पालको औ कन्नौजमा वर्मन्हरूको शक्ति बढेर जान्छ । आखिरी हिन्दूसम्राट् हर्षवर्धनको अन्त्यपछि धन-धान्यले सम्पन्न भएको कन्नौज हात लगाउन बंगाल र दक्षिण भारतका राजाहरूको हानाहान भयो । पालहरूका हातद्वारा १०८५ ई. मा चन्द्रदेव गहडवाल वा रायठोरले कन्नौज हात लगाए । ११०० ई. मा गोविन्दचन्द्र अनि विजयचन्द्र कन्नौजका राजा बन्दछन् तथा ११९४ ई. मा महमद गोरी-द्वारा पराजित हुन्छन् । जयचन्द्र मारिएपछि हरिश्चन्द्र राजा बन्दछन् । १२२५ ई. मा दिल्लीका सुलतान इल्तुत-मिसले कन्नौजलाई दिल्लीमा मिलाए तापनि सानोतिनो पराधींन रायठोर राज कन्नौजमा चलेको जस्तो देखिन्छ । १३०३ ई. मा चितौडका राणालाई महत दिन खोज्ने कन्नौ-जका रोयठोरहरूको १३०४ ई. मा दिल्लीका सुल्तान अला-उद्दीनले जरै उखेलेर छोडिदिन्छन् । यो कुरो पर्वते राजा राज वर्मन् मल्लका सन्तानमा चलेका वंशावलिमा लेखिएको छ । कन्नौजका आखिरी रायठोर राजा मठीमलका छोरा काशीदास मानसरोवर जान भनेर जुम्लाको बाटो गरी जांदा सिजापतीले आफ्नी छोरी दिई काशीदासलाई जुम्ला समालचौरमा राखेका थिए । इतिहास प्रकाश अंक १ पृष्ठ ६८ समालवंशावलिमा "कनकगढबाट श्री महाराजा सिजा-पतिसंग आयाछन् र श्री महाराजा सिजापतिले आफ्नी छोरी दियाछन् र जुम्लाको अमलमा सामाचौर भन्ने गाउं दियाछन्, तिमीलाई पुत्र जन्म्यो भन्या रजाइं दिउला भनि हुकुम भयाको रहेछ । ताही सामाचौर गाउंमा वस्दा मैजा-लाई पुत्र जन्म्याछन् र तिनको देवचन्द्र भनि नाम राख्या-छन्, श्री महाराज सिजापतिले नाति देवचन्द्रलाई सोमवंशी समाल भइस् भनि षिताव दियाछन् असाम बुढीथर्पुको श्री देवचन्द्रलाई रजाइं दिई टीका दियाछन् ।" यस्तो लेखि-एको छ । देवचन्द्रलाई टीका दिने सिजापति को थिए पहिले यसैमा चर्चा चलाऔं । पृथ्वी मल्लको कीर्तिस्तम्भमा पाल-हरूका दुई शाखाको नामावलि दिंदा नागराजका सन्तान-लाई पश्चिमी जुम्लाको राजा र पृथ्वी मल्लका बाबुबाजे-लाई पूर्वी जुम्लाको राजा देखाएको छ । यस्तै अरू कर्णाली प्रदेशका पत्रहरूबाट समेत देखिन आएको छ । भीम वर्मन्ले सिजापतीका हातद्वारा जुम्लाको राज्य भेट्टाए भन्ने पर्वते राजा राज वर्मन्का सन्तानमा चलेको समाल वंशावलिमा लेखिएको छ । इ. प्र. अंक १ पृ. १०७ जुम्लेश्वरको वंशा-वलिमा "३६४ वर्षसम्म राजा ज्वालन्धरी वाच्या आफ्नु छोरा नहुदा भैरी मल्ल भन्याले ज्वालन्धरी राजाको धेरै चाकरी गर्दा राजा ज्वालन्धरीले भन्या यो मेरो रजाइं तलाइ दिन्छौ तेरो नाउ सिजापति भयो--" लेखिएको छ । भैरी र भीममा धेरै फरक देखिदैन । सिजापतीले देवचन्द्र-लाई समाल पद दिएका हुन् भन्ने माथि वर्णन गरिएको कुरा गलकोटे राजा जितारि वर्मन्का सन्तानमा चलेको वंशावलिमा लेखिएको देखिंदा औं देवचन्द्रपछिका वर्मन्-हरूले आफूलाई समाल भनेर लेख्दा उक्त वंशावलिको कथा-लाई सत्यनै मान्नुपर्छ । कर्णालीका मल्लहरू गर्मीमा सिजा र जाडामा दुल्लु ज्वालाजीको नजीक बस्ने हुंदा यिनलाई सिजापती वा ज्वालन्धरी दुवै नामबाट पुकार्थे । देवचन्द्रलाई अछामको राज्य दिने सिजापती को हुन्, यसको पत्ता लगा-

उन हामी देवचन्द्रका जिज्यूबाजे मठीमललाई दिल्लीका सुलतान अलाउद्दीन खिलजीले १३०४ ई. मा जितेका थिए जो चितौड लिएको एक वर्षपछि थियो। तिन ताका पूर्वी जुम्लामा सायद आदित्य पाल र पश्चिम जुम्लामा जितारि मल्लका छोरा आजित मल्लको रजाइं चलेको थियो। यी आजितलाई पृथ्वी मल्लको कीर्तिस्तम्भमा आदित्य मल्ल भनेर लेखिएको छ तापनि यो राम्रो गराउन लेखिएको थियो। इ. प्र. २,३ पृ. ४८२ डोक्राकोट खोलामनिको अभिलेखमा वि. सं. १३८४ "जिताका पुत्र आजित मल्ल-देव" लेखिएको छ। यस्तै इ. प्र. २,१ पृ. २०१ दुल्लु सिद्ध-गुफा वि. सं. १३५६ को शिलालेखमा "आजित मल्लका पाला" अंकित छ। त्यस बेला पश्चिम जुम्लामा आजितका छोरा कल्याण मल्लको रजाइं चलेको थियो। त्यसै बेला यिनका सेनापति राजा रिपु मल्लले नेपाल उपत्यकामा प्रवेश गरेका थिए। काशीदासलाई छोरी दिने पृथ्वी मल्लका बाजे आदित्य मल्ल हुन् वा कल्याण मल्ल हुन् यो छुट्याउन हामीले पृथ्वी मल्लतिर फर्कन पर्ने हुन्छ। इ. प्र. अंक १ पृ. ११३ कनकपत्रको (१४) मा लेखिएको छ "पूर्विलि आदित्य मल्ल राइका, पुण्य मल्ल काइका तारादेइ गोसाइतिपाय——" यसबाट हामीलाई पृथ्वी मल्लका बाजे आदित्य मल्ल, पिता पुण्य मल्ल र माता तारदेइ रहेछन् भन्ने देखाउंछ।

पश्चिम जुम्ला वा कर्णाली प्रदेशका राजा प्रताप मल्लको अघुताली पर्दा पूर्वी कर्णालीका राजा आदित्य मल्लका छोरा युवराज पुण्य मल्ल गेलाबाट सिजामा राजा बन्न आउंछन्। नागराजले फुटालेको पाल राज्य यसरी फेरि जोडिन आउंछ। कर्णाली प्रदेश एक भएपछि आदित्य पालले ठूलो सैन्य जम्मा गरी वि. सं. १३८५ मा नेपाल उपत्यकाका राजाहरूलाई वशमा ल्याई जितारि मल्लले झैं "मल्ल" पद ग्रहण गरेको धेरै सम्भव छ। यिनी मल्ल बनेपछि छोरीका छोरा नाति देवचन्द्रलाई समाल पद र सेतीवार कर्णालीपारको भूभागमा पर्ने अछाम चर्पुकोटको राज्यसमेत दिएका थिए। देवचन्द्रलाई रजाइं दिने आदित्य मल्लनै हुन् भन्ने हामीलाई दुइ प्रमाणबाट पत्ता लाग्छ। मल्ल माने माल, समाल माने मालसरह (सम+माल)। यसरी आदित्यले देवचन्द्रलाई मल्लसरह बनाए औ पश्चि-मको द्वारमा नातिलाई राखेर जुम्लाको राज्य बलियो तुल्याए। पहाडी क्षेत्र, विकट बाटाघाटा, घोर बनजंगलले व्याप्त इत्यादि कारणले गर्दा कर्णालीका मल्लहरूले सामन्त-शैलीको रजाइं चलाएका थिए। अर्को प्रमाण के देखिन्छ भने आफ्नो नजीकको नातादार र हकदारलाई बाहेक टाढाकालाई त्यसरी राज्य सौंपन त्यति उचित देखिंदैन। यसैले हामीलाई यो निश्चय छ वि. सं. १३८६ तिर देवचन्द्र वर्मन्लाई अछाम बूढीचर्पुकोटको रजाइं दिने आदित्य मल्ल र वि. सं. १४१६ मा भीम वर्मन्लाई सम्पूर्ण कर्णाली प्रदे-शको रजाइं दिने पृथ्वी मल्लनै थिए। कछामको राजा बनेपछि देवचन्द्रका छोरा क्वप्रियालाई पुण्य मल्लले "शाही" पद दिएका हुन् कि जस्तो छ। वंशावलिमा क्वप्रियाले आफैं "शाही" पद ग्रहण गरेको जस्तो गरेर लेखिएको छ तापनि सिजापती पुण्य मल्लको आदेशबेगर उनलाई यस्तो काम गर्न मिल्दैनथ्यो। क्वप्रियाका समयदेखि समालबाट शाही बन्दछन्। त्यस बेला दिल्लीका सुलतान शाही कह-लाउंथे। दिल्लीको नकल गर्न हाम्रा बाइसे चौबिसेका रजौटाहरू रुचाउंथे। अशोक महान्को उपनाम "क्वपिया" देवचन्द्रको पुत्रले ग्रहण गर्नाको कारण के छ भने पाल वा मल्ल सबै सिजापतीहरूले हिन्दू र बौद्ध दुवै धर्मको मर्यादा राख्दथे। मावलीलाई खुशी गराउन देवचन्द्रका पुत्रले क्वप्रिया नाम धारण गरेको जस्तो बुझिन्छ। किनभने यी वर्मन्हरू हिन्दूधर्म मात्र मान्दथे। देवचन्द्र र क्वप्रियाले अछाममा कतिसम रजाइं गरे यसको हामीलाई पत्तो छैन औ क्वप्रियाका छोरा भीम वर्मन्लाई वि. सं. १४१७ तिर पालवंशका अन्तिम राजा पृथ्वी मल्लले सम्पूर्ण कर्णाली प्रदेशको राज्य दिएका थिए। भीम वर्मन्लाई कुनै समाल वंशावलिले गजैभीम भनेर लेखेको पनि छ। नेपालीमा गजैको अर्थ संस्कृतको गज अर्थात् हात्ती हुन आउंछ। यिनले वि. सं. १४२९ सम्म राज्य गरेको जस्तो छ किनभने त्यस-पछि उनका छोरा मले वर्मन्को कर्णालीका पत्रहरूमा नाम देखिन आउंछ। वर्मन् पदलाई पनि वर्मन्हरू कर्णाली प्रदे-शमा र गण्डकी प्रदेशमा फैलिए झैं फैलिएका छन्, जस्तो-वर्म, वम्ब र वंम।

भीम वर्मन्का छोरा मले वर्मन् शाही प्रख्यात राजा बन्दछन्। यिनलाई वर्मन् शाहीहरूको वंशावलिले यसरी बयान गरेका छन् :— इतिहास प्रकाश अंक १ पृष्ठ ७० दुलालै वंशावलि— "औतारी राजा मले वम्वले तेसो हीरा गहना किया——" ऐ पृ. ६९ रासकोटीको वंशावलि— "मले भन्यले नेपाल सधौ छिति आया, राजको महाराजी पाया।"

ऐ पृ. ६८, सम्याल वंशावलि– "मलै बम मल्ल ११ इनका पुत्र ४, भाइ जेठा जगतिसिंह साही जाजरकोटका राजा, माहिला पितामबर साही रुकुमका राजा, साहिला सुरतान साही सल्यानका राजा, कान्छा सुमति भूप साही दर्नाका राजा– – – ।" मलै वर्मन् शाहीलाई यिनका सन्ततिहरूका वंशावलिले किन यसरी तारीफ गरेका हुन् भने लामो समय-संम अर्थात् ३७४ वर्षसंम पालहरूले नयां राजवंश वर्मन् शाहीहरूलाई मान्न अनकनाएका होलान् । यस्तै सैन्य पठाउन तथा सिर्तो तिर्न बन्द गर्न खोजेका होलान् । यिनै कारण-बाट मले वर्मन् शाही पहिले सिजाका अधीनका राजाहरूसंग लड्नेका थिए जसले अनुचित काम गर्न खोजेका थिए । स्वाधीन बन्न खोजेका राजाहरूलाई वश पारेपछि मले वर्मन् पूर्वतिरका राजौटाहरू जित्न बढेका थिए । पृथ्वी मल्लकै पालामा उनको राज्य उत्तर मानसरोवरको नजीकसंम पुगेको थियो औ कुमाउंका रजौटाहरूसमेत उनका अधीनमा थिए । पूर्वी जुम्लाका राजा कमजोर भएका हुंदा पूर्वका मगर राजाहरूलाई अधीनमा ल्याउन सकेका थिएनन् । सायद मले वर्मन्ले पूर्व काली गण्डकीसंग राज्य विस्तार गरेका थिए । यिनका समयमा सेनहरूले गण्डकी प्रदेशमा खुट्टै टेकेका थिएनन् । मले वर्मन्ले युद्धबाट धन, र जमीन दुवै जोडेका थिए । यिनले तराईदेखि सिजासंम हात्ती हिड्ने बाटो खनाएका थिए तथा सिजामा हात्तीसार बनेको समेत थियो । सिजा उत्तर जडान र दक्षिण खसानको बीचमा रहेको एक धनधान्यले परिपूर्ण नगर थियो । काठमाडौं उपत्यकाले भोट र भारतको बेपार जोडेर जुसरी धन खिचेको थियो यसै गरी सिजाले पनि भारत र भोटको बेपारबाट धन खिचेको थियो । त्यस बेलासंम पालहरूले रजाइं गरेका ठाउंमा मले वर्मन् शाहीलाई रजाइं गर्नुपरे-कोले औ सामन्तहरूले शिर ठाडो पार्ने उद्योग गरेकाले खाडाचक्रमा दरबार बनाएर यसलाई राजधानी गराउनु-परेको थियो । यिनले जेठा छोरा जक्तिसिंह जो मेदनि नाम-बाट प्रख्यात छन् जक्तिपुर जो पछिबाट जाजरकोट नामले पुकारिन थाल्यो त्यसैमा राखेका थिए । माहिला छोरा पीताम्बरलाई रुकुममा र साहिला सुलतान वर्मन् जो सुमेरु नामबाट प्रख्यात भए उनलाई सामाकोट जो आजतक सल्यानमा छदैछ त्यसैमा राखेका थिए । कान्छा छोरा सुमति भूप वा संसारी वर्मन्लाई आफूसंग राखेका थिए । जेठा र माहिला छोरा जेठी पत्नीतिरका र साहिला र कान्छा छोरा कान्छी पत्नीतिरका थिए । मले वर्मन् लडाका, रणप्रिय देखिन्छन् । यदि उनलाई कर्णालीका सामन्त राव, रावल, राई र राजाहरूसंग युद्ध गर्न नपरेको भए उनी नेपाल उपत्यकामा हमला गर्न पुग्ने थिए होलान् । शाहवंशमा पृथ्वीनारायण शाह, सेनवंशमा मुनि मुकुन्द, कर्णालीको मल्लवंशमा पृथ्वी मल्ल तथा पर्वतको मल्लवंशमा डिम्ब वर्मन्को जुन स्थान छ त्यस्तै वर्मन् शाहीवंशमा मले वर्मन् शाहीको स्थान छ । उनको रजाइं वि. सं. १४४८ संम कर्णाली प्रदेशमा चलेको जस्तो बुझिन्छ ।

वर्मन्का पांचौं राजा जगती जो मेदनी नामबाट प्रख्यात छन् यिनले आफ् बसेको ठाउंलाई आफ्ना नाउंमा जगतीपुर राखे । यही जगतीपुर पछि गएर जाजरकोटमा परिणत भयो । यिनले बलिराज कल्याण शाहीलाई छोरी दिएर आफूसंगै राखेका थिए । राजा भएपछि जुवाईलाई सिजाको हाकिम बनाई पठाएका थिए । वि.सं. १४५५ मा बलिराजले ताम्रपत्रें ग्रन्थ लेखाएका थिए । यिनका बारेमा इ. प्र. अंक १, पृ. १०८ जुम्लेश्वरको वंशावलिमा लेखिएको छ– 'बलि-राजा जुम्लामा सुनार गाउंमा रजायाको संवत् १४६१ श्री शाके १३२६ मार्गशीर्ष सुदि १५ रोज १ सुभम् ।" यो मिति अति भरपर्दो छ । यसलाई पुष्टि दिने यही वर्षको मेदनि र बलिराजको संयुक्त ताम्रपत्र छ । जुवाइं बलिराज-लाई यति ठूलो उत्तरी जुम्ला (वर्तमान) को राज्य दिएको देखेर त्यताका जनताहरूले गाएका थिए पनि– "धन्य धन्य मेदनि बम्ब धन्य तम्रो हियो । सात दिनको हिंडन्या बाटो दातव्यमा दियो ।" मेदनिले जुवाईलाई राज्य दिने समयमा अरू तीन भाइलाई समेत राज्य दिएका थिए । यसमा शंका उठाउनुपर्ने कारण केही छैन । माहिला पीता-म्बरलाई उनी बसेको ठाउं रुकुम, साहिला सुरतानलाई उनी बसेको ठाउं सामाकोट र कान्छा संसारीलाई विलास-पुरको टीकोफुर्को मेदनिले दिए तथा बीचको भाग जगती-पुरमा बमेर आफू सम्पूर्ण कर्णाली प्रदेशको रजाइं गर्न लागे । उनका अधीनमा ४४ रजौटाहरू थिए । मले वर्मन्ले खाडाचक्रमा र मेदनि वर्मन्ले जगतिपुरमा राजधानी गराई-दिंदा सिजानगरलाई अवश्य धक्का पर्न गएको होला । मेद-निले कतिसंम रजाइं गरे औ जगतिपुरको केन्द्रीय शासन कुन बेला भंग भयो, यसको अझै खोजी भइसकेको छैन । जुन बेला राजरीतिज्ञ वीर, धीर, बहादुर शाहले कर्णाली प्रदेशका बाइस ठकुराइन बिशाल नेपालमा विलीन गराएका थिए त्यस बेला यस प्रदेशमा झन्डै सत्र राज्यहरू र गण्डकी

प्रदेशका चार राज्यहरू वर्मन् शाहीवंशका हातमा थिए। यसबाट हामीलाई ज्ञान हुन्छ शान्तिपूर्वक भाइ र जुवाइं-हरूलाई राज्य बांडिदिने मेदनिका छोरा नातिका पालासंम पनि बाइसे रजौटाहरूले जगतिपुरलाई मानी खाएको होलान्।

अब हामी बाइसे रजौटा कुन कुन हुन् औ वर्मन्हरू कुन कुन राज्यमा राज्य गरिरहेका थिए यसमा विचार दौडाऔं। गण्डकी प्रदेश र कर्णाली प्रदेशको सिमानामा आजतक भूगोलवेत्ताहरूको एक मत भइसकेको छैन तापनि स्वर्गद्वारी लेकको पश्चिम सखीको लेकलाईनै धेरैले सिमाना मानेका छन्। रापती नदीका आसपासको जमीन कुनै कर्णालीमा र कुनै गण्डकीमा पर्नजान्छ। किनभने यसका किनारका ठकुराइन यस नदीका वारपारसंम फैलिएका थिए। प्यूठान र उदयपुर चौवीसेमा तथा रोल्पा, खुम्री र छिल्ली बाइसेमा गणना गर्न मिल्दछन्। वि. सं. १३८६ तिर आदित्य मल्लले देवचन्द्र वर्मन्लाई अछामको रजाइं दिए। वि. सं. १४१७ तिर पृथ्वी मल्लले भीम वर्मन्लाई सम्पूर्ण कर्णाली प्रदेशको रजाइं दिए। डोलिएको यस प्रदेशलाई वि. सं. १४६१ मा मेदनिले ५ टुका पारे; जाजरकोट, रुकुम, सल्यान, विलासपुर र जुम्ला। मेदनिकै पालामा झैं गरेर उनका छोरा नातिका पालामा पनि कर्णाली प्रदेश टुक्रिदै ज.. ाग्यो जाजरकोटबाट जाहारी, रुकुमबाट रोल्पा, सल्यानबाट छिल्ली, विलासपुरबाट दुल्लु, दैलेख, रासकोट र साल्ली तथा अछामबाट दर्ना, बोगटा, डोटी, बाजुरा र छान्ना बनी वर्मन् राज्यहरू बढेका या फैलिएका जस्तो बुझिन्छ। यी बाहेक जुम्लामा कल्याल शाही, दाङमा थारू र बझाङ, थलरा तथा खुम्रीमा सिंह औ अन्य ठकुरीवंशको रजाइं चलेको थियो। विशाल नेपालमा बाइसे राज्य विलीन हुने समयमा डोटी, दुल्लु, बझाङ, जाजरकोट, सल्यान र जुम्ला -यी ठूला राज्य र बाजुरा, छान्ना र खुम्री साना राज्य थिए। त्यस बेलाका नेपालका संगातीमध्ये बाइसेका सल्यानले दाङ र जाजरकोटले खुम्री राज्य भेट्टाएका थिए। यसै गरी बाइसे राज्यमा उलटपलट नभएको पनि छैन। यसको एक एक राज्यको इतिहास लेखिएपछि यस प्रदेशको राम्रो इतिहासको ज्ञान हुनेछ।

कर्णाली प्रदेशका धेरैजसो वर्मन् शाहीहरूले हिजोआज "शाही" पद ग्रहण गरेका छन्। जसरी दिल्लीका मुसलमान बादशाहहरूले अधीनका राजाहरूलाई एक एक पद दिएर खुशी गराएका हुन्थे उसै गरी नेपाल दरबारले पनि कर्णालीका रजौटाहरूलाई पनि "शाह" बनाउंदै लगेका थिए। उपमालाई सल्यानकै कुरा लिऊं, लक्ष्मीपति पाण्डे जो बहादुर शाहका नजीकका मान्छे थिए उनले वि. सं. १८५० मा लेखेका थिए— "समालवंशमा जन्मेका अत्रि गोत्रका सल्यानका राजा श्री कृष्ण वर्मा हुनुहुन्छ। उहांका छोरा रणभीम वर्मन् र नाति रघुनाथ शाह हुनुहुन्छ—।" यो कुरा पूर्णिमा पूर्णांक ९ पृ. ४५,४६ मा लेखिएको छ। माथिनै भनियो मेदनि बर्मन्का साहिला भाइ सुरतान वर्मन् वा सुमेरु वर्मन्ले सामाकोटको राज्य भेट्टाउंछन्। यो सामाकोट आजतक सल्यानमा छंदैछ। लक्ष्मीपतिले बाजेलाई वर्मा, छोरालाई वर्मन् र नातिलाई एकाएक शाह भनेर लेखेका छन्। यसरी "शाह" पद नेपाल दरबारबाटै फैलिएको देखिन्छ।

वि. सं. १४१७ देखि १८४६ संम जम्मा ४२९ वर्षसंम वर्मन् शाहीहरूले कर्णाली प्रदेशको ठूलो हिस्सामा राज्य गरेका छन्। पालहरूका समयमा तयार भएको नेपालीको जातिपांति, रीतिरिवाज, धर्मकर्म र बोलीचाली वर्मन्हरूका समयमा परिपक्व भएर गण्डकी प्रदेशमा बढ्दछ अनि त्यहांबाट कोशी प्रदेशमा सर्दछ। माथिनै भनियो नेपाल (काठमाडौं) उपत्यकामा मल्लहरूको जुन स्थान छ कर्णाली प्रदेशमा वर्मन् शाहीहरूको त्यही स्थान छ।

NEPAL

(Continued)

II "Chinese and Tibetan Document"

by Sylvain Levi

The voyage of Europeans to Nepal has already brought to light the links which connect this kingdom to the trans-Himalayan countries. It is from China, by the road from Tibet, that the first European travellers has arrived; it is Lhasa that the congregation of the propaganda had designed as the metropolis of the Franciscan mission to Nepal. It is with the object of opening commercial relations with Tibet and the interior China that the British Company of East India, sent its first agent to Kathmandu. The native legend expresses the same belief. It is from China that the first colonists of Nepal arrive under the leadership of Bodhisattva Manjucri. In fact, the first definite relations between Nepal on the one hand and Tibet and China on the other, date from the VIIth century. They commence from the very day that the tribes of Tibet emerge into civilization and become an organized state. Now interrupted, now taken up again, now held up to be again renewed, these relations have regularly left their traces in the Chinese Annals. The reports on Nepal inserted in the History of the T,Ang and in the History of the Ming are models of precision and exactitude. They reflect the practical talent of the imperial race which has kneaded and formed the Far-East with as much vigour and pleasure as the Roman talent had the Occident. The pilgrims, officials complete with their observations the official documents; all these texts, scattered over a period of thirteen centuries, light up both externally and internally the history of Nepal. Without the express indication of Hiouentsang, the ancient chronology of Nepal would still remain the toy of whimsical speculations. The insertion of a date in the history of the T'Ang has sufficed to bring down the scaffolding of clever combinations. At modern times the war of 1792 which broke the Ghurka's expansion in the North of the Himalayas is only known through Chinese sources; the Nepalese chronicle is on its guard against entering into the details of an enterprise which only tends towards a lasting humiliation. Chinese reports reveal the underhanded dealings of the Ghurka Government even in the middle of the XIXth. Century and betray the secrets of the state which the Darbar firmly believed to be in its power of concealment. Tibetan literature, so little known even now, is certainly a store of precious informations for the researches to come; I was only able to borrow from it very few notes.

The relations of Nepal with China and Tibet, reflect in their vicissitudes, the great events of central Asia. Nepal, in fact, marks the extreme limit where Chinese influence can reach, at the height of her expansion. The great Imperial dynasties, the T'Ang, the Ming, the Mandchous; are alone able to inscribe Nepal amongst the tributary kingdoms. No sooner does the empire weaken, than her work gets exhausted and is lost on the vast stretch of Tibetanplateaus. In order to connect these documents to one another, I was consequently obliged to summarily retrace in this chapter the destinies

of Tibet, in the measure where they interest the very destinies of Nepal; but this account only aims at the re-establishment of the chain of facts in the light of Nepalese history; it is neither original nor complete, and has only for object the framing of notes drawn from Chinese or Tibetans texts on Nepal.

The famous pilgrim Hiouen-tsang, who visited the western countries from 629 to 644, seems to be the first traveller of Chinese nationality who had gathered informations on Nepal. His predecessor, Fa-hien, arriving in India two centuries earlier does not mention anything about Nepal in his short account on Bundhistic kingdoms and yet, his pious errand had led him to the very foot of the Himalays, in this Terrai, half-Hindu and half-Nepalese, where abound the souvenirs of Buddha; he had adored the sacred Vestiges at Kapilavastu and at Cravasti. But he had not dealt with Nepal in his itinerary and in his researches. Hiouen-tsang did not visit Nepal[1] himself but he has had several occasions to gather informations on her. either from the monks who served him as guides between Ayodhya and Vaicali in the region bordering the Himalayas or in the monastery of Nalanda wherein he sojourned for two years and where religious men from all over India would meet, or again from the princes who sought the honour of receiving him, Harsa Ciladitya and Kumara Bhaskara Varman. Kumara, king of Kamarupa, was closely in tough with Nepal; relations were thus unavoidably established between the two states.

When Narendra Deva, contemporary of Hiouen-tsang, installed in Nepal the religion of Matsyendra Natha, he brought the God "by the path of Kamarupa" according to the evidence of the Chronicle. The account of Hiouen-tsang fully confirms by its nature the express indication of the text, which he declares to be based on second hand informations. If Hiouen-tsang had vidited Nepal, he would have seen much more and better; he would have ascertained the prosperity of Buddhism, which the inscriptions place beyond doubt, and he would have verified the ancient stupas built in the valley, and firstly the famous stupa of Swayambhu Natha. Compared with the fragments of Wang-Hiuen-ts'e who was crossing Nepal at the same time that Hiouen-tsang was leaving India, the account of the pilgrim more clearly manifests its barreness wretchedness. It reflects with fidelity, the malignant prejudices of the plain against the mountain; for the refined Hindu, the rough inhabitants of the Himalaya are coarse, ugly and uncultured brutes. Nevertheless, in spite of their imperfections, this sihort chapter is the key to the structure of Nepalese history, thanks to the name of the king Amcuvarman which is mentioned therein.

"The kingdom of Ni-op-lo" (Nepala) has a circumference of about four thousand leagues. It is situated in the heart of the snowy mountains. The capital has a circuit of about twenty leagues. This country offers the spectacle of a chain of mountains and valley; the soil is productive for the cultivation of grains and abounds in flowers and fruits. Red copper is found in the soil and yaks and birds named "ming-ming" (Jivamjiva) are also found in the region. Red copper coinage is used for commercial purposes. The climate is frigid; the customs and habits are stamped with faithfulessness and perfidy; the inhabitants are naturally hard and ferocious; they do not consider good faith and justice as worth having and have absolutely no literary attainments; but they are gifted with skill and dexterity in the arts. Their bodies are ugly and their faces beastly. There exists amongst them heretics and the believers. The monasteries and temples of the Devas touch one another. One estimates about two thousand religions men who study at the same time the Great and the Small Vehicle. The number of Brahmans and Dissenters is not exactly known. The King

belongs to the caste of the "T'Sa-ti-li" (Ksatriyas) and is connected with the race of the "Li-tche-p'o" (Licchavis). His sentiments are pure and his science eminent. He had a sincere belief in the Buddha law. Lately there was a king named "Yang-Chon-fa-mo" (Amcuvar man) who was distinguished by the firmness of his knowledge and the sagacity of his mind. He had himself composed a Treatise on the science of sounds (Cabda Vidya castra). He had an esteem for science and respected virtue; his reputation had spread in all parts. "To the South-East of the capital there is a little pond. If fire is thrown in, a brilliant flame immediately rises up on the surface of the water; if other objects are thrown in they change their nature and become fire."

Whilst Hiouen-tsang, bound by an old agreement, was returning to China by the indirect way of Pamir, a Chinese embassy was slowly travelling towards India by the road through Tibet. Li-I-piao commanded it, together with Wang Hiuen-t'se who acted as second and twenty two other men to serve as an escort. The embassy was bringing back to India a Brahman, who had been sent as an official Guest of the Empire. The road it travelled by hand not yet been crossed by man; recent and great events had almost suddenly opened it. At the end of the VIth century, uncultured and barbarous Tibet had organised herself as a nation. The second king of Tibet, Srong-tsan Gam-po, had founded Lhasa, extended his Empire far and wide, crossed over the Himalaya, attemp ted to demonstrate to Nepal the growing strength of his arms (weapons); conqueror, he had demanded from king Amcuvarman, the hand of his daughter. Then he turned against the Chinese, and dared to reclaim from the family of the T'ang, a princess of imperial blood for spouse, and succeeded, in having his wishes obeyed, by his continual victories. The two queens whom a common fate had brought together from the ends of the horizon under this talented barbarian had in common an ardent zeal for the Buddhistic faith; they had each brought away from their countries, their idols, their rites and their sacred books. Srong-tsan Gam-po, allowed himself to be won over by their influence, which in reality served his ambitions. Converted to Buddhism with his people, he kept on good terms with his neighbours of India and China. Henceforth a continuous road, dotted with monasteries and chapels led from the central Empire to Hindustan in passing through, Lhasa. Li-I-pias's mission at first followed the road which had been trodden by the cortege of the princess Wen-tch' eng in 641; after Lhasa it reached the Himalayas and crossed over it by the Kirong pass, which read the cortege of the Nepalese[2] princess had followed. Nepal was thus reached. Li-I-pias and his companions were entertained both on their arrival and departure by king Narendra Deva who took pleasure in showing his guests the curiosities among others the flaming stream, the description of which had already amazed Hionen-tsang.

The mission had hardly returned when T'ai-tsoung, satisfied with the results obtained, sent another mission to Magadha. Wang Hiuen-ts'e was in command this time, assisted by Tsang Cheu-jenn as second; accompanied with an escort of thirty cavalary men. But Harsa Ciladitya died before the arrival of the embassy; the minister who had usurped the vacant throne did not scrupule himself in asking the investiture from the T'ang; he mistrusts the future power which striven to intervene in the affairs of India.

He attacks the mission, massacres the escort, plunders the treasure; the envoy and his second escaped in the darkness of the night. Fortunately for Wang-Hiuen-t'se and for the honour of China, Nepal in close; Srong-tsan Gam-po, the ally of the imperial family, is quickly informed. Tibet gives Wang-Hiuen-t'se 1200 soldi-

ers, Nepal, 7000 horsemen. At the head of this little army, the Chinese envoy rushes on Magadha, disperses the Indian troops, captures the capital and the usurper and brings the latter back trumphantly into China, which he reaches in 648. Wang was further entrusted with a third mission to the "Western countries" (India) and passed once again through Nepal in 657. Returning definitely to his motherland, he published in 665 a memorandum of his journeys, unfortunately lost. Among the rare fragments preserved by citations, several deal with the wonders of Nepal and show the great attention developed by the embassy when visiting the country.

I. "The Si-Kous-hing-tchoan" of Wang Hiuen-t'se says: The second year Hiuen-King (657), an imperial order sent Wang Hiuen-t'se and others in the kingdoms of the West to offer a kasaya to Buddha. They went to Nipolo (Nepala) towards the south-west. Arriving that "p'ouo-lo-tou", they reached the bottom of a depression to the East of the village. They found there a small lake of water on fire. If the fire was taken in the hand to illuminate it, suddenly on the surface there appeared a dazzting fire which shot out from the very bosom of the water. If water is sprinkled over it to extinguish it, the water turns into fire and burns; the Chinese envoy and his attendants placed over it a pot and thus cooked their food. The envoy questioned the king of the country; the king replied to him: Once upon a time, in hitting repeatedly with a rod, there would appear a casket of gold, an order was given to a man to have it removed outside. But each time it was removed, it would punge back into the waters. Tradition says that it is the gold from the crown of "Moi-le-p'ou-sa" (Maitreya Bodhisattva) who must come to perfect and complete the road. The Naga of fire protects and defends it; the fire of this lake, is the fire of the Naga of fire."

II. "To the south-east of the capital, at a short distance, there is a lake of water and of fire. In going one league towards the east, one find the fountain "Aki-po-li" (the ya youen-tchou-lin" shows: A-ki-po-mi; same alternance as in the two essays of the History of the T'ang'). The circumference is 20 pou (40 paces). In the dry as well as in the rainly weather it is deep; it does not flow, but boils all the time. If one holds live fire in the hand, the whole pond takes fire; the smokes and the flames rise several feet in height. If water is sprinkled over this fire, the fire becomes more intense. If powdery mud is thrown in, the flame goes out but the mud turns into ashes. If a pot is placed over this fire to cook food, the food gets all cooked. At one time this fountain contained a casket of gold. A king ordered that this casket thould be taken out. When it was taken out of the fire men and elephants handled it without succeeding in taking it out completely. And at night a supernatural voice spoke: Here is the crown of Maitreya Buddha; the human beings cannot assuredly get at it, since it is defended by the Naga of fire.[3]

"To the south of the town, at a distance of more than 10 leagues, is a mountain quite isolated and covered with an extraordinary vegetation; temples are disposed in numerous stages and look like a crown of clouds. Under the pine and bamboo trees, fishes and dragonets, tame and confident, follow man. They approach the man and receive food from him. He who hurts them in any way causes the ruin of his kindred.

"Recently the orders from the Empire passed through this kingdom and from there spread far and wide. Now it depends on Tou-fan (Tibet)."[4]

III. "In the capital of Nepal there is a construction of stories (floors) which is above 200

tch'eu in height and 80 pou(400 feet) in circuit, ten thousand men can find room underneath it. It is divided into three terraces, and each terrace is divided into seven stories. In the four pavillions, there are works of sculpture to astonish you. Stones and pearls decorate them."

Together with the Imperial court, the Buddhistic church of China profited by the road that had just opened under the auspices of the two devout queens. Influenced by the example of Hiouen-tsang whom the motherland had honoured on his return, after an absence of sixteen years as a here and saint, led away towards the Holy Palaces of Buddhism by an outbrust of fervour which evokes the memory of Europe during the Crusades, defended against the risks of a long route by the still recent prestige of a new dynasty, a most of pilgrims unknown artisans of Chinese expansion were then crossing all the paths that led from China to India.

Nepal has seen many pass and was hospitable to them. The most mysterious and greatest among them, was Hiuen-tsang; leaving China towards 640, he had travelled by Tokharestan and Tibet; the Chinese Princess whom Srong-tsan Gam-po had espoused, provided him with an escort to guide him into Northern India. Wang Hiuen-ts'e, in the course of one of his missions had heard a good deal of proud talk about the piety of this religious man. He alluded to them in his report to the throne and he received an order to bring back Hiuen-tch'as to the capital. Hiuen-tch'as recalled by the Emperor" passed by the kingdom of Nepal; the king of this country gave him an escort which accompanied him right up to the Tibetans. He found again the princess Wen-tch'eng (the queen) who gave him many presents, treated with honour and supplied him with means to return in the country of the T'ang. "He took nine months to travel from Northern India to Lo-Yang which he reached in 664-665.

He must have crossed through Nepal at the end of the year 663. An order from the Emperor sent him almost immediately to India; he followed this time the path which Hiouen-tsang had taken on the Western slopes of the Pamir, crossed the Indus and proceeded to scjourn at the great Buddhistic University of Nalanda in Magadha. It is there that he was met, between 675 and 685, by the illustrious emulator of Hiouen tsang, I-tsing, who was undergoing laborious and fruitful studies. But when Hiuen-tch'as thought of returning, Central Asia had suddenly changed its aspect. Islam hardly established was just entering the scene: "On the road to Kapica, the Arabs stopped the people. Tibet had fallen out with China· "On the road to Nepal, the Tibetans had gathered in ma's to make an obstacle and prevent people from passing". Of all the paths of the day before, there only remained the path of the Sea. Hiuen-tch'as had no time to undertake it. He fell ill and died in Central India.

Other religions men had still managed to cross over at the propitious moment. Between 650 and 655, a monk, native beyond China, leaving Corea, Hiuen-t'ai, crossed over Nepal to reach central India. At the same time, Tao Fang travels to Magadha by the way of Nepal; he sojourns for several years at the convent of Mahabodhi, then returns definitely into Nepal. He was still there in 690. Perhaps he loved to meet again the God of his cradle, Manjucri, venerated on the heights of the Ou-t'ai chan, in the ward of Ping where he was born, and whom Nepalese Buddhism also venerates as a kind of patronal divinity. It is also from the same district of Ping that came the religions man Taocheng- who travelled towards Nalanda, a little while before the year 650 by the way of Tibet and Nepal. On his return journey he only saw Nepal again to die at the age of 50 years. Nepal was also fatal to Matisimha, native of Tch'ang-ngan, who came to die in Nepal at 40 years of age whilst he was returning to

his mother-land, and also to Hiuen hoei, who was returning from the monastery of Mahabodhi and was only 50 years old when he died in Nepal. Undoubtedly, physically worn out by the Indian climate, they contracted deadly fevers while crossing Terai. The Nepalese monasteries also received as guests, two Chinese who were half Tibetians already; their mother was the wetnurse of the "Tibetan princess". One of them still resided in Nepal in the Civavihara, when I-tsing was in India.

As soon as Nepal had learnt the power of the Chinese Empire, she had hastened to seek the protection of the distant sovereign who was able to defend him against the ovetousness of the Hindus and the Tibetans, without threatening from too near her independence. The king Narendra Deva, who had welcomed with deference the mission of Li-I-pias towards 644, sent in 651, an ambassy to take to the son of Heaven his respectful gifts. India and China at that moment seemed to seek and call each other and to unite to work out in common a superior form of civilization; the patient work of the apostles and pilgrims which was carried out in central Asia for the past five centuries, was about to bear its fruits. A neighbour of Nepal, a Hindu prince who pretended to be connected with a dynasty of four thousand years old, the most powerful vassal of the Emperor HarsaCiladitya, Kumara Bhaskara Varman, king of Kamarupa, bestowed kindnesses on the Chinese who crossed over to India-were they official envoys like Li-I-pias and Wang Hiuents'e or monks like Hiouen-tsang and Tao-cheng. In spite of his devotion to the orthodoxal doctrines of Brahmanism, he solicited from the Imperial Monarch the favour of a sanscrit translation of the works of Lao-tzen. The metaphysical mysticism of India and the vigorous realism of China placed in contact was able to create a harmonious world of worship and action in the Far-East. The Arabs and the Tibetans sprang up suddenly to annihilate this wonderful dream in emulation of one another. Half a century had sufficed to bring the furious onslaught of Islam to the very feet of the Pamir, half a century had sufficed to establish on the frozen plateaus of Tibet a rival power to the Tang. China who was humble, retreated. It is in vain that three times, between 713 and 741, the centre and south of India pleaded for help from the Empefor whom they still believed omnipotent, against the two enemies who threatened their frontiers. The descendant of T'ai-tsang, Hiuen-tsang was pleased to concede to the Hindu armies a title of honour. India understood this avowal of powerlessness. "From the year 760, the kings of India stopped visiting the court"[5]

On the collapse of the T'ang dynasty, at the beginning of the Xth century, relations between Nepal and China were suspended for two hundred and fifty years, but the Imperial records had preserved the informations which were gathered about the small kingdom of the Himalayas, either by official reports, or by the accounts of travellers. When the new dynasty undertook, according to the procedure, to record the history of the T'ang which it has replaced it also inserted in the geographical section a note on Nepal, drawn up by the help of these materials. The Memorandum of Wang Hiuen-ts'e has undoubtedly furnished the major portion.[6]

The kingdom of "Ni-po-lo (Nepal) is due west of T'ou-fan (Tibet).[7] The inhabitants are accustomed to shave their hair to be very edge of their eye-brows; they pierce their ears and introduce in the performation little bamboo tubes or bull's horns. It is a sign of beauty to have one's ears hanging to the shoulders. They eat with their hands, without utilizing sppoon or sticks. All their utensils are made of copper.

The merchants whether itinerant dealers or established ones are numerous; the cultivators are few.[9] They have copper coins which bear on one side the face-of-man, and on the reverse,

a horse.[10] They dress themselves with one piece of cloth which covers their body. They bath several times daily. Their houses are built of wood; the walls are sculptured and painted. They are very fond of scenic sports, are pleased to blow the horn and to beat the drum.[11] They are fairly conversant with the reckoning of fate and in the researches of physical philosophy. They are equally smart in the art of the calendar.[12] They venerate five[13] celestial beings and carve their images on stone; each day they wash them with a purifying water. They cook a sheep and offer it as a sacrifice.

"Their king 'Na-ling ti-po' (Narendra Deva) wears real pearls, rock-crystals, mother-o-peral, corals and amber;[14] he has golden ear-rings and jade pendants, trinkets to his waist-belt, adorned with a "Foutour" (Buddha). They sit on a seat supported by lions (Simhasana), in the interior of the hall flowers and perfumes are sprinkled.

The eminent people, the officers and the whole court are sitting to the right and to the left on the ground; on their sides are drawn up hundreds of armed soldiers.

"In the centre of the palace, there is a tower of seven storeys, covered with copper tiles. Balustrades, railings, columns, beams are all encrusted with stones and jewels. To each of the four corners of the tower is suspended a copper tube; below, dragons of gold spurt out water. On the top of the tower, water is poured in the troughs; from the dragons mouth they gush out as they would from a fountain.

"The father of 'Na-ling ti-po' was dethroned by his younger brother;[15] 'Na-ling ti-po' had to flee to escape from his uncle. The T'ou-fan gave him a refuge and re-established him on his throne; he became consequently their vassal. In the Tcheng-Koan period (627-649) Li-I-pias, military officer of the Emperor sent in an Embassy to India, passed by this kingdom. 'Na-ling ti-po' welcomed him profusely; he went out with Li-I-pias to visit the pond 'A-ki-po-li;[16] this pond has a circuit of about twenty paces; the water is constantly on the effervescence. In spite of its running outflow, it drags helter-skelter burning stones and the heated metal. The water does not diminish or increase in volume. If any object be thrown in, vapours and flames spurt out; if a pot be placed over it, the cooking is done in a short time.[17] Later on, when Wang-Hiuen-ts'e was plundered by the Indians, Nepal despatched horsemen with the T'ou-fan; together they threw the Indians into disorder and won a success. The second year of the Youg-hnei period (651) their king "Chili Na-lien-to-lo" (cri Narendra) sent again an Embassy to offer his homage and his presents,"

Isolated from China from the end of the VIIth century, Nepal remains attached to Tibet as vassal and as religious preceptor. Tibet converted to the Buddha doctrine, wishes in her zeal to know and study it entirely; she asks from the Nepalese monasteries, translators (lotsavas) initiated in the mysteries of the Tantras. But the Tibetan literature is still almost unexplored; her history is still to be entirely written. She will not however fail to enrich some day, our knowledge on the past of Nepal. The only missionary whose itinerary we can follow across Nepal, is the famous Pundit Atica who crossed over from India into Tibet in about the middle of the XIth century, Atica, the first at that date of the founders of Tibetan Lamaism came from the monastery of Vikrama Cila, in Magadha. Recalled by the king Lha Lama Jnana racmi (or Gurei), who reigned in the province of Ngari, in the extreme West of Tibet, Atica selected the road of Nepal in spite of the circuitous path it led him to, with the view of adoring the most holy sanctuary of Swayambhu Natha, in the neighbourhood of Kathmandu. He crossed over the frontier between India and Nepal near Cindila Karama, journeys up to

Nepal; then he travels to the west towards Palpa, for the purpose of giving his homages to the Sovereign king of Nepal, who held his court. The king received him with great pomp and made him a present of his own elephant and gave him an escort of 425 people to accompany him upto lake Manasa (Manasarovar), probably by the passes of Mastang.[18]

